साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क १३ ✪ ८ वैशाख २०८३, मङ्गलबार ✪ 21 April 2026, Tuesday ✪ मूल्य रू. १०।-

## कालो धन जफत गर्न के सरकार सफल होला ?

सरकारले भ्रष्टाचार नियन्त्रण गर्ने ध्येयले ०६२/०६३ सालदेखि हालसम्मका उच्चपदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा एक उच्चस्तरीय सम्पत्ति जाँचबुझ छानबिन आयोग गठन गरेको थियो। पूर्वन्यायाधीशद्वय पुरुषोत्तम पराजुली र चण्डीराज ढकाल, पूर्वडीआईजी गणेश केसी तथा चार्टर अकाउन्टेन्ट प्रकाश लम्साल रहेको उक्त आयोगले दोस्रो चरणमा २०४६ देखि ०६२ सम्मका उच्चपदस्थको सम्पत्ति छानबिन गर्नेछ । देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्ने उद्देश्यले उक्त आयोग गठन गरिएको हो। आयोगले क-कसलाई उच्चपदस्थ व्यक्तिहरू मान्ने हो ? छानबिनको थालनी कोसँग कहिलेदेखि गर्ने हो ? सोको जानकारी प्रकाशमा आएको छैन ।

छानबिनको क्रममा आयोगले कुनै उच्चपदस्थ व्यक्तिलाई पदको दुरूपयोग गरी सम्पत्ति आर्जन गरेको दोषी ठहऱ्याएमा सो सम्पत्ति के गर्ने हो ? उनीमाथि कस्तो सजाय हुने हो ? जनतामा खुलदुलीको विषय बनेको छ। ठोस प्रमाणसहित अवैध सम्पत्ति पत्ता लगाउन सकेमा आयोगले त्यो सम्पत्ति के गर्नको निम्ति सल्लाह सुझाव दिने हो ? कालो धन खोजी गर्न गठित आयोगले पूर्वप्रधानमन्त्री, मन्त्री, सचिवलगायत हजारौँको सम्पत्ति छानबिन गरेर कारबाहीको प्रक्रिया कसरी अघि बढाउने हो ? त्यो अर्को चर्चाको विषय बनेको छ। के फेला परेको कालो धन राष्ट्रियकरण होला ? के कालो धन जफत गर्न सरकार सफल होला ? आयोगले केको आधारमा अवैध सम्पत्ति आर्जन गरेको थाहा पाउने हो ? आयोगले के निष्पक्ष ढङ्गले सम्पत्ति छानबिन गर्ला ? आदि प्रश्नहरू तेर्सिएका छन् ।

सम्पत्ति छानबिन आयोग जनतामा विश्वास दिलाउन मात्र गठन गर्ने होइन । समितिलाई देखाउने दाँत बनाउनु हुँदैन । सरकारले काम थालेको देखाउनमात्र समिति गठन गर्ने होइन । समिति गठन गरेर कारबाहीको प्रक्रिया अघि बढाइँदैन; अघि बढाइएको जस्तो गरेर छानबिन मात्र हुन्छ, सत्यतथ्य उजागर गर्दैन भने छानबिन आयोग गठनको खासै अर्थ हुँदैन । पूर्वउच्चपदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्दैमा, दुई चार जनालाई कारबाहीको सिफारिस गर्दैमा

*बाँकी पृष्ठ १२ मा*



क्युवाको बायामो प्रान्तमा 'गृहभूमिका लागि मेरो हस्ताक्षर' अभियानका क्रममा हस्ताक्षर गर्न जम्मा भएका क्युवाली किसानहरू अप्रिल १९, २०२६ का दिन । अमेरिकी सैनिक आक्रमणको सामना गर्न र शान्ति तथा समाजवादी क्रान्तिको रक्षाका निम्ति उक्त हस्ताक्षर अभियान क्युवाभरि चलिरहेको छ ।

*तस्बिर : ग्रान्मा इन्टरनेशनल*

## हरेकले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा नेपाल नगरपालिका कर्मचारी एशोसिएसन, भक्तपुर नगरपालिका समितिको आयोजनामा नव वर्ष २०८३ र बिस्का जात्राको अवसरमा शुभकामना आदानप्रदान तथा ३० वर्ष सेवा अवधि पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरूलाई कदरपत्र वितरण कार्यक्रम चैत ३० गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले देश विकासको लागि हरेक क्षेत्रमा सन्तुलित विकास हुन जरुरी छ भन्दै उहाँले नपाले नगरवासीहरूको हितमा निरन्तर कार्य गरिरहनुपर्नेमा जोड दिनुभयो ।

पालिकामा स्थानीय कर्मचारीहरू भए समस्या बुझ्न सजिलो हुने उल्लेख गर्दै उहाँले जनतासँग प्रत्यक्ष सरोकार राख्ने नक्सा शाखा, वडा निरीक्षक र सफाइ कर्मचारीहरूले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक गर्नुपर्ने तथा नगरमा भइरहेको गतिविधिबारे जानकार हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले विद्यालय तहबाटै सफाइबारे जनचेतना जगाई नागरिक भावनाको विकास गराउनुपर्ने विचार व्यक्त गर्दै विद्यालयले नियमित सफाइ अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

भनपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाबाट सेवा निवृत्त कर्मचारी र कार्यरत कर्मचारीले आ-आफ्नो अनुभव र सिकाइलाई लिपिबद्ध गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले कर्मचारीहरूको व्यवहार परिवर्तन गर्न आफूमा भएको राम्रो पक्षलाई बलियो बनाउनुपर्ने र नकारात्मक पक्षलाई सुधार गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले कर्मचारीहरूले शिष्टता र नम्रतापूर्वक सेवा प्रवाह गर्नुपर्ने विचार व्यक्त गर्दै यसलाई निरन्तरता दिन जनप्रतिनिधि र कर्मचारीहरूले आ-आफ्नो जिम्मेवारी निभाउनुपर्नेमा जोड दिनुभयो । उहाँले 'सय वर्षपछिको भक्तपुर' पुस्तकले भक्तपुर नगरपालिकाको भावी कार्ययोजनालाई मार्गनिर्देशको रूपमा लिई कार्य गर्दै आएको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइलगायतका उदाहरणीय कार्यबाट देशभरिकै स्थानीय तहलाई सिकाइ प्रदान गरिरहेको चर्चा गर्दै कर्मचारीहरूले सेवाग्राहीको मनोभावना र आवश्यकता बुझेर कार्य गर्नुपर्ने बताउनुभयो । उहाँले जनगुनासो बढ्न नदिन सतर्कता अपनाउनुपर्ने बताउँदै जात्रा पर्वहरूमा सफाइ कर्मचारीहरूले संयमित भएर कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सेवा निवृत्त कर्मचारीहरूलाई अवकाशपछि सुखमय जीवनको कामना गर्दै कार्यरत कर्मचारीले सदाचार, अनुशासित र कर्तव्यनिष्ठ भई आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले सेवा प्रवाहलाई छिटो छरितो र चुस्त बनाउन कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण र ध्यान दिनुपर्नेबारे चर्चा गर्नुभयो ।

## इन्धनको मूल्य बढ्नुमा ट्रम्प प्रशासन दोषी

भक्तपुर । बिस्का जात्रा र नयाँ वर्ष २०८३ को शुभकामना तथा फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा नेमकिपालाई सहयोग गर्नुहुने महानुभावहरूलाई चैत २९ गते धन्यवाद ज्ञापन कार्यक्रम गरिएको छ ।

नेमकिपा भनपा वडा नं. २ एकाइ समितिको आयोजनामा भएको उक्त कार्यक्रममा पार्टी सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीको निर्वाचन चिह्न 'मादल' मा छाप हाल्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै नेमकिपा देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको पार्टी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपाले चुनाव जित्न झूटा आश्वासन दिने, आतङ्क मच्चाउने, कुनै शक्तिको सामु झुक्ने गर्दैन । नेमकिपाले निर्वाचनमा घोषणापत्रअनुसार जनतासँग मत मागेको हो ।"

नेपालीलाई योग्यताअनुसार काम र कामअनुसारको पारिश्रामिकको व्यवस्था गर्न नेमकिपाको घोषणापत्र नै कार्यान्वयन हुनु आवश्यक भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "भक्तपुर सांस्कृतिक नगर र विश्व सम्पदा सूचीभित्र परेको सहर हो । यसको संरक्षणमा सबै नेपाली सचेत हुनु आवश्यक छ । व्यवस्थित आवास विकास संसारको सबै देशमा भइरहेको छ, नेपालमा पनि हुनु स्वाभाविक हो ।"

उहाँले भन्नुभयो, "संरा अमेरिकी ट्रम्प प्रशासनले इरानको इन्धन कब्जा गर्न इरानमा सैनिक हमला गरेको हुँदा विश्वमै इन्धन र खाद्यान्न अभाव भयो । नेपालमा पनि इन्धनको मूल्य बढ्यो । यसको दोषी ट्रम्प प्रशासन नै हो । इरानले ट्रम्प प्रशासनलाई गतिलै जवाफ पनि दियो । यसबाट आक्रोशित ट्रम्प प्रशासनले इरानलाई ढुङ्गे युगमा फर्काउने र इरानको सभ्यता नष्ट पार्ने धम्की दियो । यसपछि लाखौँ लाख इरानी जनता देशको रक्षा गर्न झन्डा बोकेर सडकमा ओर्लेर ट्रम्प प्रशासनलाई जवाफ दिए । यो घटनापछि नेपालमा चर्चा चल्यो, "भदौ २४ गते केही नेपाली देशको झन्डा बोकेर देश जलाउनेमा लागे; इरानका जनता झन्डा बोकेर देश रक्षा गर्न लागे ।"

सचिव सुवालले भन्नुभयो, "बेलायती लेखक Wo Somerset Maughan ले भनेका छन् - पाँच करोड मानिसले समर्थन गरे पनि मूर्खतापूर्ण कुरा सत्य हुँदैन । नेपालमा निर्वाचनपछिको सरकारलाई यही रूपमा हेरिँदै छ । नयाँ सरकार गठनसँगै विदेशी ऋण अर्बौं रुपैयाँ बढ्यो, महँगी बढ्यो, शैक्षिक अराजकता बढ्यो । नयाँ सरकार पनि पुरानै सरकारको निरन्तरता भयो । जनतालाई योग्यताअनुसार काम र कामअनुसार पारिश्रामिकको व्यवस्था गरिएमात्र नयाँ सरकारको छनक देखिनेछ ।"

भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीका दोषीहरूलाई कारबाही हुनु आवश्यक भएको र दोषीलाई कारबाही नभए नेपालमा अराजकता बढ्ने उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "प्रजग कोरिया युद्धविरोधी र आत्मनिर्भर देश हो भने त्यहाँ योग्यतानुसार रोजगारी र

*बाँकी पृष्ठ १२ मा*

## विदेशीको इसारामा चल्ने देश स्वतन्त्र नहुने



कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा मतदातालाई धन्यवाद, केन्द्रीय समितिको बैठकको सन्देश र नव वर्ष २०८३ को शुभकामना कार्यक्रम लम्किचुहा ५ चौँरीमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा कैलाली संयोजक रमेशकुमार रावलले नेमकिपाको मुख्य उद्देश्य भनेको नि:स्वार्थ रूपमा जनताको सेवा गर्ने भएकोले जनताको सेवामा नेमकिपा सधैँ लागिपर्ने बताउनुभयो ।

समाजवादी व्यवस्थाले मात्र कामदार जनताको सेवा गर्न सकिने भएकोले समाजवाद र पुँजीवादको फरकबारे जनतालाई सचेत गर्नु अहिलेको आवश्यकता हो, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय सहसचिव लक्ष्मी पुन मगरले विदेशीको इसारामा चल्ने देश स्वतन्त्र नहुने भएकोले वैदेशिक हस्तक्षेपको विरोध गर्नु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कैलालीका सदस्य तारा तिरुवा, नेक्राकिसङ्घका रणबहादुर रोकायलगायतले बोल्नुभएको थियो ।

**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


भी. आई. लेनिन

क्रान्तिको प्रत्यक्ष अनुभव हासिल गर्नु त्यसको बारेमा लेख्नुभन्दा बढी रोमाञ्चक र उपयोगी हुन्छ ।

## सम्पादकीय

# सत्ता गुलाबको ओछ्यान होइन !

महानिर्वाचनको 'घोषणापत्र' वा 'वाचापत्र' मा जेसुकै लेखिएको भए पनि सरकारमा गएपछि ती 'वाचापत्र' वा 'घोषणापत्र' अनुसार शासक दलहरूले काम नगरेको बारे आज सचेत नेपाली जनतामा कुनै भ्रम बाँकी रहेन । यसकारण, वर्तमान सरकारले जे जस्तो कर्म वा कुकर्म गरेर भए पनि निर्वाचनमा झन्डै दुईतिहाइ ल्याएको हुँदा जनताको आधा मनले वाचा पूरा गर्लान् भने विश्वास गर्छ भने आधा मनले गर्दैनन् । सबै दलहरू उस्तै हुन्; खाली लुगा मात्रै फेरिएको होइन भनी पटक्कै विश्वास गर्दैनन् - सरकारका दलहरूलाई !

यसको कारण हो, अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकालाई संसारमा थप उज्यालो बनाउने भनी अनेक फूलबुट्टा भरेर जनतालाई चित्त बुझाउन खोजेका थिए तर व्यवहारमा आफ्नो देशका मात्रै होइन विदेशमा पनि हिजोका प्रजातन्त्रविरोधी तानाशाहहरूले जस्तै आफ्नो इच्छा र मनको कुरो फलाकेर देशको प्रतिष्ठा र राष्ट्रपतीय पदलाई पनि प्रश्न चिन्ह लाग्ने गरी एकपछि अर्को देश र छिमेकीहरूलाई तर्साउँदै र धम्की दिँदै आक्रमणहरू गर्दै गए ।

संसारका सबै सचेत जनता ट्रम्पको लहडी निर्णय र कुरा फेर्दै जाने कार्यशैलीको कारण अमेरिकी राष्ट्रपतिको गरिमालाई समेत प्रचार गरेजस्तै होइन रहेछ भन्ने कुरो बुझ्दै गए । नेपालका वर्तमान सरकारलाई पनि कस्ता-कस्ता कहाँ गए; भर्खर आएका युवाहरू रहर मात्र पूरा गर्न आएका हुन् भनी निराश भएर राजनीतिप्रति थप अनास्था प्रकट गर्न थालेको पत्रकारहरूको अनुभव छ ।

अमेरिकी निर्वाचनजस्तै भारतको निर्वाचनमा पनि संसारभरका जनता ठुलो चासो राख्ने गरेको बारे सबै जानकार छन् । संसारको सबभन्दा बढी जनसङ्ख्या भएको देश भारतको आधा जनता एक छाक खान्छन् र वर्षको लाखौँ किसान ऋण तिर्न नसकी आत्महत्या गर्छन् । यो अवस्था संसारको निम्ति भारतीय गरिब जनताबारे जानकारी राखेकै हुन्छन् तर भारतीय जनता पार्टीको सरकार गद्दीमा बसेको पनि दुई दशक पार गरिसकेको छ, भारतका गरिब जनताको जीवनमा कुनै तात्त्विक परिवर्तन भएको छैन भन्ने जानकारीबाट विदेशका लाखौँ र करोडौँ जनता पनि निराश मुद्रामा रहन्छन् । हुन पनि भारतको वर्तमान सरकारले कहिले पनि देश र गरिब जनतालाई मौलिक परिवर्तन गर्ने सङ्केत वा भाषाले वचन दिएको छैन । जसरी भारतीय आन्दोलन गरेका राजनीतिक दलहरूले बेलायती उपनिवेशवादी सरकारको विरोधमा अन्तिम उपनिवेशवादी शासनलाई उखेलेर फाली हाल्छौ भनी विश्वास दिलाएका थिएनन् । किनभने, गान्धीजीदेखि अन्य सबै प्रकारका स्वतन्त्रता आन्दोलन गर्ने भारतीय दलहरूले अङ्ग्रेजी राजलाई फालेरै पठाउँछौ भनी वाचा गरेकै थिएनन्, अङ्ग्रेज राजलाई खाली असहयोग मात्रै गरेका थिए । गान्धीजीले पनि त्यस्तो आमूल परिवर्तनको 'स्वतन्त्रताको विजय हुन्छ' भन्ने सपना बोकेकै थिएनन् बरु अङ्ग्रेजसँगै मिलेर मेलमिलापको वातावरणमा अङ्ग्रेजहरूबाट मिलेर राज गर्न सक्नेसम्मको मात्रै कल्पना गर्थे ।

बस, त्यस्तै नेपालका नाम कमाएका दल र नेताहरूले, नेतृत्व गरेका प्रधानमन्त्रीहरूमध्ये कसैले पनि आमूल परिवर्तन गर्नमा सफलता प्राप्त गर्छौं भन्ने सपना देखेका थिएनन् । परिणाम प्रस्ट छ, पदमा राख्दैमा वा प्रमाणपत्र दिँदैमा सबै योग्य र व्यवहारिक हुने भए विद्यालय, विश्वविद्यालय र वर्षौंको अध्ययन र व्यवहारमा खारिनुको अर्थ के होला ! केही उदाहरणहरू समाचार शीर्षकले प्रस्ट बोल्छ -

(क) 'अस्पतालमा पनि अब सातामा दुई दिन बिदा' (नयाँ पत्रिका, ४ वैशाख २०८३) । रोगी नभएको भए पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मानिसहरू किन काठमाडौँका वीर अस्पताल र शिक्षण अस्पताल एवम् गंगालाल अस्पतालमा धाउँथे ?

(ख) 'स्थानीय तहको एकल अधिकारमा सङ्घीय हस्तक्षेप', (राजधानी ६ वैशाख २०८३) । सत्तामा बस्दैमा सबै ठीकठाक हुने भए प्रचण्ड र ओली किन हार्थे !

(ग) 'पाठ्यपुस्तकमा व्यापक कालोबजारी' 'सरकारले गर्ला त कारबाही ?' ( नेपाल समाचारपत्र ६ वैशाख २०८३) । भ्रष्टाचार र काला व्यापार रोक्ने र नियन्त्रण गर्ने आश्वासन कहाँ गयो ? जनताको मुख मुखमा प्रश्न छ ।

(घ) पाँच महिनामा पुँजीगत खर्च १९.२४ प्रतिशत मात्रै' (नयाँ पत्रिका, २ चैत २०८२) त्यसैले भनिन्छ, सत्ता गुलाबको ओछ्यान होइन ! विश्व बैङ्कलाई गुहार माग्नुको अर्थ नेपालको ऋणमा 'थप ३ खर्ब ऋण लिनु हो - जेनजी आन्दोलनको क्षतिको मर्मत गर्न ! कसले हार्‍यो ? नेपाल र नेपाली जनताले हारे । जित्यो कसले ? हिजोका सरकारका प्रमहरू र वर्तमान सरकारले ?

# भदौ २३ र २४ गतेको घटनाबारे जाँचबुझ आयोगको सम्बन्धित व्यक्तिसँग बयानको सार सङ्क्षेप -

*(पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा २०८२ भदौ २७ गते गठन भएको निर्वाचन सरकारले २०८२ असोज ५ गतेको दिन भदौ २३ र २४ गतेको 'जेनजी आन्दोलन' को क्रममा काठमाडौँलगायत देशको जिल्ला-जिल्लामा भएको भौतिक एवम् मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न जाँचबुझ आयोग गठन गर्‍यो । सो आयोगले सम्बन्धित व्यक्तिसँग लिएको बयानको सार सङ्क्षेप यहाँ प्रकाशित गरिएको छ ।*

*यो प्रतिवेदनमा भदौ २३ गते भएको हत्याका केही दोषीलाई कारबाहीको सिफारिस गरिएको तर भदौ २४ गतेको देशभरि आगजनीको छानबिन गरिए पनि दोषीलाई कारबाहीको सिफारिस नभएको तथा प्रतिवेदन निर्वाचन अगाडि नै सार्वजनिक नगरिएकोमा आलोचना पनि भइरहेको छ । भदौ २३ र २४ गतेको उपद्रवबारे राष्ट्रिय मानव अधिकार आयोगबाट तयार प्रतिवेदनसमेत निर्वाचनपूर्व सार्वजनिक हुनुपर्नेमा नभएको हुँदा सो प्रतिवेदन तत्काल सार्वजनिकको लागि आवाज पनि उठिरहेको छ ।)*

**राष्ट्रपति रामचन्द्र पौडेल** - तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको राजीनामा स्वीकृतिका लागि दिउँसो करिब २:४५ बजेको समयमा पत्र आएको र करिब २:५० बजे प्रधानमन्त्रीको राजीनामा स्वीकृत भएपछि करिब ३:०० बजे हामी राष्ट्रपति निवासबाट नेपाली सेनाको सुरक्षित स्थानमा गएका थियौँ ।

कार्यकारी भूमिकामा रहने पदाधिकारीमाथि उठेका प्रश्नहरूको दायित्व प्राप्त व्यक्ति तथा संस्थाको जिम्मेवारी समयमा पूरा नभएको कारण समस्या आएको हुन सक्दछ । समयमै राजनीतिक निकास निकाल्न सकिएको भए सायद त्यस दिन कम क्षति हुन्थ्यो कि भन्ने परिकल्पना गर्न सकिन्छ ।

**तत्कालीन प्रम केपी शर्मा ओली** - भदौ २३ र २४ गते देशमा अकल्पनीय र बर्बरतापूर्ण घटना घट्यो । घुसपैठ समूहलाई आन्दोलनबाट फाइदा भएको थियो । जेनजीहरूले आफ्ना मागहरू अपहरण भयो, हाम्रो उद्देश्य यस्तो थिएन भनेकै छन् । भदौ २२ गते राति छलफलमा सुरक्षा निकायबाट ६-७ हजार जेनजी आई शान्तिपूर्ण प्रदर्शन हुने भनिएको हो । भदौ २४ गते मैले राजीनामा दिएको छु । म बाधक भएको कारणले त्यो आन्दोलन भएको भए मेरो राजीनामा पछि सबै ठीक हुनुपर्ने तर भएन ।

**राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल (माओवादी)** - भदौ २४ गते प्रतिकूल परिस्थिति सिर्जना भएपछि म परिवारसहित सुरक्षा निकायकै घेराभित्र रहेको थिएँ ।

**तत्कालीन गृहमन्त्री रमेश लेखक (नेका)** -राजनीतिक समूहको प्रदर्शन नभएकोले नेतृत्वविहीन हुनसक्ने जोखिमप्रति सतर्क रहन निर्देशन दिएको थिएँ । भदौ २३ गते बानेश्वरतर्फ प्रदर्शन हिँसात्मक हुँदै गएको जानकारी पाउनासाथ मैले प्रम, रक्षामन्त्री, प्रधानसेनापतिलाई जानकारी गराएँ । भदौ २४ गतेको घटनालाई युवाको मागभन्दा पृथक ढङ्गले हेर्नुपर्छ र आपराधिक कार्यमा संलग्न जो कोहीलाई कानुनबमोजिम कारबाही हुनुपर्छ ।

**तत्कालीन सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङ (एमाले)** - सामाजिक सञ्जाल रोक्ने निर्णय कुनै आवेगमा गरिएको होइन । भदौ २३ गतेको घटनापछि सामाजिक सञ्जाल पुन: खोलिएको हो ।

**रास्वपाका रवि लामिछाने** - भदौ २४ गते दिउँसो १२:३० बजे कारागारका नाइकेहरूले मलाई बाहिर असामान्य भएको र परिवारको जिम्मा लगाई बाहिर पठाउनुपर्ने जानकारी गराए । भदौ २८ गते म पुन: नख्खु कारागार फर्किएँ ।

**कामनपाका तत्कालीन मेयर बालेन्द्र साह** - भदौ २३ गतेको शान्तिपूर्ण ऱ्यालीमा मेरो समर्थन थियो । भदौ २४ गतेको घटना दु:खद थियो । राष्ट्रपति र सेनापतिको आग्रहमा आन्दोलन शान्त पार्ने मेरो भूमिका रहेको थियो । तत्कालीन सरकारले अपराध र आतङ्कवादी क्रियाकलाप गरेको हो । फेसबुकमा अभिव्यक्ति दिएकोमा 'जलाइदिन्छु' शब्द भएको थिएन ।

**तत्कालीन मुख्य सचिव एकनारायण अर्याल** - भदौ २३ गते राति १० बजेको बैठकमा डिस्कर्ड, रेडिटलगायत सामाजिक सञ्जालबाट हिंसा र आगजनी हुने ठोस गुप्तचर सूचना प्रस्तुत भएन । सेवाप्रवाह कमजोर हुनु, कर्मचारीतन्त्रलाई राजनीतीकरणको नाममा सरकारी पक्षधर बनाइनुले जनआक्रोश बढेर भदौ २३ र २४ गतेको घटना घटेको हुनसक्छ भन्ने मेरो बुझाइ छ ।

**तत्कालीन गृहसचिव गोकर्णमणी दुवाडी** - भदौ २३ गते कर्फ्यु आदेशपछि काठमाडौँका प्रमुख जिल्ला अधिकारीले नेपाली सेनाको सहयोग माग गर्दै समन्वयका लागि अनुरोध गरेकाले तत्कालै प्रधानसेनापतिलाई दुईपटक फोन गरी सहयोगका लागि आग्रह गरेँ ।

**काठमाडौँका तत्कालीन प्रजिअ छविलाल रिजाल** - भदौ २३ गते तनावपूर्ण अवस्थामा प्रहरीको रेडियो सेटबाट पहिले प्रहरी महानिरीक्षक र त्यसपछि काठमाडौँ उपत्यका प्रहरी कार्यालयका निमित्त प्रमुखले 'आवश्यकताअनुसार अवस्था नियन्त्रणमा लिन फायर खोल्नु' भन्ने आदेश दिएको मैले सुनेको थिएँ ।

भदौ २४ गते नेपाली सेनाले समयमै कारागारको ड्युटी नलिँदा नेपाल प्रहरीले मात्र सुरक्षा दिन नसकेर डिल्लीबजार र केन्द्रीय कारागारबाट कैदी भगाउने अवस्था आयो ।

यो मुलुकमा लामो समयदेखि रहेका अन्याय र असमानताको परिणाम हो । फिल्डमा खटिएका सशस्त्र प्रहरी बल र अन्य सुरक्षाकर्मीबाट अपेक्षित सहयोग खुलेर नपाएको गुनासो पनि नेपाल प्रहरीका अधिकृतहरूबाट सुनेको छु ।

**जिल्ला प्रशासन कार्यालय काठमाडौँका सहायक प्रजिअ मुक्तिराम रिजाल** - भदौ २३ गते बिहान ११ बजेतिर बानेश्वरको ब्यारिकेड तोडेर प्रदर्शन अगाडि बढेको सीसीटीभीमा देखेको थिएँ । प्रदर्शन नियन्त्रण गर्न सुरक्षाकर्मी अपुग भएकाले नेपाली सेनाबाट थप सहयोग माग गरिएको थियो ।

**प्रधानसेनापति अशोकराज सिग्देल** - भदौ २४ गते बिहान प्रम निवासमा भएको छलफलमा पहिलो, एमालेका पदाधिकारीको सुझावअनुसार नै थप मानवीय क्षति रोक्न राजनीतिक समाधानतर्फ जान प्रमको राजीनामा उपयुक्त हुनसक्ने । दोस्रो, संवैधानिक रूपमा सिफारिस भएमा नेपाली सेना परिस्थिति नियन्त्रणका लागि पूर्णरूपमा तयार रहेको सुझाव दिएँ । तर, प्रधानमन्त्रीले राजीनामा दिएपछि अवस्था झन् अराजक भयो र नेपाली सेनाले राति १० बजेदेखि सक्रिय भूमिका निर्वाह गर्‍यो ।

भदौ २४ गते बिहान ५ बजेदेखि कर्फ्यु लगाउन नेपाली सेनाले सुझाव दिएको भए पनि काठमाडौँमा बिहान ८:३० बजेबाट मात्र कर्फ्यु घोषणा भयो ।

**सुदन गुरुङ "हामी नेपाली" संस्था** - मलगायत संस्थाका स्वयम्सेवकहरू भदौ २३ गते बिहान ७ बजे माइतिघर मण्डलामा जम्मा भएका थियौँ । भदौ २४ गते प्रहरी महानिरीक्षकसमेतले फोन गरी प्रधानकार्यालय जोगाई दिनुपर्‍यो भनेकाले डिस्कर्ड प्लेटफर्मको घोषणामार्फत हामी जम्मा भई हामीले जोगाएका थियौँ । 'हामी नेपाल' संस्थाका स्वयम्सेवकहरूको मोबाइल नम्बरहरू नेपाली सेनालाई दिई संयुक्त रूपमा रातभरि काठमाडौँ उपत्यकामा खटेका थियौँ ।

**रक्षा बम (उज्वल थापा फाउन्डेसन)** - भदौ २३ गते बिहान ८ बजेतिर म माइतिघर गएँ । सुदन गुरुङको समूह व्यवस्थापनको कार्य गरिरहेको थियो । प्रदर्शन लगभग ११:३० बजेतिर बानेश्वर पुग्यो । सुरक्षाकर्मीले फायर गरेको आवाज आउन थाल्यो । लगभग १-२ बजेतिरको समय हामी अनामनगरमा सुरक्षित भयौँ । बेलुकासम्म बानेश्वर क्षेत्र रणभूमिजस्तै भयो ।

भदौ २४ गते प्रदर्शनमा मादक पदार्थ सेवन गरेका व्यक्तिहरू प्रशस्त भेटिन्थे । राजावादी भनेर परिचय दिई हिँड्ने व्यक्तिहरूसमेत देखिन्थ्यो । मलाई लाग्छ, प्रदर्शनमा सबै राजनीतिक दलहरूको तर्फबाट सहभागिता थियो । बानेश्वरमा एकजना मादक पदार्थ सेवन गरेका व्यक्ति हातमा बन्दुक लिएर उच्छृङ्खल भइरहेका थिए ।

**राष्ट्रपति कार्यालय, शीतल निवास सुरक्षाको कमान्डर सहायक रथी मनोज वैदवार** - करिब १२:३० बजे राष्ट्रपतिज्यूले सबै सल्लाहकारहरूसहित मलाई बोलाई समग्र परिस्थितिबारे छलफल गर्नुभयो । करिब २ बजे राष्ट्रपतिज्यूले पुन: बोलाई परिस्थितिबारे जानकारी लिनुभयो । करिब ३:१५ बजे राष्ट्रपतिज्यू र परिवारलाई सवारीमार्फत सुरक्षित स्थानमा सकुशल पुऱ्याइयो ।

करिब ३:३० बजे १ नम्बर गेटको दायाँबायाँ रहेको होचो पर्खालबाट ठुलो सङ्ख्यामा प्रदर्शनकारीहरू शीतल निवासभित्र प्रवेश गरे । शीतल निवासभित्र नेपाली सेनाको तर्फबाट २२४ जना फौज तैनाथ थिए ।

*बाँकी पृष्ठ १२ मा*

# बिदै बिदा दिएर शैक्षिक गुणस्तर कायम होला ?




शुक्र

संविधानले कक्षा १२ सम्म सञ्चालन र व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ तर सङ्घीय सरकारले हालै कक्षा १० सम्मको भर्ना अभियान वैशाख १५ गतेदेखि र कक्षा सञ्चालन वैशाख २१ गतेदेखि गर्ने निर्देशन पठायो । इन्धनको आपूर्ति घटाउने भन्दै शनिबार र आइतबार दुई दिन बिदा दिने सरकारको निर्णयले शैक्षिक क्षेत्रमा अन्योल बढायो ।

शिक्षा नियमावलीमा वर्षमा २२० दिन विद्यालय खोल्नुपर्ने र १८० दिन पढाइ हुनुपर्ने उल्लेख छ । सातामा ५ दिनमात्र पढाइ खुले तोकिएको वार्षिक पाठ्यक्रम पूरा गर्न ४० दिन नपुग हुनेछ ।

कतिपय स्थानीय तहहरूले वार्षिक क्यालेन्डरअनुसार वैशाखको पहिलो साताबाट भर्ना अभियान थालेका छन् । तयारी र योजनाबिना ल्याइएको शैक्षिक सत्र परिवर्तन र आइतबारसमेत बिदा दिने निर्णयले विद्यार्थीको पढाइमा घाटा पार्ने छ । एउटै जिल्लामा कुनै स्थानीय तहमा पढाइ हुने, कुनै स्थानीय तहमा पढाइ नहुने वर्तमान स्थितिमा साबिक शैक्षिक क्यालेन्डर कार्यान्वयन हुनु उपयुक्त हुनेछ ।

सरकारको यो हचुवाको निर्णयअनुसार हिमाल र तराईमा असार १५ देखि साउन १५ सम्म एक महिना वर्षे बिदा, पुस १५ देखि माघ १५ सम्म एक महिना जाडो बिदा, दसैँ-तिहारको एक महिना, भर्ना अभियानको १५ दिन, वार्षिक परीक्षापछि १५ दिन, स्थानीय पर्व बिदा पाँच दिन, प्रदेश सरकारले दिने बिदा सात दिन समेत घोषित बिदा नै साढे चार महिनाभन्दा बढी हुनेछ । विद्यालय १६० दिनमात्र खोलेर तोकिएको पाठ्यक्रमअनुसार विद्यार्थी कसरी दीक्षित होला ?

हिमाली जिल्लाका अधिकांश विद्यार्थीहरू जाडो छल्नको लागि अभिभावकसँगै बेँसी झर्दा उनीहरूको पढाइ थप बिग्रिने छ । यार्सा टिप्न जाने बेलामा एक-डेढ महिना विद्यार्थीहरू थप अनुपस्थित हुन्छन् । तराईमा शीतलहर, गर्मी र तातो हावा चल्दा विद्यालय धेरै दिन बन्द हुन्छ ।

इन्धन आपूर्ति कम गर्न आइतबार पनि बिदा दिने सरकारसँग गाडीमा विद्यालय जाने विद्यार्थीको तथ्याङ्क छ र ? सहरका सीमित विद्यार्थीबाहेक अधिकांश विद्यार्थी घण्टौँ हिँडेरै विद्यालय पुग्नुपर्ने अवस्था छ । शनिबार र आइतबार दुई दिन घरमै बस्दा केटाकेटीलाई अर्को दिन विद्यालय पठाउन अभिभावकलाई गाऱ्हो हुने यथार्थ सरकारलाई कसरी थाहा भएन ? धेरै समय घरमै बस्दा विद्यार्थीहरूको पढाइमा भन्दा टीभी, मोबाइलमा आदत बस्ने छ ।

विगतका सरकारहरूले विद्यालय तहमा परीक्षा नै नलिई पास गर्दा विद्यार्थीहरूको शैक्षिक स्तर खस्कियो । गरिबका छोरा-छोरीलाई कक्षा पास भएको प्रमाणपत्र मात्र दिएर ज्यामी बनाउने सरकारको यो कदमको विरोध गर्नु जरूरी छ ।

विगतमा पनि फागुनदेखि भइरहेको शैक्षिक सत्रलाई वैशाखमा ल्यायो । वर्तमान सरकारले जेठ-असारमा लाने योजना बनाउँदै छ । जेठ-असार महिना गर्मी र वर्षाले महिनौँ विद्यालय बन्द हुने समयमा शैक्षिक सत्र सुरू गरेर कसरी शैक्षिक गुणस्तर कायम होला ?

# अपराधलाई पदले संरक्षण दिन मिल्दैन

● सुनिल प्रजापति, प्रमुख भनपा




कानुन मानिसको जीवनको एउटा महत्त्वपूर्ण पक्ष हो । जसले देशको कानुन जाँदैन, बुझ्दैन उसले दुःख पाउँछ । सामान्य अर्थमा जुन काम कानुनले नगर भन्छ गरेमा वा जुन काम गर भन्छ त्यो नगरेमा त्यसलाई कानुन उल्लङ्घनको आरोप लाग्छ र कतिपय अवस्थामा त्यो दण्डनीय पनि हुन सक्छ । कानुनका विद्यार्थीहरू यस्ता विषयहरूमा सधैँ सचेत हुनुपर्छ ।

समाजलाई व्यवस्थित रूपमा अगाडि बढाउन र सुशासन कायम गर्न नेपालमा थुप्रै भ्रष्टाचारविरोधी कानुनहरू बनेका छन् । त्यसको राम्रो कार्यान्वयन हुन सकेको छैन । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न कानुनसँगै थुप्रै संयन्त्रहरू पनि बनेका छन् । विभिन्न नाउँका ती संयन्त्रहरूको निष्कृयता, पक्षपातपूर्ण व्यवहार र पूर्वाग्रही भावनाका कारण ती संयन्त्रहरूप्रति पनि प्रश्नहरू उठिरहेका छन् । विद्यार्थीहरूले अहिलेदेखि हरेक विषयमा राम्रोसँग अध्ययन गर्नुहोस्, बुझेर काम गर्नुहोस् । अहिले कानुन अध्ययन गर्ने तपाईँ भाइ बहिनीहरू नै भोलिका राम्रा वकिल, न्यायाधीश, कानुनी सल्लाहकार र प्रशासक बन्नु हुनेछ । इमानदार, पारदर्शी र देशभक्तिको भावना भएन भन्ने समस्या हुन सक्छ । ख्वप कलेज अफ ल राम्रा कानुन विज्ञहरू तयार गर्ने उद्देश्यले स्थापना गरिएको कलेज हो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सात वटा शैक्षिक संस्थाहरूमध्ये यो कलेज सबैभन्दा पछि २०७९ सालमा स्थापना भएको शैक्षिक संस्था हो । स्थापनाको छोटो अवधिमा यो कलेज निरन्तर प्रगतिको बाटोमा अगाडि बढिरहेको छ ।

नगरपालिकाद्वारा सञ्चालित सबै शैक्षिक संस्थाहरूमा गरी देशभरिका साढे सात हजार विद्यार्थीहरू विभिन्न विषयमा अध्ययनरत छन् । ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ आज देशभरका प्राविधिक शिक्षा दिने शैक्षिक संस्थाहरूमध्ये उत्कृष्ट कलेजहरू हुन् भने अब कानुन पढ्ने विद्यार्थीहरूका लागि देशकै उत्कृष्ट ल कलेजहरूमध्ये ख्वप कलेज अफ ललाई प्रमाणित गर्ने पालो आज भर्ना भएका र अध्ययनरत विद्यार्थी भाइबहिनीहरूको हो ।

आजका विद्यार्थीहरू नै भोलिको देशका वकिल, न्यायाधीश, प्रशासक वा अन्य महत्त्वपूर्ण क्षेत्रका कानुनी सल्लाहकारहरू बन्नु हुनेछ । इमानदार, पारदर्शी र समाज सेवाको भावना भएन भने कानुन अध्ययनले मात्र राम्रो हुने होइन । समाज सेवाको भावनाले अध्ययन गरेको खण्डमा भोलि जुनसकै क्षेत्रमा गए पनि तपाईँ एक राम्रो व्यक्तित्व बन्नुहुनेछ । केही कानुन व्यवसायीहरूले विभिन्न किसिमका अनियमितता गरेका कारण कानुन पढेकाहरूप्रति जनताले राम्रो नजरले हेर्ने गर्दैनन् । त्यो ठीक होइन । सबै क्षेत्रमा राम्रो र नराम्रो भने हुन्छ ।

अहिले ठूल्ठूला पदमा बसेका धेरै मानिसहरू जेलमा परेका छन् । कानुन पढेका पनि नपेढका पनि । छिट्टै पैसा कमाउने नाउँमा कानुन हातमा लिई वा कानुन छलेर काम गर्दाको परिणाम त्यस्ता घटनाहरू भएको पाइन्छ । कानुनले भन्छ, जुन काम सिधा गर्न मिल्दैन; त्यो बाङ्गोटिङ्गो बाटोबाट पनि गर्न मिल्दैन । यसको अर्थ कानुन मिच्ने काम कहीँकतैबाट हुनु हुँदैन भन्ने हो ।

कानुन सधैँ जनताको हितमा बन्छ भन्ने पनि सत्य होइन । शासक वर्गमा जो छ, उसले आफ्नो वर्गको हितमा कानुन बनाउँछ । शोषक वर्गको शासन सत्तामा उनीहरूकै हितमा कानुन बन्छ । यस्तो अवस्थामा कानुनको शासन भनेर चिच्याउनुको पनि खास अर्थ हुँदैन । जनताको हितविपरीतका कानुनहरू छन् भने राम्रा कानुन व्यवसायीहरूले त्यसलाई बदल्ने आँट पनि गर्न सक्नुपर्छ । जनताको वकिलको अर्थ त्यही हो । कमिसन खानु आफैमा भ्रष्टाचार हो । त्यो एक प्रकारको कानुनी डकैटी हो । पुँजीवादी व्यवस्थामा कानुनले नै कमिसनको व्यवस्था गरेको हुन्छ अर्थात् भ्रष्टाचारलाई वैधता दिएको हुन्छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनी व्यवस्था छ । स्रोत देखाउन नसकेको सम्पत्ति सबै भ्रष्टाचार ठहर्ने कानुन छ । यो कानुनलाई हुबहु कार्यान्वयन गरेको खण्डमा २०४६ सालपछि चप्पल लगाएर राजधानी छिरेर अहिले अर्बपति बनेका कोही पनि नेताहरू बच्नेवाला छैनन् । राम्रो छानबिन भएमा ठुला नेता र प्रशासकहरू घरमा होइन, जेलमा भेटिने छन् । मुद्दा चलाउन धेरै प्रमाणको खोजी गरिरहनै पर्दैन । अकुत सम्पत्ति आफै मुद्दाका लागि पर्याप्त प्रमाण हो ।

भदौ २३ गते प्रदर्शनका लागि भनी काठमाडौँमा स्कूल पोशाकमा विद्यार्थीहरूलाई बोलाइयो । आयोजकहरूका अनुसार त्यस प्रदर्शनमा विभिन्न अराजक तत्त्वहरू घुसपैठ भएर संसद् भवन जलाउने प्रयास गरियो । सरकारले गोली चलाएर ती प्रदर्शनकारीहरूमध्ये १८/१९ जना मारिए । दुई दिनको त्यो घटनामा ७६ जनाको ज्यान गएको भनिएको छ ।

भदौ २४ गतेमात्र प्रधानमन्त्री ओलीले राजीनामा दिए । त्यसपछि सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत सयौँ सरकारी कार्यालयहरू जलाए । देशको अर्बौंको सम्पत्ति क्षति भयो । त्यहीबाट संसद् विघटन र नयाँ सरकार गठन हुने स्थिति सिर्जना भयो तर आश्चर्यको कुरा केहो भने गौरीबहादुर कार्की आयोगले २३ गतेका घटनाका दोषीहरूलाई मात्र कारबाही गर्ने र अरु विषय अनुसन्धान गरीमात्र कारबाही गर्ने सिफारिस गरेको पाइयो । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाजस्ता देशका महत्त्वपूर्ण संरचनाहरू जल्दा पनि कसले जलाए ? प्रतिवेदन मौन छ ।

२३ गते प्रदर्शनकारीहरूलाई गोली हानी हत्या गर्नु जति अपराध थियो, त्यस्तै देशका सम्पदा, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जलाउनेहरू पनि उतिकै दोषी होइनन् र ? छानबिन आयोग एकतर्फी भयो, निष्पक्ष हुन सकेन भन्ने आरोप कार्की आयोगमाथि छ । त्यसको स्पष्ट पार्नुपर्छ । २४ गतेको घटनाको मुख्य दोषीको आरोप लागेकाहरू नै अहिले सरकारको महत्त्वपूर्ण पदमा छन् । पदमा बस्नेलाई कारबाही नहुने अरुलाई मात्र कारबाहीको दायरामा ल्याउने यो कस्तो न्याय हो ? पदमा हुनु नै आरोपबाट मुक्ति पाउने अस्त्र हुनु हुँदैन । निष्पक्ष छानबिन हुनुपर्छ भन्ने जनताको माग छ ।

नेपाली सेनामाथि पनि गम्भीर आरोप छ । आफ्नै परमाधिपति रहेको राष्ट्रपति भवन सुरक्षा गर्न नसक्ने, देशका महत्त्वपूर्ण अङ्गहरू संरक्षण गर्न नसक्ने, सयौँ सरकारी भवनहरू बचाउन नसक्ने सेनाका के काम भन्ने प्रश्न पनि अहिले उठिरहेको छ । यसको चित्तबुझ्दो जवाफ सम्बन्धित पक्षले दिनुपर्ने देखिन्छ ।

कार्की आयोगले धेरैसँग बयान लिएको थियो । त्यसमध्येको एक वर्तमान गृहमन्त्रीको पनि छ । उनले आयोगसमक्ष दिएको बयान प्रतिवेदनको २८२ पेजमा छापिएको छ । बयानमा उनले भनेका छन्- “भदौ २४ गते प्रहरी महानिरीक्षक चन्दकुवेर खापुङ र सहायक प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले समेत मलाई फोन गरी प्रहरी प्रधान कार्यालय जोगाइ दिनु भनेकाले म र मेरो टीम म्ष्कअयचम (डिसकर्ड) मार्फत प्लेटफर्ममा जम्मा भई जोगाइदिएको भन्ने उल्लेख छ । प्रहरी प्रधानकार्यालय जोगाइदिन सक्ने त्यो कुन शक्ति हो ? आन्दोलनमा पानी वितरण गर्न आएको भनेर आफैले पटक-पटक अन्तर्वार्तामा व्यक्त गर्ने व्यक्ति हुन् गृहमन्त्री । यसर्थ सेना, प्रहरीभन्दा माथि अर्को ठुलो शक्तिले आन्दोलन गरेको भन्ने स्पष्ट देखिन्छ ।

यी र यस्ता सबै विषय निष्पक्ष छानबिन गरी दोषीहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग अहिले उठिरहेको छ ।

अन्त्यमा, यो कलेज विभिन्न समस्याहरूबिच सञ्चालन गरिरहेका छौँ । सुरु सुरुमा पढ्नेहरूले यस्तै कठिनाइ भोग्नुपर्ने हुन सक्छ तर भवन वा भौतिक पूर्वाधारले मात्र शैक्षिक गुणस्तर राम्रो हुने होइन । सबैको संयुक्त प्रयासले कलेजलाई अगाडि बढाउने हो । आजको ख्वप मावि, बागीश्वरी माविको सानो कोठाबाट सुरु भई आज त्यही जगमा सात वटा शैक्षिक संस्थाहरू स्थापना र सञ्चालन भइरहेका छन् । नयाँ विद्यार्थीहरूले राम्रो अध्ययन गरेर जनताको सेवामा समर्पित भएर लाग्न सकून् भन्ने शुभकामना दिन्छु ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप कलेज अफ लको आयोजनामा चैत २७ गते सम्पन्न नव-आगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा शुभकामना कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सारसङ्क्षेप )*

## सन्दर्भ : एसपीपी सम्झौता र नेपालको बहुमूल्य खनिज

# साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ अध्ययन – २२

✍ रामरतन चौधरी

संरा अमेरिका युद्ध पिपासु देश हो । तर, उसले धेरैजसो युद्ध आफ्नो भूमिमा लड्दैन, अरूको देशलाई रणभूमि बनाउँछ । अन्य देशको भूमिमा आफ्नो सैन्य अखडा स्थापना गरेर त्यही देशको सेनालाई अरूसँग लडाउन प्रयोग गर्छ । यसले अमेरिका सुरक्षित हुन्छ भने अरूको देश तहसनहस हुन्छ । अन्य देशमा सैन्य अखडा राख्न र त्यस देशलाई नियन्त्रण गर्न सहयोगको नाममा विभिन्न सन्धि र सम्झौताको जालो फ्याँक्छ । नेपालमा एमसीसी सम्झौता त्यसैको उदाहरण हो । एमसीसीपछि एसपीपी साझेदारीमा नेपाललाई फसाएर चीनविरोधी गतिविधि गर्न र नेपालको बहुमूल्य खनिज पदार्थ कब्जा गर्न साम्राज्यवादी अमेरिका प्रयत्नरत रहेको जगजाहेर छ ।

**के हो एसपीपी सम्झौता ?**

एसपीपी (State Partnership Program) अमेरिकी रक्षा विभागको एक संयुक्त कार्यक्रम हो । जसले सुरक्षा सहयोगको नाममा अमेरिकाका विभिन्न राज्यहरूको नेसनल गार्डलाई विदेशी देशहरूसँग जोडेर आफ्नो उद्देश्य पूरा गर्ने लक्ष्य राखेको छ । अमेरिका र सोभियत रुसको शीतयुद्धपछि अमेरिकाले बाल्टिक क्षेत्रका देशहरू र पूर्व सोभियत ब्लकका देशहरूको रक्षा क्षमता सदृढ गर्ने नाममायो कार्यक्रम सुरु गरेको थियो । सोभियत सङ्घबाट छुट्टिएका देशहरूलाई उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) मा आबद्ध गराउने उद्देश्यसहित संरा अमेरिकाले सन् १९९३ मा यो कार्यक्रम सुरु गरेको हो । त्यतिबेलै अमेरिकाको एक राज्य क्यालिफोर्नियासँग तत्कालीन सोभियत रुसबाट छुट्टिएको युक्रेनलाई साझेदार बनाएको थियो । अहिले अमेरिकाले यो कार्यक्रम अफ्रिका, एसिया र पश्चिमी गोलार्द्धमासमेत फैलाएको छ ।

**नेपालमा एसपीपी**

वि.सं २०७२ को महाभूकम्पपछि अमेरिकाले नेपाललाई विपद् व्यवस्थापन गर्ने निहुँमा एसपीपी साझेदारीमा आबद्ध हुन दबाब दिन थाल्यो । अमेरिकाको युटाहा राज्यको नेसनल गार्डसँग नेपाली सेनाले सहकार्य गर्नुपर्ने विषय एसपीपीमा छ । नेपाली सेनाले पनि सन् २०१५ अक्टोबर २७ (२०७५ कार्तिक १० गते) को दिन एसपीपी साझेदारीमा सहभागी हुने व्यहोराको पत्र अमेरिकी राजदूत अलाइना बी टेप्लीज (Alaina B Teplitz) लाई सम्बोधन गरी पठाएको थियो । त्यतिबेला नेपालका प्रधानमन्त्री नेकपा एमालेका अध्यक्ष केपी ओली थिए भने पत्रमा तत्कालीन सेनापति राजेन्द्र क्षेत्रीको हस्ताक्षर रहेको थियो ।

वि.सं २०७९ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र तत्कालीन प्रधानसेनापति प्रभुराम शर्माको छुट्टाछुट्टै अमेरिका भ्रमणमा एसपीपीमा हस्ताक्षर हुनसक्ने चर्चा चलेको थियो । त्यसपछि नेपाली जनताले चर्को विरोध गरे । नेपाली जनताको विरोधपछि २०७८ असार ६ गते देउवा नेतृत्वको सरकार एसपीपीमा नेपाल अगाडि नबढ्ने जानकारी अमेरिकी सरकारलाई पठाउने निर्णय गर्न बाध्य भयो । तर, नेपालको परराष्ट्र मन्त्रालयले एसपीपी साझेदारीमा आबद्ध नहुने नेपाल सरकारको निर्णयको जानकारी अमेरिकालाई पठाउने आँट गरेन ।

**अमेरिकी दूतावासको स्पष्टीकरण**

काठमाडौँस्थित अमेरिकी राजदूतावासले २०७९ असार ३ (सन् २०२२ जून १७) गते ‘स्टेट पार्टनरसिप प्रोग्रामसम्बन्धी तथ्यगत विवरणपत्र’ भन्दै यो प्रोग्राम सुरक्षा वा सैन्य गठबन्धन नभएको, यसले विश्वव्यापी रूपमा विभिन्न प्रकारका प्रशिक्षण, शैक्षिक र सम्बन्धित गतिविधिहरूका लागि अमेरिकी नेसनल गार्ड र सैन्य कर्मचारीहरूलाई एक ठाउँमा ल्याउने र यो कार्यक्रम ९० भन्दा बढी देशमा २५ वर्षदेखि कायम रहेको, हिन्द-प्रशान्त रणनीतिका प्रतिवेदनहरूमा एसपीपीको उल्लेख भए पनि यो हिन्द-प्रशान्त रणनीति सैन्य गठबन्धन नभएको, यो कार्यक्रममार्फत अमेरिकी नेसनल गार्ड र साझेदार देशहरूले साझा सुरक्षा लक्ष्यहरूको निम्ति सैन्य, सरकारी, आर्थिक र सामाजिक क्षेत्रहरूमा द्विपक्षीय सहयोग आदानप्रदानको सदुपयोग गर्ने स्पष्टीकरण प्रकाशित गऱ्यो । नेपालले सन् २०१५ र सन् २०१७ मा स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) कार्यक्रममा सहभागी हुन आग्रह गरेपछि सन् २०१९ मा अमेरिकाले नेपालको अनुरोध स्वीकार गरेको पनि बतायो । यथार्थमा अमेरिकाले आफ्ना दलालहरूमार्फत यस्ता साझेदारीमा सहभागी हुने आग्रहसहितको पत्र लेख्न कमजोर देशहरूलाई बाध्य बनाउँछ ।

**एसपीपीमा भएका प्रावधान**

एसपीपीको धारा १ मा अमेरिकाको राष्ट्रिय पहरेदार बलका सदस्यहरू अर्थात् अमेरिकी सैनिक, गैरसैनिकहरू र तिनका यन्त्र, उपकरण, सम्पत्तिसहित नेपाली सेनाको प्रशिक्षणको लागि नेपालमा आउन पाउने, धारा २ को उपधारा १ मा अमेरिकी सैनिकसँग भएका सवारी वा हलुका विमानले प्रशिक्षण गर्ने, इन्धन भर्न पाउने, मर्मत सम्भार गर्न पाउने, कर्मचारी र सेना बस्ने व्यारेकको व्यवस्था नेपाल सरकारले गर्नुपर्ने, सैन्य प्रशिक्षणको निम्ति नेपालको भूमि प्रयोग गर्न पाउने, धारा ३ मा नेपालको उच्च भूभागमा संयुक्त प्रशिक्षण अभ्यास गर्न पाउने, धारा ४ को २ मा नेपाल सरकारले अमेरिकी सेनालाई पनि नेपाली सेनासरह नै व्यवहार गर्नुपर्ने, धारा ५ मा अमेरिकी सेनालाई आवश्यक पर्ने सम्पूर्ण उपकरण आयात गर्न पाउने र अमेरिकी सरकारको सम्पूर्ण चल सम्पत्तिमा नेपाल सरकारले कर छुट गर्नुपर्ने, धारा ६.१ मा सम्झौता भएपछि कार्यान्वयनको लागि अमेरिकाका अन्य कर्मचारी र गैरसैनिक व्यक्ति नेपालमा आउन पाउनुपर्ने, तिनीहरूको सुरक्षा अमेरिकी सेनाले गर्न पाउने र धारा ८ मा नेपाल सरकारलाई ५० करोड अमेरिकी डलर सहयोग गर्ने उल्लेख छ । डलरको लोभ देखाइएका यी प्रावधानहरू नेपाललाई अमेरिकाको उपनिवेश बनाउन पर्याप्त छ ।

अफगानिस्तानमा पनि अफगानी सैनिकको लागि भनेर अमेरिकाले ८४ विलियन डलर लगानी गरेको थियो । तर, सन् २०२० सम्ममा २ लाखभन्दा बढी अफगानी मरे भने अफगानिस्तानलाई तहसनहस बनायो । यसकारण, नेपाल अमेरिकाको माखेसाङ्लोमा पर्नु हुन्न ।

बालेन सरकारले २०८३ वैशाख १ गते १८ बुँदे राष्ट्रिय प्रतिबद्धता पत्रको मस्यौदा अगाडि सार्‍यो । सो मस्यौदाको १४ नं बुँदामा “अन्तर्राष्ट्रिय कुटनीति र परराष्ट्र सम्बन्धअन्तर्गत नेपाल कुनै पनि सैन्य गठजोड, हातहतियारको दौड र युद्धले शान्तिलाई बाधा पुऱ्याउँदछ भन्ने मान्यतासहित सबैसँग समदूरी र समनिकटताको नीति अवलम्बन

*बाँकी पृष्ठ ११ मा*

# संरा अमेरिकी प्रभुत्वविरुद्धको प्रतिरोध : हर्मुज जलडमरु

✍ सर्गश्री

**विश्वव्यापी तेल व्यापारको करिब एक-पाँचौं हिस्सा सञ्चालन गर्ने यो जलडमरू पूर्ण रूपमा बन्द नभए पनि विश्वकै व्यस्त तेल मार्गमा आएको अवरोधले विश्व ऊर्जा बजारमा ठुलो झट्का दिएको छ । द्वन्द्व सुरु हुनुअघिको अवस्थासँग तुलना गर्दा तेल ट्याङ्करहरूको आवागमन ९० प्रतिशतभन्दा बढीले घटेको छ । द्वन्द्व अझ चर्कँदो छ किनकि इरानको 'प्रतिरोधको धुरी' भनिने समूह (जसमा यमनका हुथीहरू पनि समावेश छन्) समन्वय बढाउँदै समुद्री मार्गहरू र अमेरिकी सम्पत्तिहरूलाई लक्ष्य बनाइरहेका छन् । ठुला ढुवानी कम्पनीहरूले रातो सागर मार्ग स्थगित गरेका छन् र केप अफ गुड होप हुँदै वैकल्पिक मार्ग अपनाएका छन् । यसले सामान्य ढुवानी पुन:स्थापनाको आशा उल्ट्याउँदै विश्व व्यापार लागत बढाएको छ ।**

गएको अप्रिल ३ मा अमेरिकी एफ-१५ई स्ट्राइक इगल लडाकु विमान दक्षिण इरानको इस्फहान प्रान्तको पहाडी क्षेत्रमा दुर्घटनाग्रस्त भयो । त्यसपछि ३६ घण्टा लामो सीमापार खोज तथा उद्धार अभियान सञ्चालन गरियो । संरा अमेरिकी राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा यसलाई "अमेरिकी इतिहासकै सबैभन्दा साहसी खोज तथा उद्धार अभियानहरूमध्ये एक" भन्दै घमण्ड अनि दाबी गरे ।

तर इरानको विवरण पूर्णत: फरक थियो । इरानको तस्नीम समाचार एजेन्सीका अनुसार, इरानी सेनाले दुईवटा ब्ल्याक हक हेलिकोप्टर र एउटा सी-१३० यातायात विमान खसाल्यो, जसमा धेरै अमेरिकी सैनिकहरू मारिए । साथै अमेरिकी सेनाले दुर्घटनास्थलका अवशेष नष्ट गर्न र मृतकहरूको शव लुकाउने प्रयास गरेको आरोप पनि छ । अप्रिल ५ को बिहान सार्वजनिक गरिएको जानकारीअनुसार खसेको युद्धविमानका एक पाइलटको खोज तथा उद्धार प्रयास असफल भयो र अमेरिकी सेनाले सम्भावित लुक्ने स्थानहरूमा हवाई आक्रमण गरेर उक्त पाइलटलाई नै मार्ने प्रयास गरेको अध्ययन छ ।







यसरी ट्रम्पको 'वीर उद्धार' विश्वस्तरकै कालो व्यङ्ग्यजस्तो बन्न पुग्यो । मानवीयता या सहयोगको आवरणमा संरा अमेरिकाको वर्चस्व भोक नाङ्गिदै छ ।

२००१ यता, अमेरिकाले तथाकथित 'आतङ्कविरुद्धको युद्ध' अन्तर्गत करिब ८० देशमा सैन्य कारबाही सञ्चालन गरेको तथ्य छ । ब्राउन विश्वविद्यालयको "Costs of War परियोजनाले २०२१ मा सार्वजनिक गरेको तथ्याङ्कअनुसार, संरा अमेरिकी मानवीय उद्धार अभियानहरूले प्रत्यक्ष रूपमा ९ लाख ४० हजारभन्दा बढी मानिसको ज्यान लिए जसमा ४ लाख ३२ हजारभन्दा बढी सर्वसाधारण छन् र करिब ३ करोड ८० लाख मानिस विस्थापित भए ।

फेब्रुअरी २८ देखि अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि सर्वोच्च नेता अली खामेनीलगायत इरानका धेरै प्रमुख व्यक्तित्वहरू हवाई आक्रमणमा मारिए । अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट महासङ्घका अनुसार १ हजार ९ सयभन्दा बढी इरानी सर्वसाधारणको मृत्यु भइसकेको तथ्याङ्क छ र कम्तीमा २० हजार घाइते भएका छन्, जसमा धेरै महिला र बालबालिका छन् । इरानको शिक्षा विभागका अनुसार अप्रिल ८ सम्म कम्तीमा ३१२ शिक्षक र विद्यार्थीहरू यस युद्धमा मारिएको खबर अप्रिय छ । मानवताको तराजुमा एक अमेरिकी पाइलटको जीवन र एक इरानी बालकको जीवन बराबर मूल्यवान हुन्छ । संरा अमेरिकी इतिहासमा मानवीय उद्धारको घटना या अभियानलाई राजनीतिक महत्त्वाकाङ्क्षा या वर्चस्वको लडाइँको रुपमा लेखक मा मियाओमियाओले पेइचिङ रिभ्युको अप्रिल १६ अङ्कमा विश्लेषण गरेका छन् ।

पेइचिङ रिभ्यु अप्रिल ९ अङ्कमा भ्लादिमिर बेरेङ्गिनखको लेखले पनि ट्रम्पको वर्चस्ववादी दाउपेच उजिल्याउँछ । ट्रम्पले विश्वका तेल र ग्यास स्रोतहरू नियन्त्रणमा लिने उद्यत प्रयास गर्‍यो । उनले गुण्डा शैलीमा भेनेजुयलाका राष्ट्रपति दम्पतीलाई नियन्त्रणमा लिए । भेनेजुयला विश्वकै सबैभन्दा ठुलो तेल भण्डार अमेरिकाको नियन्त्रणमा ल्याउने लक्ष्य राख्यो । ग्रिनल्यान्डको बरफमुनि विशाल तेल र ग्यास भण्डार रहेको थाहा पाएपछि उनले तुरुन्तै 'रुस र चीनबाट हुने खतरा' को बहाना बनाएर डेनमार्क र ग्रिनल्यान्डका आदिवासीहरूमाथि तीव्र दबाब सिर्जना गरे । इरानविरुद्ध युद्ध सुरु गर्नु पनि त्यही उद्देश्य अर्थात् इरानी तेल कब्जा गर्ने हिस्सा या सिलसिला हो । यदि यो योजना सफल भएको भए अमेरिकाले विश्व तेल उद्योगमा प्रमुख नियन्त्रण प्राप्त गर्ने, रुसलाई बजारबाट हटाउने र चीन, बेलायत, युरोप तथा पर्शियाली खाडीका तेलमा समृद्ध राष्ट्रहरूलाई समेत तेल आपूर्तिका लागि वासिङटनमा निर्भर बनाउने थियो ।

पछिल्लो समय ट्रम्पका विदेश नीतिमध्ये एउटा मात्र आंशिक रूपमा सफल भनेको भेनेजुयलासम्बन्धी चाल हो । चीनसँगको व्यापार युद्ध अन्त्यको विकल्प अमेरिकासँग थिएन, किनभने व्यापार युद्धको नकारात्मक प्रभाव अमेरिकी अर्थतन्त्रमा चीनको तुलनामा असाध्यै बढी परेको थियो । हमासलाई दबाउन ट्रम्प असफल छ, गाजाको अवस्था गतिरोधमा पुग्यो र ट्रम्पले वाचा गरेको 'सन्तोषजनक समाधान' कतै देखिँदैन । युक्रेनको द्वन्द्व पनि अन्त्यहीन लम्बिएको छ; युक्रेनी राष्ट्रपति जेलेन्स्कीले व्यवहारमा ट्रम्पको अवज्ञा गरिरहेको तथ्य उजागर गरेको छ । उनले बाह्य रूपमा वाशिङटनप्रति निष्ठा देखाए पनि, व्यवहारमा बेलायतको रणनीति पछ्याइरहेका छन् । युक्रेन र रुसबिचको युद्धलाई रुस नाटोसँग पूर्ण रूपमा पराजित नभएसम्म लम्ब्याउने जिद्दी देखिन्छ । यी निरन्तर असफलताहरूबिच ट्रम्पको प्रतिष्ठा देशभित्र र बाहिर दुबैतिर घट्दै छ ।

अमेरिका-युरोप सम्बन्ध बिग्रिएको छ । २०२२ मा ट्रम्पले युरोप र रुसबिचको आर्थिक सम्बन्ध विच्छेद गरायो र सस्तो रूसी ऊर्जा स्रोतबाट युरोपलाई वञ्चित गरायो । यसले युरोपेली वस्तुहरूको अन्तर्राष्ट्रिय प्रतिस्पर्धा क्षमता सिधै घटाइदियो । वाशिङटनको मुख्य योजना युरोपका ठुला अर्थतन्त्र र प्रमुख कम्पनीहरूलाई क्रमश: अमेरिकातर्फ आकर्षित गर्नु थियो ताकि अमेरिका विश्वको एकमात्र सुरक्षित र स्थिर आर्थिक आश्रयस्थल बन्न सकोस् । २०२५ मा युरोपेली युनियनले औपचारिक रूपमा अमेरिकासमक्ष झुकेको जस्तो देखायो र ट्रम्पसँग एक 'सम्झौता' गर्‍यो । युरोपले अमेरिकी वस्तुहरूमा शून्य भन्सार लगाउने, ७५० अर्ब डलर बराबरको अमेरिकी ऊर्जा आयात गर्ने, थप ६०० अर्ब डलर अमेरिकी अर्थतन्त्रमा लगानी गर्ने र रुसविरुद्धको युद्धका लागि अमेरिकी हतियार खरिदमा अर्बौं डलर खर्च गर्ने साथै आफ्नो पुराना हतियार युक्रेनलाई हस्तान्तरण गर्ने । यसको 'बदला' मा अमेरिकाले युरोपेली वस्तुहरूमा भन्सार दर ३० प्रतिशतबाट घटाएर १५ प्रतिशत मात्र बनायो । आफ्नो आर्थिक र राजनीतिक स्वार्थका लागि युरोपलाई बलिदान गर्न अमेरिकाले तयारी गरेपछि युरोपलाई रुस र चीनसँग संवाद खोज्न बाध्य बनाएको यथार्थ हो । युरोपले पनि रुस र चीन असल विकल्प मानेको छ ।

जुमार्ट ओटोरबाएभको लेखले अमेरिकी एकध्रुवीय आर्थिक युद्ध बझ्न थप सघाउँछ । शीतयुद्धपछि आर्थिक दबाब मुख्यत: एकध्रुवीय उपकरणको रूपमा अमेरिकाले प्रयोग गर्‍यो । अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा डलरको प्रभुत्व र व्यापार तथा प्रविधि सञ्जालमा अमेरिकाको केन्द्रीय स्थानका कारण अमेरिकाले प्रभुत्वको प्रणाली बसाल्यो । आज यो प्रणाली परिवर्तनको सङ्घारमा पुग्यो भन्दा फरक नपर्ला । चारैतिरबाट प्रतिकारको आगो बल्न सुरु भइसकेको अवस्था छ ।

हर्मुज जलडमरूमा विकसित भइरहेको अवस्था नयाँ प्रकारको आर्थिक प्रतिकारको उदाहरण हो । जलमार्ग पूर्ण रूपमा बन्द गर्नुको सट्टा, तेहरानले सशर्त पहुँचको प्रणाली निर्माण गरिरहेको देखिन्छ । जहाज आवागमन पूर्ण रूपमा अवरुद्ध नभए पनि पारगमन बढ्दो रूपमा राजनीतिक झुकाव वा अप्रत्यक्ष स्वीकृतिमा निर्भर हुन थालेको छ । यस अर्थमा जलडमरू खुला त रहन्छ, तर अब यसले पूर्ण रूपमा तटस्थ मार्गको रूपमा काम गर्दैन ।

यो भिन्नता अत्यन्त महत्त्वपूर्ण छ । औपचारिक रूपमा बन्द गर्दा तत्काल र कडा अन्तर्राष्ट्रिय प्रतिक्रिया आउने थियो । इरानले यत्तिबेला केवल अवरोधको धम्की दिइरहेको छैन बरु विश्वका महत्त्वपूर्ण व्यापारिक मार्गहरूमा पहुँचका नियमहरू नै पुन:परिभाषित गरिरहेको छ । यस परिवर्तनले विश्व अर्थतन्त्रमा धेरै प्रभावहरू छोड्छ । पहिलो, दबाब दिने हेतुले लगाइएका प्रतिबन्धहरू कमजोर हुँदै छन् । लक्षित देशहरूले वैकल्पिक व्यापार मार्गहरू विकास गर्दै, आन्तरिक उत्पादन बढाउँदै र असंलग्न राष्ट्रहरूसँग आर्थिक सम्बन्ध बलियो बनाउँदै जाँदा प्रतिबन्धहरूको दीर्घकालीन प्रभावकारिता घट्दै जान्छ । उदाहरणका रूपमा, २०२२ पछि रुसले आफ्नो व्यापारलाई एसियाली बजारतर्फ मोड्यो, अर्को उदाहरण भनेको प्रविधि प्रतिबन्धका कारण चीनमा घरेलु नवप्रवर्तनको वृद्धि हो ।

दोस्रो, आर्थिक युद्धको लागत सबै पक्षका लागि बढिरहेको छ । बहुध्रुवीय विश्वमा एउटा हमलाले अर्कोतिर प्रतिकार जन्माउँछ । पहिले कम जोखिमयुक्त मानिएका कदमहरू अब घरेलु आर्थिक अवरोध निम्त्याउने जोखिम बोकेका छन् ।

तेस्रो, आर्थिक र सैन्य द्वन्द्वबिचको रेखा धमिलिँदै गएको छ । जब आर्थिक उपायहरू कम प्रभावकारी हुन्छन् वा अनपेक्षित तनाव बढाउने जोखिम हुन्छ तब राज्यहरूले अन्य दबाबका उपायहरू विचार गर्न सक्छन् । किर्गिस्तानका पूर्वप्रधानमन्त्री, पेइचिङ नर्मल विश्वविद्यालयअन्तर्गत बेल्ट एन्ड रोड स्कूलका विशिष्ट प्राध्यापकसमेत रहेका लेखक ओटोरबाएभको यो विश्लेषण मननीय छ ।

लेखक मा मियाओमियाओले हर्मुजकै सन्दर्भ जोडेर संरा अमेरिकाको आसन्न आर्थिक अवसानको सङ्केत गरेका छन् । हर्मुजको जलडमरू ट्रम्पका लागि एक निर्णायक परीक्षा बनेको छ । यो रणनीतिक समुद्री मार्गले उनको राजनीतिक भविष्य नै उल्ट्याउने खतरा छ । हर्मुज स्ट्रेटलाई 'ट्रम्प स्ट्रेट' भनेर नामाकरण गर्नु ट्रम्पका लागि प्रत्युत्पादक बन्यो । फेब्रुअरी २८ देखि सुरु भएको इरानविरुद्धको अमेरिकी आतङ्क इरानी समाजको गलत मूल्याङ्कनमा आधारित देखिन्छ । इरानका सर्वोच्च नेता खामेनी र अन्य शीर्ष अधिकारीहरूको हत्या हुँदा पनि त्यहाँ सरकार ढलेन बरु राष्ट्रिय एकता मजबुत बन्यो, विदेशी सैन्य हस्तक्षेपविरुद्ध सार्वभौमिकता जोगाउने सङ्कल्पलाई अझ सुदृढ बनाइयो ।

विश्वव्यापी तेल व्यापारको करिब एक-पाँचौं हिस्सा सञ्चालन गर्ने यो जलडमरू पूर्ण रूपमा बन्द नभए पनि विश्वकै व्यस्त तेल मार्गमा आएको अवरोधले विश्व ऊर्जा बजारमा ठुलो झट्का दिएको छ । द्वन्द्व सुरु हुनुअघिको अवस्थासँग तुलना गर्दा तेल ट्याङ्करहरूको आवागमन ९० प्रतिशतभन्दा बढीले घटेको छ । द्वन्द्व अझ चर्कँदो छ किनकि इरानको 'प्रतिरोधको धुरी' भनिने समूह (जसमा यमनका हुथीहरू पनि समावेश छन्) समन्वय बढाउँदै समुद्री मार्गहरू र अमेरिकी सम्पत्तिहरूलाई लक्ष्य बनाइरहेका छन् । ठुला ढुवानी कम्पनीहरूले रातो सागर मार्ग स्थगित गरेका छन् र केप अफ गुड होप हुँदै वैकल्पिक मार्ग अपनाएका छन् । यसले सामान्य ढुवानी पुन:स्थापनाको आशा उल्ट्याउँदै विश्व व्यापार लागत बढाएको छ ।

अमेरिका भित्रै ट्रम्प प्रशासनको विरोध शिखरमा छ । मार्च २८ मा आयोजित 'नो किङ्स' विरोध प्रदर्शनको पछिल्लो लहरमा लाखौं मानिसको सहभागिता एउटा दृष्टान्त हो । देशभर ३,३०० भन्दा बढी कार्यक्रममा करिब ९० लाख मानिस सहभागी भएको अनुमान गरिएको छ । आन्दोलनले अनुमतिबिना सुरु गरिएको युद्ध र बढ्दो जीवनयापन खर्चको विरोध गर्‍यो ।

भूराजनीतिक रूपमा, ट्रम्प विभिन्न एजेन्डाबिच फसेका छन् । फ्रान्सका विदेशमन्त्री जाँ-नोएल बारोले 'इरानमाथि थोपिएको युद्ध' अस्वीकार गर्दै कूटनीतिक समाधानको आह्वान गरेका छन् । जर्मन चान्सलर फ्रिड्रिख मर्जले यो द्वन्द्व 'नाटोको विषय होइन' भनेका छन् तर जर्मनीले अमेरिकासँग गोप्य जानकारी आदानप्रदान गरिरहेको छ । साउदी अरेबिया द्विविधामा छ । द्वन्द्व बढ्ने डर भए पनि अमेरिकाद्वारा प्रदान गरिएको सुरक्षामा निर्भर रहन बाध्य छ । इजरायल भने इरानी आणविक संरचनामाथि आक्रमणका लागि दबाब जारी राख्दै छ ।

आन्तरिक रूपमा, ट्रम्पको लोकप्रियता घट्दै छ । मार्च २५ मा प्रकाशित एसोसिएटेड प्रेस-एनओआरसी सर्वेक्षणअनुसार करिब ६० प्रतिशत अमेरिकीहरूले यो सैन्य अभियान अति भएको दाबी गरे । मार्च महिनाको हार्भर्ड-ह्यारिस सर्वेक्षणले ट्रम्पको कार्यसम्पादन अनुमोदन दर ३ प्रतिशतले घटेर ४३ प्रतिशतमा पुगेको देखाएको छ ।

ट्रम्प प्रशासनभित्रका कर्मचारी फेरबदलहरूले वाशिङटनभित्रको आन्तरिक विभाजन झल्काउँछ । गृह सुरक्षा मन्त्री क्रिस्टि नोएमलाई मार्च ५ मा पदबाट हटाइयो । राष्ट्रिय आतङ्कवादविरोधी केन्द्रका निर्देशक जोसेफ केन्टले मार्च १७ मा इरान युद्ध रणनीतिसम्बन्धी असहमतिको कारण राजीनामा दिए । अप्रिल २ मा ट्रम्पले पाम बन्डीलाई महान्यायाधिवक्ता पदबाट हटाए ।

रिपब्लिकन पार्टी आफैँ विभाजित छ । अप्रिल १ को एपी रिपोर्टअनुसार उपराष्ट्रपति जेडी भान्स र विदेशमन्त्री मार्को रुबियो २०२८ को राष्ट्रपति प्राथमिक चुनावका सम्भावित बलिया उम्मेदवार मानिन्छन् र उनीहरूले ट्रम्प प्रशासनभित्रको भूमिकासँगै आफ्ना भविष्यका राजनीतिक योजनाबिच सन्तुलन कायम गर्नुपर्नेछ । "इरानबारे रुबियो र भान्सले गर्ने अभिव्यक्तिबाट उनीहरूको सोच फरक छ भन्ने स्पष्ट हुन्छ ।" भान्स वर्तमान इरान नीतिसँग पूर्ण सहमत छैनन् र धेरै वरिष्ठ सांसदहरूले नोभेम्बरमा हुने मध्यावधि चुनावअघि नै राजनीतिबाट अवकाश लिने घोषणा गरिसकेका छन् ।

मध्यावधि चुनाव नजिकिँदै गर्दा, इरानसम्बन्धी ट्रम्पका निर्णयहरू उनको राजनीतिक अस्तित्वसँग जोडिएका छन् । आक्रामकता बढाउँदा तेल मूल्यवृद्धि र थप विरोध प्रदर्शनको जोखिम हुन्छ, समन्वय वा सम्झौताले भने उनको 'मेक अमेरिका ग्रेट अगेन' (MAGA) समर्थक र इजरायललाई असन्तुष्ट पार्न सक्छ ।

सैन्य अभियानको लागत पनि अत्यन्त उच्च छ, पहिलो १०० घण्टामा ३.७ अर्ब डलर (प्रतिदिन ८९ करोड) र कुल लागत सम्भवत: १० खर्ब डलरसम्म पुग्न सक्ने अनुमान गरिएको छ । यसर्थ, हर्मुजको जलडमरू ट्रम्पको 'वाटरलू' साबित हुनसक्ने विश्लेषण पेइचिङ रिभ्युको हो ।

*स्रोत : भाग ६९, अङ्क १६, अप्रिल १६, २०२६*
*: भाग ६९, अङ्क १५, अप्रिल ९, २०२६*

# न्यायालय पनि लामो समयदेखि दबाबमा बाँच्ने गरेको देखिन्छ



रामप्रसाद प्रजापति

**न्यायको हक**

न्यायको हक भनेको कानुनी रूपमा न्याय पाउने अधिकार हो । कसैले तपाईंमाथि अन्याय गर्छ भने तपाईंले अदालत वा सम्बन्धित निकायमा गएर निष्पक्ष निर्णय माग्ने अधिकार पाउनु नै 'न्यायको हक' हो ।

न्यायको हकमा मुख्य रूपमा अदालतमा आफ्नो समस्या लिएर उजुरी दिन पाउने हक, कसैको पक्षपातबिना निष्पक्ष सुनुवाइको माध्यमबाट न्याय पाउने हक, सबैलाई कानुनबमोजिम समान रूपमा व्यवहार हुने अधिकार, कानुन व्यवसायी (वकिल) राख्न पाउने हक, ढिला नगरी न्याय पाउने अधिकार हुनुपर्दछ ।

नेपालको संविधानको धारा २० ले न्यायसम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ । संविधानको धारा २० मा देहायबमोजिमको हक अधिकारको व्यवस्था गरेको पाइन्छ ।

"कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।"

पक्राउमा परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ ।

पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन ।

यस सन्दर्भमा हालै नेपाल सरकारले शनिबार र आइतबार हप्तामा दुई दिन बिदा दिने निर्णय गरेपछि अदालत ४८ घण्टासम्म बन्द रहने अवस्था भएकोले २४ घण्टाभित्र अदालतमा उपस्थित गर्ने प्रयोजनका लागि अदालत खुला रहने सर्वोच्च अदालतको पूर्ण बैठकबाट निर्णय गरी मातहतका न्यायिक निकायहरूलाई परिपत्र गरेको छ ।

सर्वोच्च अदालतले चैत २७ गते जारी गरेको परिपत्रमा "२४ घण्टाभन्दा लामो अवधिको बिदा परेमा उपर्युक्त संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि तथा पक्राउ पुर्जीको अनुमति, जरुरी पक्राउ पुर्जीको स्वीकृति र हिरासतमा राख्ने अनुमतिको लागि पेस हुने मुद्दामा निकासको प्रयोजनको लागि बिदाको समयमा अदालत व्यवस्थासम्बन्धी निर्देशिका, २०७५ ले व्यवस्था गरेबमोजिमको आवश्यक प्रबन्ध गर्नु" भनिएको छ ।

त्यस्तै धारा २० मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।

कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध आफै साक्षी हुन बाध्य पारिने छैन । अर्थात् आफू विरुद्धको कुरा बोल्न बाध्य पारिने छैन ।

प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ । प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ । असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ ।

यस अर्थमा नेपाल सरकारले सबै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा एक/एक जना वैतनिक कानुन व्यवसायी रहने व्यवस्था गरेको पाइन्छ ।

**न्यायसम्बन्धी सिद्धान्त**

वास्तवमा न्याय एकले अर्कालाई गर्नुपर्ने व्यवहार हो । आफूले आफ्नो लागि सधैं न्याय गरिरहेकै हुन्छ । न्याय अरुलाई अथवा अर्को पक्षलाई गरिने व्यवहार हो । जुन व्यवहार तपाईंले अरुलाई गर्दा अर्को पक्ष वा अरुलाई दुःख, पीडा, छटपटी, अन्यौल, ढिलासुस्ती हुन्छ भने त्यो व्यवहारले तपाईंले अर्को पक्ष वा अरुलाई न्याय गर्न सक्नु भएन । तपाईंले अर्को पक्षलाई अन्याय गर्दै हुनुहुन्छ ।

न्यायसम्बन्धी सिद्धान्तले न्याय व्यवहारिक रूपमा कसरी गर्ने भन्ने आधारभूत नियमहरूका बारेमा बताउँछन् । ती नियमहरूले न्यायलाई तराजुजस्तै सन्तुलित राख्ने अदृश्य डोरीहरू हुन् ।

न्यायसम्बन्धी सिद्धान्त वा नियमहरू लागू गर्दा समानताको सिद्धान्त, निष्पक्षताको सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त, कानुनको शासन (Rule of Law), उचित प्रक्रिया (Due Process), छिटो छरिटो न्याय, प्रमाणमा आधारित न्यायजस्ता खम्बाहरूमा उचित ध्यान दिनुपर्दछ ।

ती नियमहरूले सबै मानिसलाई कानुनको अगाडि समान रूपमा व्यवहार गर्नुपर्छ । धनी गरिब, शक्तिशाली कमजोर सबै बराबर हुनुपर्छ । निर्णय गर्दा निर्णयकर्ताले कुनै पक्षपात गर्नु हुँदैन । तटस्थ हुनुपर्दछ । विवादमा परेका दुवै पक्षलाई आफ्नो भनाइ राख्ने उचित मौका दिनुपर्दछ । आफ्नो मुद्दामा आफै न्यायाधीश बन्न मिल्दैन । कुनै पनि निर्णय वा दण्ड सजाय गर्दा कानुनले तोकेका निश्चित प्रक्रिया पूरा गर्नुपर्दछ । ढिलो न्याय भनेको अन्यायजस्तै हो, त्यसैले समयमै निर्णय दिनुपर्छ । निर्णय वा फैसला भावना वा अनुमानको आधारमा होइन, तथ्य, सबुद प्रमाणको आधारमा दिनुपर्छ भन्ने जस्ता महत्त्वपूर्ण कुरा न्यायसम्बन्धी सिद्धान्तले बताउँछ ।

अब विचार गरौं के हामीले आफ्नो जीवनमा आफूले यस्तो व्यवहार गर्दै आएका छौं त ? के नेपालका न्यायालयले यस्तो व्यवहार देखाउँदै आएको छ त ?

न्यायिक मन, विवेक, व्यवहार व्यक्तिगत रूपमा हामीले यस्तो व्यवहार न आफ्नो व्यक्तिगत जीवनमा, न नेपालको न्यायालयबाट प्रदर्शन गर्न सकेका छौं ।

यसको लागि गहिरो अध्ययन, सामाजिक व्यवहार, नैतिक शिक्षा, न्याय र विवेकशील मानव समुदायको आवश्यकता पर्दछ ।

तपाईं अस्पतालमा लाइन मिचेर अगाडि बढ्नुलाई सफलता मान्नु हुन्छ भने तपाईं अरु कसैलाई अन्याय गर्दै हुनुहुन्छ ।

तपाईं न्यायालयबाट आफ्नो मुद्दा छिटोछरिटो टुङ्ग्याउन कुनै दबाब दिइरहनुभएको छ, कसैलाई प्रभावित बनाउनुभएको छ भने तपाईंले आफूले न्याय पाउने बहानामा अरु धेरै मानिसलाई अन्याय गर्दै हुनुहुन्छ ।

त्यसैले त न्यायालयले ढिला न्याय गरेकोमा आलोचित हुनु परिरहेको अवस्था विद्यमान छ । न्यायालयले सेवाग्राहीलाई गर्ने व्यवहारले मुद्दा जितेको पक्षले समेत सन्तुष्टि पाए भन्न सकेको अवस्था छैन ।

किनभने, मुद्दा जित्नलाई गर्नुपरेको सङ्घर्ष, दुःख हैरानी, कर्मचारीका व्यवहार, विपक्षी र विपक्षीका कानुन व्यवसायीले देखाउने व्यवहार, न्यायाधीशको मुद्दा पन्छाउने प्रक्रियागत कारण, चर्को शुल्क, ढिलासुस्ती, लामो न्यायिक प्रक्रिया, बढी औपचारिकतालगायतका सयौं कारणहरूले मुद्दा फैसला भएर जितेका पक्षले समेत आफूले न्याय पाएको अनुभूत गर्न सकिरहेको छैन ।

यस्तो अवस्थामा के न्यायालय ( अदालत) र न्यायाधीश/न्याय सेवाका कर्मचारीहरू खुसी र सन्तुष्टि छन् त ?

पक्कै छैन ।

भर्खरै २०८३ सालको वैशाख महिनाको ४ गते शुक्रबार सर्वोच्च अदालतका न्यायाधीश हरि फुयालले सामाजिक सन्जाल, फेसबुकमा बिहान करिब ९:३० बजे सात वटा थोप्लाहरू मात्रै भएको स्टाटस पोस्ट गर्नुभयो ।

उक्त पोस्टमा टिप्पणी गर्ने कसैले पनि उक्त पोस्टलाई सकारात्मक ऊर्जाको सङ्केतको रूपमा लिएका छैनन् । उहाँ रोलक्रममा नेपालको सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुने व्यक्ति हुन् ।

विज्ञहरूका अनुसार अहिले अदालत व्यापक कामगरी खाने नेपाली जनताको हुन सकेको देखिँदैन । सधैं न्यायालय नेता र धनीमानीका मात्रै देखिए । नेपाल प्रहरी, सरकार, अड्डा अदालत र प्रशासन जनताको कहिल्यै हुन नसकेको अनुभूत गर्दछन् ।

कुनै व्यक्तिलाई पक्राउ गरी २४ घण्टामा मुद्दा हेर्ने अधिकारी वा जिल्ला न्यायाधीशसामु प्रस्तुत गर्नुपर्ने कानुन त छ तर न्याय गर्ने ठाउँमा पदासीन व्यक्तिले पक्राउ पर्ने व्यक्तिलाई थुनामा राख्नुपर्ने सबुद प्रमाण लिएर आएको हुँदैन ।

यस्तो अवस्थामा पनि कुनै न्यायाधीशले "पहिले प्रमाण ल्याऊ, अनि थुनाको कुरा गर" भन्दैन । बिनाप्रमाण पक्राउ गरी थुनामा राख्ने अनुमति लिन आउने प्रहरी प्रशासनलाई "यस्तै कुरा लिएर आयौं भने तिम्रो र तिम्रो हाकिमको डिमोसनका लागि सिफारिस लेखी दिन्छु" भन्दैन ।

यस्तो भन्न सक्ने न्यायाधीशको आवश्यकता छ । अनि आम नागरिकको सुरक्षा सम्भव छ । नेपालमा त्यस्तो अवस्था नभएको हुँदा सबै असुरक्षित महसुस गर्दछन् ।

अदालत न्याय गर्ने ठाउँ हो । तर, नेपालमा अदालतहरू पनि लामो समयदेखि दबाबमा बाच्ने बानी परेको छ । नेपालका न्यायाधीशहरूले अनुसन्धान प्रतिवेदन नै नहेरी अहिलेलाई कानुनबमोजिम थुनामा राख्न पाउने अवधि बाँकी नै रहेकोले यति दिनको लागि थुनामा राखी अनुसन्धान गर्नु भन्ने औपचारिक आदेश दिने गरेको पाइन्छ ।

कानुनले प्रस्ट रूपमा किटान नगरिएको अवस्थामा कुनै पनि व्यक्तिलाई थुनामा राख्न पाउने होइन । नेपालमा लगभग सबै मुद्दाहरूमा पहिलो पटक पक्राउ परेको मानिसलाई अदालत लैजाँदाको अवस्थामा प्रहरी वा अपराध अनुसन्धान अधिकृतसँग कुनै प्रमाण हुँदैन ।

प्रहरीले कुनै एउटा सिद्धान्त लिएर गएको हुन्छ । यस्तो यस्तो मुद्दाको श्रीमान् थुन्न पाएदेखि प्रमाण सङ्कलन सजिलो हुन्थ्यो । तर, हाम्रो कुनै न्यायाधीशले भन्दैन कि "पहिले प्रमाण लेऊ, अनि थुनाको कुरा गर ।"

त्यसैले न्यायालय सुधारका लागि न्यायालयको स्रोत सरकार, न्याय परिषद्, सर्वोच्च अदालत र न्यायालयका अङ्गहरूमात्रै नभई समग्र नेपाली जनताको न्यायिक मन, न्यायिक व्यवहारमा सुधारको खाँचो छ ।

*२०८३ वैशाख ६*

# नयाँ युवाहरू, परिवर्तित स्थिति र परिणाम

● एक शिक्षक

**प्रजातन्त्रको पुनः स्थापनापछि चेलीबेटी बेच्ने वा जीउ म्हास्ने मुद्दामा नेपाली काङ्ग्रेस, एमाले अन्य सरकारमा जाने दलका कार्यकर्तासमेत हुन्छन् किनभने पञ्चायत व्यवस्था ढलेपछि ती व्यक्तिहरूमध्ये कोही नेपाली काङ्ग्रेस, कोही एमाले, कोही एमाओवादी र कोही राप्रपाका नेता भए । नेपाली काङ्ग्रेसको सरकारमा डा. रामशरण महत अर्थमन्त्री हुँदा हरेक निर्वाचन क्षेत्रबाट दुई दुई सय जना युवालाई विदेश पठाउने बजेट प्रस्तुत भएपछि सयौं सङ्ख्यामा म्यान-पावर कम्पनी सञ्चालन गर्न दिई ७०-८० लाख युवा विदेश पठाई देशको कृषि अर्थतन्त्र, उद्योग र सेवालाई ध्वस्त गरी रेमिट्यान्सको आयातको नाममा ज्यामी निर्यात गरी देशलाई नवउपनिवेशमा बदल्ने काम भयो ।**

विदेशमा जाने युवाहरूको निश्चित उद्देश्य नहुँदा तिनीहरू छिटछिटो आफ्ना विचार र उद्देश्यहरूमा हेरफेर गर्ने गर्छन् । दुई चार वर्ष नगरपालिका, गाउँपालिका, वडाध्यक्षहरू र नयाँ-नयाँ कानुन व्यवसायीहरू आश्चर्य मानेर हाम्रो समाजमा देखिएका नयाँ पुस्ताका सोच-विचार र आचरण सान्है विवादास्पद हुँदै गएको अनुभव गर्छन् ।

यसबारे औपचारिक र अनौपचारिक बैठक र छलफलहरूमा पनि नयाँ पुस्ताको विवाहसम्बन्धी चिन्तन, नैतिकता र निर्णयहरू २०-३० वर्ष अगाडिको परिवेशसँग मेलको अभाव अनुभव गर्छन् । २०-३० वर्ष अगाडि चीन र भियतनामजस्ता विकासशील देशमा समेत तीव्रत्तर सहरी विकास र गाउँका युवा-युवतीहरूले समेत सहरहरूमा सजिलै रोजगार पाउने भएको हुँदा प्रवेशिका र स्नातक तहसम्म अध्ययन गरेका युवा-युवतीहरू गाउँबाट सहर पुगे ।

सहरमा काम पाएर युवाहरूले आफ्नो अध्ययनलाई अगाडि बढाउने अवसर पाए र पदोन्नति एवम् नयाँ पढेलेखेका युवतीहरूसँगको सङ्गत र आकर्षणले गाउँकी आफ्ना कम पढेलेखेकी पत्नीलाई बिर्सी उनलाई सहर गएर पढ्न आफूले कठिन जीवन बिताएर आफ्नो लोग्नेलाई वर्षौंसम्म आर्थिक सहयोग गरेनन् । व्यक्तिले आफूलाई बिर्सेकोमा दुःख मनाउनु स्वाभाविक हो । आफू द्रुतत्तर सहरी विकास र राम्रो नोकरीको अवसर एवम् समान स्तरकी शिक्षित एवम् दोब्बर-तेब्बर कमाई भएकी नयाँ जीवनसाथी पाएर युवाहरू आफ्नो गाउँ फर्केनन् र सहरी भिलिमिलीमा बिलाए । पुरानो विवाहको कानुनी र नैतिक बन्धनलाई युवाहरूले बिर्से र तिलाञ्जली दिन थाले ।

भियतनामका न्यायाधीश र कानुन व्यवसायीहरूले स्थितिबारे यसरी मूल्याङ्कन गरे - "आजकाल युवाहरू बिहान विवाह दर्ता गर्छन्, दिउँसो झगडा गर्छन्, राति पारपाचुके गर्छन् ।"

नेपालमा पनि गोर्खाभर्ती केन्द्रको परिणाम नेपाली युवाहरू बेलायती, पछि भारतीय र अहिले संरा अमेरिकी अन्य देशका निजी सेनामा समेत भर्ती हुने, खाडी देशमा सस्तो ज्यामी पठाउने प्रवृत्ति एवम् पहिलो र दोस्रो विश्वयुद्ध तथा पश्चिमी देशमा अनेक क्षेत्रीय युद्धमा नेपाली युवाहरू प्रयोग हुँदा नेपालका गाउँ-गाउँमा युवाविहीन भए । एकातिर विदेशी सेनामा नेपाली युवाहरू भर्ती गर्ने प्रवृत्तिले व्यापकता पायो भने ती नै गल्लावालहरू मालिकहरूकै इसारामा गाउँका चेलीबेटीलाई सुरुमा भारतका ठुला-बडाका घरमा पुऱ्याउने गर्थे । पछि कलकत्ता, बम्बई, लखनउ, कानपुर आदि अनेकौं सहरका बेश्यालयमा (कान्छी) बेच्ने व्यापारै चलाइयो । युरोपेली दास व्यापारीहरूले अफ्रिकी दासहरूलाई युरोपेली बजार र अमेरिकी बजारमा घरेलु दास र कपास खेती, कारखाना र अन्य निर्माण व्यवसायमा बेचेजस्तै आज पनि म्यानपावर कम्पनीहरू युवाहरूलाई विदेशमा ज्यामीको नाममा अनेक पेसामा पठाउँदै छन् ।

चेलीबेटीको जीउ म्हास्ने आदि ऐन-कानुनबाट अपराधीहरू पक्राउ त हुन्छन् । तर, १०-१२ वर्ष कैद र २-४ लाख दण्ड-जरिवाना हुने अपराधीलाई ३ महिना कैद र केही हजार रूपैँया जरिवाना तिरेर छोड्छन् । ३०-३२ वर्षका युवकले त्यस्ता अपराध त दर्जनभन्दा बढी पटक गरिसकेका हुन्छन् र २५ देखि ५०-६० चेलीबेटीलाई फसाई बेचिसकेका हुन्छन् । मालिकहरू भने गाउँका सामन्त र जिम्मावाल, ठुला-बडा तथा पञ्चायतका मन्त्री एवम् आजका सांसदहरूसमेत हुन्छन् ।

प्रजातन्त्रको पुनः स्थापनापछि चेलीबेटी बेच्ने वा जीउ म्हास्ने मुद्दामा नेपाली काङ्ग्रेस, एमाले अन्य सरकारमा जाने दलका कार्यकर्तासमेत हुन्छन् किनभने पञ्चायत व्यवस्था ढलेपछि ती व्यक्तिहरूमध्ये कोही नेपाली काङ्ग्रेस, कोही एमाले, कोही एमाओवादी र कोही राप्रपाका नेता भए । नेपाली काङ्ग्रेसको सरकारमा डा. रामशरण महत अर्थमन्त्री हुँदा हरेक निर्वाचन क्षेत्रबाट दुई दुई सय जना युवालाई विदेश पठाउने बजेट प्रस्तुत भएपछि सयौं सङ्ख्यामा म्यान-पावर कम्पनी सञ्चालन गर्न दिई ७०-८० लाख युवा विदेश पठाई देशको कृषि अर्थतन्त्र, उद्योग र सेवालाई ध्वस्त गरी रेमिट्यान्सको आयातको नाममा ज्यामी निर्यात गरी देशलाई नवउपनिवेशमा बदल्ने काम भयो ।

थप विचारणीय विषय हो - अरब देशहरू, मलेसिया, सिङ्गापुर, दक्षिण कोरियाजस्ता देशहरूमा किन नेपाली कामदारहरू पठाउने गरियो ? संयुक्त राज्य अमेरिकी एकाधिकार पुँजीले प्रजातान्त्रिक अधिकारहरू नभएको र मानव अधिकार सान्है कुण्ठित तथा अन्तर्राष्ट्रिय श्रम-ऐनप्रति आस्था नराख्ने देशहरूमा बहुराष्ट्रिय कम्पनीहरूमार्फत बढी नाफा लिन र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी एक नयाँ बजारको श्रृङ्खला तयार गरियो । ती राजावादी देशहरूमा गणतन्त्र नेपाल एउटा महत्त्वपूर्ण ज्यामी निर्यातक हिस्सेदार भए । यहाँनेर पनि अमेरिकी दक्षिण पूर्वी एसियासँग हिन्द-प्रशान्त सैन्य सङ्गठन एमसीसी गुप्तरूपले सुरु गरिएको थियो । यसरी नेपाली युवाहरूलाई विदेशमा पठाउने कम्पनी एक नयाँ दास व्यापार मात्र नभई राजनीतिक रूपले अमेरिकी साम्राज्यवादी जाल नेपालमा बिछ्याइएको देखियो । त्यसैबाट देशको राजनीतिक दबुलीमा नयाँ नयाँ भयानक तर सुकिला लुगा लगाएका चरित्रहरूका नाटक मञ्चन भयो ।

पुँजीवादी व्यवस्था पुँजीको सञ्चालनको निम्ति गल्लावालहरूजस्तै ज्यामी जाने म्यानपावर कम्पनी र नेपाली पुँजी बहुराष्ट्रिय कम्पनीहरूसँग आपसमा जोड्ने दलालहरूको श्रृङ्खला भारतदेखि ब्रुनाइ र जापानसम्म विभिन्न किसिमले जोडिएको देखियो ।

यसैको परिणाम हो, नेपालको घरेलु र परराष्ट्र नीति संयुक्त राज्य अमेरिकी नीतिका पिछलग्गू साबित भयो । यसलाई अर्ध-उपनिवेशवादी वा नयाँ औपनिवेशिक चरित्र भनिन्छ । राणाकालमा बेलायती राजदूत होइन 'रेजिडेन्सी' ले श्री ३ सँग तिब्बतको विषयमा बरोबर सोधपुछ गर्थे, 'के तिब्बतमा रुसीहरू आएका हुन् ?' 'के तिनीहरूले हातहतियार बेच्न खोजेका हुन्' आदि ? सुगौली सन्धिपछि नेपालको बेलायती राजदूतावासलाई 'रेसिडेन्सी' अर्थात् 'अधिनष्ठ देशको अधिकारी वा गभर्नर' को रूप हो । भारतीय स्वतन्त्र देश भएपछि बेलायती रेसिडेन्सी बेलायती राजदूतावासमा फेरियो ।

'नयाँ उपनिवेश' को अर्थ हो - उपनिवेशवादी देशले आफै शासन नगरी परराष्ट्र नीति, आर्थिक, सांस्कृतिक र घरेलु नीतिमा प्रभाव पार्ने व्यवस्था नयाँ उपनिवेशवादी बन्दोबस्त हो । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि यस्तै हो ।

# लेनिन कसरी मार्क्सवादी बन्नुभयो ?

● इथान डेभिडसन




सन् १८८७ को कुरा हो । लेनिन १७ वर्षको हुनुहुन्थ्यो । मस्कोबाट ७०० किलोमिटर टाढा पर्ने कजान विश्वविद्यालयमा उहाँले कानुन पढ्न थाल्नुभयो । चार महिनापछि डिसेम्बरमा राजाले नयाँ 'विश्वविद्यालय कानुन' जारी गरे । यो कानुनले विद्यार्थी सङ्गठनहरू खारेज गर्‍यो । विरोधमा विद्यार्थीहरू सडकमा उत्रे । आन्दोलनका क्रममा लेनिनलाई प्रहरीले पक्राउ गर्‍यो । लेनिनले बढ्दो विद्यार्थी आन्दोलनमा भाग लिनुभयो । यो आन्दोलनको अगुवाइ राजतन्त्रविरोधी साहसी र समर्पित विद्यार्थीले गरेका थिए । उहाँको जीवनी 'जवान लेनिन' भन्छ, "सरकार र उसको शक्तिशाली प्रहरी विभागले सर्वत्र लाखौंको सङ्ख्यामा प्रहरी तैनाथ गरेको थियो । त्यसैले विद्यार्थीहरू सधैं डरमा रहन्थे ।" सन् १८८० को दशकमा म्याक्सिम गोर्की कजानमा विद्यार्थी थिए । उनले कजानमा हुने भूमिगत विद्यार्थी गतिविधिबारे सजीव चित्रण गरेका छन्, आफ्नो संस्मरण 'मेरा विश्वविद्यालयहरू' मा । सहरमा राति अबेला हुने गोप्य बैठकबारे उनले लेखे, "चुक घोप्टाएजस्तो कालरात्रिमा हामी त्यहाँ धेरै मानिसहरूको गन्ध पाउँथे । म विद्यार्थी पोशाकहरूको सरसराहट, खुट्टाको चल्मलाहट, मधुर ख्वाक्कखुक्क र खासखुस सुन्थें । कतै सलाइ बालिन्थ्यो, कुनै व्यक्तिको अनुहारमा उज्यालो पर्थ्यो । भित्तानजिकै भुइँमा धेरै अँध्यारा छायाँहरू बसेको झुलुक्क देखिन्थ्यो । एउटा जवान व्यक्ति झ्यालको पल्लामा आडेस लगाएर बसेको थियो । उसले मलाई मजदुर साथीहरू छन् कि छैनन् भनी सोध्यो । उसले मैले कुन-कुन किताब पढेको छु र फुर्सदमा म के गर्छु भनी जान्न खोज्यो ।"

गोर्कीलाई प्रश्न गर्ने ती युवक थिए - निकोलाइ फेदोसेयेभ । उनी कजानका एक गम्भीर विद्यार्थी नेता थिए । उनकै अध्ययन मण्डलीमा लेनिन सामेल हुनुभएको थियो । फेदोसेयेभले कजानमा एउटा गजबको भूमिगत पुस्तकालयको जोरजाम गरेका थिए । त्यहाँ नारोदनिक परम्पराका कैयन पुस्तक थिए । नारोदनिकहरू किसानहरूको समाजवादको कुरा गर्थे । पुस्तकालयमा कार्ल मार्क्स र फ्रेडरिक एँगेल्सका कालजयी पुस्तक थिए । रुसी मार्क्सवादी सङ्गठन 'मजदुर मुक्ति समूह' का साहित्य पनि थिए । यो सङ्गठन सन् १८८३ मा विदेशमा बस्ने रुसी मार्क्सवादीहरूले खोलेका थिए । फेदोसेयेभले बनाएको त्यही पुस्तकालयमा १८ वर्षको उमेरमा लेनिनले पहिलोपल्ट मार्क्सको कृति 'पुँजी' पढ्नुभयो । यसबारे पछि उहाँले लेख्नुभयो, "फेदोसेयेभ आफूलाई मार्क्सवादी भन्ने सुरुका व्यक्तिहरूमध्ये एक थिए ।"

रुसी आन्दोलनमा मार्क्स चर्चित भइसक्नुभएको थियो । सन् १८७० मा निर्वासनमा रहेका रुसी विद्यार्थीहरूले मार्क्सलाई प्रथम इन्टरनेसनलमा आफ्नो प्रतिनिधि बनिदिन आग्रह गरेका थिए । मार्क्सले त्यसलाई सहर्ष स्वीकार्नुभयो । रुसी विद्यार्थीहरूको आग्रहमा मार्क्सले 'पुँजी' को रुसी अनुवाद प्रकाशित गर्नुभयो । यसरी 'पुँजी' को पहिलो गैरजर्मन अनुवाद सन् १८७० मा छापियो । यो पुस्तक बुझ्न निकै कठिन थियो । त्यसैले रुसको सेन्सरले त्यसलाई छाप्न दियो । सन् १८८० मा मार्क्सले सगर्व लेख्नुभयो, "(रुसमा) 'पुँजी' को व्यापक अध्ययन गरिन्छ र अन्तभन्दा बढी प्रशंसा गरिन्छ ।"

मार्क्स र एँगेल्सले रुसमा क्रान्ति भए त्यसले युरोपभरि क्रान्तिको झिल्को बाल्न सक्ने अनुमान गर्नुभयो । रुस तिनताका पुरानो सामन्ती समाजको पहरेदार थियो । सन् १८६१ मा त्यहाँ भूदास प्रथा उन्मूलन भयो । सन् १८६३ मा पोल्यान्डमा किसान विद्रोह भयो । यसपछि मार्क्सले रुसी किसानहरूमा रुचि लिनुभयो । उहाँले नारोदनिक साहित्यको गम्भीर अध्ययन गर्नुभयो । कतिपय नारोदनिक नेताहरूसँग उहाँको पत्राचार भइरहन्थ्यो । सन् १८८३ मा उहाँको देहान्त हुँदासम्म यो सम्पर्क जारी रह्यो । सन् १८८१ मा नारोदनिकहरूको एउटा समूहले राजाको हत्या गर्‍यो । त्यसबारे मार्क्सले छोरी जेनीलाई पत्रमा लेख्नुभयो, "(तिनीहरू) एकदम गजबका साथी थिए ।" मार्क्स र एँगेल्सले तिनको रणनीतिलाई समर्थन गर्नुभएन । तर पनि लेनिनको भनाइ अनुसार 'शक्तिशाली जारशाहीविरुद्ध मुठ्ठीभर रुसी क्रान्तिकारीहरूको त्यो पराक्रमी सङ्घर्षले ती वृद्ध क्रान्तिकारीहरूको मनमा सहानुभूतिको ढुकढुकी पैदा गर्‍यो ।'

एँगेल्स मार्क्सभन्दा १२ वर्ष बढी बाँच्नुभयो । उहाँले रुसमा भइरहेका नयाँ घटनाक्रमलाई अझ राम्ररी केलाउनुभयो । रुसमा पुँजीवादी उत्पादन सम्बन्धको दबदबा सुरु भएको त होइन भन्ने प्रश्न प्रमुख थियो । सन् १८९४ मा एँगेल्स टुङ्गोमा पुग्नुभयो - रुस पुँजीवादी विकासको बाटोमा हिँडिसकेको थियो । उहाँले भविष्यवाणी गर्नुभयो, "निरङ्कुश जारशाहीको सत्ता ढल्यो भने पश्चिमा चलिरहेको मजदुर आन्दोलनले तीव्रता पाउनेछ र सङ्घर्षलाई अघि बढाउने नयाँ वातावरण पैदा हुनेछ । यसरी आधुनिक औद्योगिक मजदुर वर्गको विजयलाई अझ नजिक ल्याउनेछ । यस्तो सङ्घर्षबिना आजको रुसले कहिल्यै समाजवादी रूपान्तरण हासिल गर्न सक्नेछैन ।"

कजानको दक्षिणमा पर्ने ग्रामीण नगर समारामा लेनिन मार्क्सवादी बन्नुभयो । यो कुरा उहाँले पछि लेख्नुभयो । यो अवधिबारे लेनिनको जीवनी 'जवान लेनिन' मा गजबको चित्रण छ । सन् १८८९ मा कजानका विद्यार्थी मण्डलीहरूलाई सरकारले दबायो; धरपकड गर्‍यो । त्यो दमन हुनुभन्दा ठिक अघि लेनिन समारा जानुभयो । त्यसको एक वर्षपछि उहाँले आफ्नो अध्ययन मण्डलीको लागि 'कम्युनिस्ट घोषणापत्र' लाई रुसी भाषामा उल्था गर्नुभयो । त्यो मण्डलीमा दुई निर्वासित विद्यार्थी लालयान्त्स र स्क्ल्यारेन्को पनि थिए । उनीहरू पछि लेनिनको बोल्शेभिक पार्टीका सदस्य बने । यी तीन साथी मिलेर समारामा नारोदनिकहरूसँग वादविवाद गरिरहन्थे । यिनै बहसबाट उनीहरू समारामा बदनाम भए !

सन् १८९१-९२ मा रुसभरि डरलाग्दो अकाल फैलियो । यसले ठुलो राजनीतिक उथलपुथल ल्याउने एँगेल्सले अनुमान गर्नुभयो । रोग र कुपोषणका कारण ५ लाख रुसीहरूको ज्यान गयो । अकालले समाराका अध्ययन मण्डलीहरूमा व्यवहारिक समस्या ल्यायो । नारोदनिकहरूले भोका किसानहरूको पेट भर्न राहत खाजाघर खोल्नुपर्ने विचार राखे । राहत खाजाघरमा भाग लिन नमानेपछि लेनिनको अध्ययन मण्डलीले नैतिक आलोचना खेप्नुपर्‍यो । 'जवान लेनिन' भन्छ, "मार्क्सवादीले भोकालाई सहायता दिने कुराको विरोधमा थिएनन् । बरु समाजसेवाको केही चम्चा खानाले भोकको सागर भर्न सकिन्छ भन्ने भ्रामक विचारको विरोधमा थिए । उनीहरूको नजरमा सामाजिक विपदले ल्याएको परिणामको उपचार गर्नुभन्दा ठुलो समस्या त्यसको कारकलाई जरैबाट उखेल्नु थियो ।"

समारामा लेनिनले मार्क्स र एँगेल्सबाट सिकेका कुरा रुसमा लागु गर्न सुरु गर्नुभयो । रुसको अर्थतन्त्र र किसानबारे छापिने हरेक नयाँ किताब उहाँले खोजीखोजी पढ्नुभयो । मर्नुभन्दा अगाडिसम्म पनि मार्क्सलाई सताइरहेको प्रश्नमा लेनिन केन्द्रित हुनुभयो । त्यो प्रश्न थियो - रुसमा पुँजीवादको विकास । रुसको विकासलाई बुझ्नका लागि लेनिनले मार्क्सको 'पुँजी' लाई उपयोग गर्नुभएको उहाँका सुरुका लेखहरूमा देख्न सकिन्छ । यो एकदम अप्ठ्यारो काम थियो । तर पनि स्वतन्त्र ढङ्गले लेनिन पनि एँगेल्सले निकाल्नुभएको निष्कर्षमा पुग्नुभयो । उहाँले लेख्नुभयो, "रुस एकदम तीव्र गतिमा पुँजीवादी औद्योगिक राष्ट्रमा रूपान्तरण हुँदै छ ।" यो निष्कर्षसँगै लेनिनको व्यवहारिक जीवनमा परिवर्तन आयो ।

सन् १८९३ मा उहाँले समारा छोड्नुभयो र राजधानी सेन्ट पिटर्सबर्ग जानुभयो । त्यहाँ उहाँ मजदुर आन्दोलनसँग नजिक रहेर काम गरिरहेका विद्यार्थी मण्डलीहरूमा भर्ती हुनुभयो । चाँडै नै लेनिन कारखानामा हुने आन्दोलनहरूमा सामेल हुनुभयो । उहाँले मजदुरहरूसँग तिनको अवस्थाबारे कुराकानी गर्नुभयो; मजदुरहरूबिच बाँड्न पर्चाहरू लेख्नुभयो । सन् १९०२ को एउटा पर्चाको शीर्षक थियो - के गर्ने ? त्यसको फुटनोटमा मजदुर हडताली छँदाका लेनिनका भोगाइ पढ्न पाइन्छ । फुटनोटमा उहाँले लेख्नुभयो, "ती घटना मलाई हिजोजस्तै लाग्छन् । त्यो मेरो 'पहिलो प्रयास' थियो । आज हुन्थ्यो भने मैले कहिल्यै त्यसो गर्ने थिइनँ । म हप्तौं हप्ता 'बडो हौसिएर' एक मजदुरलाई उनले काम गर्ने विशाल उद्योगका अन्तर-कुन्तरबारे सोधी-सोधी हैरान पारेँ । ती मजदुरले मुसुमुसु हाँस्दै र पसिना पुछ्दै भने, 'तिम्रा प्रश्नहरूको जवाफ दिन ओभरटाइम काम गर्दा भन्दा गाह्रो छ !'"

उद्योगतन्त्रलाई आधुनिक बनाउन र दक्ष जनशक्तिमा पहुँच बढाउन जारशाही सरकारले पिटर्सबर्गमा मजदुर विद्यालयहरू खोल्यो । तर, यी आइतबारे विद्यालयहरूमा पढाउने शिक्षकहरू प्रायः राजतन्त्रविरोधी बुद्धिजीवी हुन्थे । नादेज्दा क्रुप्सकाया र लेनिनले पनि ती विद्यालयमा पढाउनुभयो । उहाँहरूले मजदुरहरूसँग भेट्न र उनीहरूसँग समाजवादबारे छलफल गर्नलाई यी विद्यालयको प्रयोग गर्नुभयो । लेनिनले लिनुभएको एउटा कक्षाबारे क्रुप्सकायाले आफ्नो संस्मरणमा लेख्नुभयो । उहाँले लेख्नुभयो, "उहाँले मजदुरहरूलाई मार्क्सको 'पुँजी' पढेर सुनाउनुभयो र त्यसको अर्थ बताउनुभयो । कक्षाको दोस्रो चरणमा उहाँले मजदुरहरूसँग तिनको काम र कारखानाको अवस्थाबारे प्रश्नहरू सोध्नुभयो । ती उदाहरणबाट उहाँले समाजको समग्र संरचनामा तिनको जीवन कहाँनिर छ र विद्यमान व्यवस्थालाई कसरी बदल्न सकिन्छ भनेर बताउनुभयो ।"

तर, यी शिक्षकहरू आफै विद्यार्थी बन्दै थिए । सन् १८९५ को अन्त्यतिर पिटर्सबर्गको कपडा कारखानाहरूमा रुसको पहिलो आम हडताल भयो । यहाँ आएर लेनिन भर्ती हुनुभएको एउटा मण्डलीका अभियन्ता थिए बोरिस गोरेभ । उनले पछि ती दिनबारे संस्मरण लेखे । एक दिन उनी कामबाट घर फर्के । घरमा दुईजना सहकर्मीहरू 'खुब रमाउँदै नाचिरहेका थिए' । धेरै अभियन्ताहरूले वर्षौंदेखि खतरनाक र शासकहरूले माफी नगर्ने गतिविधि गर्दै आएका थिए । उनीहरूको मिहिनेत खेर गएन । मजदुर हडतालहरू हुन थाले । हडताल हुँदा लेनिन नाच्नुभएको थियो कि थिएन ? हामीलाई थाहा छैन । तर, उहाँले तिनताका लेखेका रचनाहरूमा त्यस्तै उमङ्ग पाइन्छ । लेनिनले बुझ्नुभयो - आइतबारे विद्यालयमा चलाइने कक्षाले भन्दा वर्गसङ्घर्षले मजदुरहरूलाई धेरै कुरा सिकायो । उहाँले लेख्नुभयो, "यी हडताल दबाउन सरकारले सेना र प्रहरीलाई परिचालन गर्‍यो । हडतालहरूले मजदुरहरूलाई तिनको वास्तविक शत्रु चिनाए; मजदुर वर्गलाई राजनीतिक अवस्था र राजनीतिक आवश्यकताहरू बुझ्न सिकाए ।"


पिटर्सबर्गमा भएका हडतालहरू हेर्नका लागि मार्क्स र एँगेल्स जीवित रहनुभएन । हडताल सुरु हुनुभन्दा केही महिनाअघि एँगेल्सको निधन भयो । रुसको अवस्थासँग मजदुर आन्दोलनको उभारलाई जोड्ने जिम्मेवारी लेनिनको काँधमा आयो । हडतालपछि लेनिन पक्राउ पर्नुभयो । उहाँलाई निर्वासनमा पठाइयो । निर्वासनमा उहाँले समारामा सुरु गरेको काम पूरा गर्न पाउनुभयो । सन् १८९९ मा लेनिनको पुस्तक 'रुसमा पुँजीवादको विकास' प्रकाशित भयो । झन्डै एक दशक लामो लेनिनको मिहिनेतको प्रतिफल थियो त्यो । मार्क्स र एँगेल्सले जीवनका आखिरी वर्षहरूमा जुन काममा आफूलाई समर्पित गर्नुभएको थियो, त्यो काम पूरा भयो । धेरै अर्थमा लेनिन एक शिष्यबाट गुरु बन्नुभयो ।

लेनिनलाई विश्वविद्यालयबाट निकाला गरियो । त्यसपछि उहाँले मार्क्स र एँगेल्सको अध्ययन गर्न थाल्नुभएको थियो । केही वर्षपछि समारामा उहाँ एक सक्रिय मार्क्सवादी बन्नुभयो । तैपनि उहाँले मार्क्स र एँगेल्सको अध्ययन कहिल्यै छोड्नुभएन । पछि क्रुप्सकायाले लेख्नुभयो, "क्रान्तिका एकदम अप्ठ्यारा मोडहरूमा लेनिनले फर्केर मार्क्सलाई अध्ययन गर्नुहुन्थ्यो । 'मार्क्स र एँगेल्सका शिक्षाहरू जन्तर होइनन्, बरु काममा मार्गदर्शक हुन्' - लेनिन बारम्बार यी शब्द दोहोर्‍याउनुहुन्थ्यो ।" मार्क्स र एँगेल्सका रचनालाई लेनिनले धर्मग्रन्थलाई जस्तै पुजा गर्नुभएन । लेनिनको विचारमा ती रचनाहरूले इतिहासको निश्चित खुड्किलोमा नयाँ अर्थ लिन्थे र थप कामका लागि मार्गदर्शकको काम गर्थे । यसरी, उहाँले जसरी मार्क्स र एँगेल्सको अध्ययन गर्नुभयो, त्यो लेनिनलाई अध्ययन गर्ने तरिका पनि हो ।

लेनिन एक्लै हुर्किनुभएन । बरु क्रान्तिकारीहरूको एउटा सग्लो पुस्तासँगै हुर्किनुभयो । मार्क्स र एँगेल्सको अध्ययनले मात्र उहाँलाई फरक बनाएन । कानुनको विद्यार्थी छँदाका सुरुआती दिनदेखि नै लेनिनमा आसपास भइरहेको कहालिलाग्दो शोषण र थिचोमिचोप्रति आक्रोश थियो । उहाँ मनैदेखि क्रान्तिकारी हुनुहुन्थ्यो । उहाँले यतिबिघ्न अकल्पनीय अन्याय जन्माइरहेको समग्र व्यवस्थालाई नै ध्वस्त पार्न अठोट लिनुभयो ।

यो व्यवस्था राजतन्त्र मात्र होइन, बरु पुँजीवाद हो र श्रमजीवी जनताले मात्र समस्त मानव जातिलाई मुक्त गर्न सक्छ भनी मार्क्सवादले उहाँलाई सिकायो । शोषण, दमन, युद्ध, जातिवाद, लिङ्गवाद वा राष्ट्रवादबाट मुक्त संसारमा बाँच्नु नै लेनिनको उद्देश्य थियो । मार्क्स र एँगेल्स तथा समाजवादको उद्देश्य पनि त्यही थियो । यसैका लागि लेनिनले आफ्नो जीवनको एकएक पल सुम्पिनुभयो । यो उत्प्रेरणा किताबहरूबाट लिन सकिन्न ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*



# नवउदारवादले ल्याउने दुई विग्रह

प्रभात पटनायक

इरानविरुद्ध अमेरिका र इजरायलको युद्धमा भारत सरकारले अपनाएको नीतिमा अपत्यारिलो लाछीपन देखिन्छ । बेलायतले हालै आयोजना गरेको बैठकमा भारत पनि सहभागी भयो । बैठकमा हर्मुज जल-नाका बन्द गरेकोमा इरानको कडा आलोचना भयो । तर, इरानविरुद्ध अमेरिका र इजरायलले गरेको आक्रमणबारे एक शब्द पनि बोलिएन । यसैगरी, खाडी मुलुकहरूमा इरानले आक्रमण गरेको हुनाले संयुक्त राष्ट्रसङ्घको महासभामा इरानको आलोचना गर्दै एउटा प्रस्ताव पारित गर्‍यो । त्यसमा भारतले पनि हस्ताक्षर गर्‍यो । (जब कि इरानले ती मुलुकहरूमा रहेका अमेरिकी सैन्य अखडामाथि मात्र प्रहार गरेको थियो ।) राष्ट्रसङ्घको यो प्रस्तावमा समेत इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणको निन्दा गरिएन । (यो प्रस्तावलाई UNGA भनिन्छ ।) ध्यान दिनुपर्ने अर्को घटना पनि छ । इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको हत्या भयो । भारतले धेरै दिन लगाएर बल्लतल्ल शोक व्यक्त गर्‍यो । अमेरिका-इजरायलले इरानको मिनाब सहरमा १७५ निर्दोष स्कुले छात्राहरूको कायरतापूर्ण हत्या गरे । त्यसमा प्रतिक्रिया जनाउन भारतलाई कैयन हप्ता लाग्यो ।

लाछीपन भारतले मात्र देखाएको होइन । राष्ट्रसङ्घले पारित गरेको बेइमान र कपटी प्रस्तावमा १३५ देशले सहमति जनाए । अमेरिकालाई नचिढाउन उनीहरूले इरानको बदख्वाइँ गरेको बुझ्न सकिन्छ । संसारका दुईचार देशबाहेक इरानविरुद्ध अमेरिका र इजरायलले चलाइरहेको अवैध र अनैतिक युद्धको कडा शब्दमा निन्दा गर्ने हयाउ कसैले देखाएका छैनन् । यो एकदम गम्भीर विषय हो । इरानमाथिको आक्रमणले सार्वभौमसत्ताको अवधारणा नै नष्ट गरेको छ । उपनिवेशवादविरोधी सङ्घर्षको मूल मुद्दा यही थियो । विश्वभरि उपनिवेशवादको अन्त्यसँगै हरेक देश सार्वभौम हुन्छ भन्ने अवधारणा फस्टाएको थियो । तर, इरानमाथि अमेरिकी आक्रमणले उपनिवेशवादविरोधी सङ्घर्षको मूल तर्क नै नष्ट गरेको छ ।

तेस्रो विश्वका मुलुकहरूको यो कायरता आफैमा छलकारी छ । यी देशहरूले लामो समयसम्म उपनिवेशवादविरुद्ध कठिन सङ्घर्ष गरेका थिए । विगतका तिनै सङ्घर्षबाट उनीहरू स्वतन्त्र र सार्वभौम मुलुक बनेका थिए । अमेरिकी साम्राज्यवादको सैन्यबलले तेस्रो विश्वकै मित्र मुलुक (इरान) को सार्वभौमिकता मिच्दा उनीहरू कसरी मौन बस्न सक्छन् ?

यो प्रश्नको जवाफ अलि जटिल छ । तर, यसको जवाफ दिँदा तेस्रो विश्वमा नवउदारवादी अर्थनीतिले ल्याउने दुई विग्रह प्रस्ट हुन्छ । नवउदारवादी अर्थनीतिले उपनिवेशवादविरोधी सङ्घर्षबाट जन्मिएको 'राष्ट्र' को अवधारणामा विग्रह ल्याउँछ । 'राष्ट्र' को यो अवधारणा युरोपको भन्दा आधारभूत रूपमै फरक छ । युरोपमा वेस्टफालियाली शान्ति सन्धिहरूबाट 'राष्ट्र' को अवधारणा विकास भएको थियो । युरोपको र तेस्रो विश्वको 'राष्ट्र' को अवधारणामा तीन भिन्नता छन् । पहिलो, तेस्रो विश्वको 'राष्ट्र' समावेशी थियो र यसले 'भित्री शत्रु' चिन्दैनथ्यो । दोस्रो, युरोपको राष्ट्रवादभन्दा विपरीत यसले साम्राज्यवादी अभीष्ट राखेन । ( खासगरी टाढा देशका प्राकृतिक स्रोतसाधनमा उसले आँखा गाडेन ।) तेस्रो, यसले राष्ट्रलाई जनताभन्दा माथि राखेन बरु जनताको सेवा गर्नु नै 'राष्ट्र' को 'कर्तव्य' हो भन्यो ।

'राष्ट्र' को समावेशी अवधारणा बन्नुको खास कारण छ । उपनिवेशवादविरोधी सङ्घर्ष वास्तवमा एउटा बहु-वर्गीय सङ्घर्ष थियो । स्वतन्त्रतापछि राज्य-नियन्त्रित अर्थनीति अपनाउनुको कारण पनि थियो । यो नीतिले अन्ततः पुँजीवादी विकासलाई नै मलजल गरे पनि यसले 'राष्ट्रिय' विकास हासिल गर्ने नाममा झाङ्गिँदो पुँजीवादलाई काँटछाँट गर्न खोज्यो । स्वतन्त्रता सङ्घर्षको बहु-वर्गीय जगलाई जोगाउनका लागि यो नीति लिइएको थियो । त्यो बेला एकाधिकार पुँजीपतिहरूले समेत यो नीतिको विरोध गरेनन् । उनीहरू राज्यले साम्राज्यवादभन्दा पर बसेर तुलनात्मक स्वायत्तताको अभ्यास गर्ने खालको विकासको बाटो हिँड्न चाहन्थे । सरकारी उद्योगधन्दा र पूर्वाधारको आकार ठुलो हुनु सोही छनोटको हिस्सा थियो । पछि राज्य-नियन्त्रित अर्थतन्त्र चलाइरहेका यी मुलुकले असंलग्न परराष्ट्र नीति अङ्गीकार गरे । यो नीतिले साम्राज्यवादबाट तुलनात्मक रूपमा स्वायत्त रहेर विकासको बाटोमा हिँड्ने अभिलाषालाई टेवा दियो । प्रसिद्ध अर्थविद् मिखाल कलेच्कीले यस्ता मुलुकलाई 'मध्यमार्गी मुलुक' भने र यस्ता मुलुकको निर्णय शक्ति मध्यम वर्गको हातमा हुने बताए । यी दुवै निष्कर्ष लगत थिए । तर, उनले एउटा कुरा सही भने - (सरकारी उद्योगधन्दामा) राज्य पुँजीवाद र असंलग्न परराष्ट्रनीति एउटै सत्ताका दुई विशिष्ट पक्ष हुन् ।

पुँजीको विश्वव्यापीकरण भएपछि स्थिति बदलियो । देशभित्रका एकाधिकार पुँजीपतिहरूले विश्वभरि फैलिएको पुँजीसँग घाँटी जोडे । उनीहरूले साम्राज्यवादबाट तुलनात्मक स्वायत्त रहेर विकासको बाटोमा हिँड्ने मुद्दालाई परित्याग गरे । उच्च तहका पेशेवरहरू र कर्मचारीतन्त्रको एक तप्काले आफ्ना सन्तानलाई साम्राज्यवादी मुलुकमा पढेको र त्यही जीवनयापन गरेको हेर्न चाहन्थ्यो । यो तप्का विश्वव्यापी रूपमा फैलिएको पुँजीको आडमा बनेको नवउदारवादी सरकारको पक्षमा उभियो । भूमिपतिहरूले पनि यही नवउदारवादी व्यवस्थामा फलिफाप हुन खोजे । नवउदारवादी अर्थनीतिले एकातिर पुँजीवादलाई निर्बाध रूपमा फैलिन दियो ।



अर्कोतिर, यो अर्थनीति मजदुर, किसान, खेती मजदुर, साना उत्पादक र निम्न तनखाभोगीहरूविरुद्ध जाइलाग्यो । उपनिवेशवादविरोधी सङ्घर्षको बेला बनेको वर्गीय एकतामा एउटा चिरा पर्‍यो, विग्रह आयो ।

साम्राज्यवादविरोधी 'राष्ट्र' अब मुख्य मुद्दा रहेन । बरु ठुलो पुँजी मुख्य मुद्दा बन्यो । तीव्र 'विकास' लाई संस्थागत गर्ने बाटोमा उभिने सामाजिक समूहहरूविरुद्ध जाइलाग्ने बहुराष्ट्रिय पुँजी मुख्य आकर्षण बन्यो । (यस्तो तीव्र 'विकास' मा आर्थिक वृद्धि वा 'जिडिपी' मुखी हुन्छ ।) जनतालाई झुक्याउँदै ठुलो पुँजीको स्वार्थलाई नै 'राष्ट्रिय स्वार्थ' को रूपमा अघि बढाइयो । 'राष्ट्रिय स्वार्थ' लाई मलजल गर्नु सबै वर्गको कर्तव्य हो भनियो । यसरी 'राष्ट्र' को अर्थ नै बदलियो । उपनिवेशवादविरोधी सङ्घर्षबाट बनेको 'राष्ट्र' को अवधारणामा विग्रह आयो । साम्राज्यवादी प्रभुत्वबाट 'राष्ट्र' लाई स्वतन्त्र राख्नु अब कुनै लक्ष्य रहेन । नवउदारवादी संरचनाभित्र चलिरहेको सरकारले त्यो लक्ष्यलाई असान्दर्भिक ठान्यो ।

पहिलो 'विग्रह' यही हो । यही विग्रहका कारण नवउदारवादी सरकारहरूले देशको सार्वभौमिकता रक्षा गर्ने उद्देश्यले निर्णय लिँदैनन् । बरु ठुला पुँजीलाई भौतिक रूपमा लाभ दिने उद्देश्यले निर्णय गर्छन् । यसरी आज ठुला पुँजीको हित रक्षा गर्नु नै 'राष्ट्र' को नयाँ अर्थ बन्न पुगेको छ । आक्रमणबाट पीडित इरानको पक्षमा उभिनुभन्दा अमेरिका-इजरायल गठबन्धनको पक्ष लिनु बढी फाइदाजनक छ - दक्षिणी गोलार्द्धका देशहरूमा रहेका ठुलो पुँजीका शुभचिन्तकहरूले यही ढर्रामा सोच्दै छन् । राष्ट्रसङ्घलगायत मञ्चहरूमा इरानविरुद्ध प्रस्ताव पारित भइरहँदा तेस्रो विश्वका मुलुकहरूले कानमा तेल हालेर बस्नुको एउटा कारण यही हो ।

नवउदार अर्थनीतिले दोस्रो 'विग्रह' पनि ल्याएको छ । कुनै बेला निर्यातमुखी आर्थिक वृद्धि ल्याउँछ भन्दै दक्षिणी गोलार्द्धका मुलुकहरूलाई नवउदार अर्थतन्त्रको 'बुटी बेचिएको थियो' । ( नेपालमा नेपाली काङ्ग्रेसले यो 'बुटि' भित्र्याएको थियो भने सत्तासीन दल रास्वपाले 'नवउदार' शब्दलाई छोट्याएर 'उदार' अर्थनीति शब्द प्रयोगमा ल्याएको छ । अनु.) यसरी खालि राज्य-नियन्त्रित अर्थतन्त्र मात्र होइन संसारका सारा देशको 'जिडिपी' वृद्धिदर उच्च हुने बताइएको थियो । तर, यो दाबी पूर्णतया झूटो थियो । धेरै देशले निर्यातमुखी वृद्धिको रणनीति लिँदैमा विश्वको कूल मागको वृद्धिदर बढ्दैन । त्यसैले यो रणनीतिलाई सबै देशमा लागु गर्ने नवउदार प्रणालीले खासमा ती सबै देशलाई जबर्जस्ती एकअर्काविरुद्ध डार्विनवादी प्रतिस्पर्धामा होम्छ । यो होडबाजीमा सबैले 'छिमेकीलाई कङ्गाल बनाऊ' भन्ने नीति लिन्छन् । (नेपालमा भारतीय एकाधिकार पुँजीको नीति पनि यही देखिन्छ । अनु.)

निर्यातमुखी वृद्धि रणनीति अपनाएर कतिपय देशले पहिलेको भन्दा उच्च वृद्धिदर हासिल गरेका छन् । कतिपय देश भने यो नीतिका कारण न्यून वृद्धिदरमा खस्केका छन् । यसरी खस्किने देशको मूल्य चुकाएर नै कतिपय देशले उच्च वृद्धिदर हासिल गरेका हुन् । एकअर्काको घाँटी छिनाल्न कस्सिने देशहरूलाई आपसमा 'सहकार्य' गरिरहेको भन्न मिल्दैन । तसर्थ, नवउदार अर्थनीतिले दक्षिणी गोलार्द्धका देशहरूलाई व्यवहारतः असंलग्न परराष्ट्र नीति परित्याग गर्न लगाउँछ । जब कि कुनै बेला साम्राज्यवादको सामना गर्नका लागि यी देशहरूले यो विशिष्ट परराष्ट्रनीतिको बाटो अपनाएका थिए । आज दक्षिणी गोलार्द्धका देशहरू नवउदार अर्थ-संरचनाभित्र रहेर उच्च जिडिपी वृद्धिदर हासिल गर्न तल्लीन छन् । यसका लागि उनीहरू सकेसम्म ठुलो बहुराष्ट्रिय (साम्राज्यवादी) लगानी भित्र्याउने सुरमा छन् । छिमेकी देशहरूलाई माथ दिन उनीहरू साम्राज्यवादको समर्थन लिने ध्याउन्नमा छन् । यसले असंलग्न आन्दोलनमा चिरा पारेको छ । दोस्रो विग्रह यही हो । इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणका सन्दर्भमा दक्षिणी गोलार्द्धका धेरै देशहरूले किन मौनता साधे । उनीहरूको यो रवैया झट्ट हेर्दा छलकारी लागे पनि यो कुनै छलछाम होइन । केही समय यता नवउदारवादी अर्थनीतिले आफ्नो काम गर्दै आएको छ । यसले राष्ट्रको अवधारणा र असंलग्नताको अवधारणालाई ध्वस्त पार्दै छ । यसले गर्दा यी अवधारणाको साम्राज्यवादविरोधी मर्मलाई लत्याइँदै छ । त्यसको ठाउँ वैकल्पिक अवधारणाले लिँदै छ । यो नयाँ अवधारणाले सबथोक एकातिर पन्छ्याएर साम्राज्यवादको खुसामद गर्ने कार्यलाई प्राथमिकता दिँदै छ । यही प्रक्रियाको नतिजा आज हामी देख्दै छौँ ।

पुँजीवाद आफूविरुद्ध गरिने सामूहिक अभ्यासविरुद्ध एकदम आक्रामक छ । ट्रेड युनियनले जस्तो सामान्य सामूहिक अभ्यास गर्‍यो भने पनि पुँजीवादले सहँदैन । यसले आर्थिक एजेन्टहरूलाई टुक्राटुक्रा पार्छ । नवउदार पुँजीवाद भन्नु नै पुरानो निर्बाध र अनियन्त्रित पुँजीवादमा फर्किनु हो; आर्थिक एजेन्टहरूलाई टुक्राटुक्रा पार्ने प्रवृत्तिलाई प्रश्रय दिनु हो । यसको लागि दुई तरिका अपनाइन्छ - उपनिवेशवादविरोधी सङ्घर्षमा सहभागी हुँदा जन्मेको वर्गीय एकतालाई तोड्ने; र, साम्राज्यवादी वर्चस्वविरुद्ध दक्षिणी गोलार्द्धका देशहरूले सामूहिक विरोध प्रकट गर्नका लागि खडा गरेको असंलग्न आन्दोलनलाई ध्वस्त पार्ने ।

तसर्थ, इरानका जनताप्रति ऐक्यबद्धता जनाउने दायित्व दक्षिणी गोलार्द्धका जनताको काँधमा छ । शासनमा विराजमान ठुला पुँजीपतिहरूको स्वार्थरक्षामा तल्लीन सरकारहरूबाट केही आस गर्न सकिन्न । दक्षिणी गोलार्द्धका देशहरूको सार्वभौमिकता फिर्ता ल्याउन अमेरिका-इजरायलसँग इरानले गरिरहेको सङ्घर्षको ठुलो महत्त्व छ ।

*(लेखक भारतका अर्थविद् तथा राजनीतिक विश्लेषक हुन् । राजनीतिक अर्थशास्त्रसम्बन्धी उनका धेरै पुस्तक प्रकाशित छन् । स्रोत : एमआर अनलाइन । सम्यक)*




# आज इरान, भोलि अफ्रिका

● तफी म्हका

इरानमाथि इजरायल र अमेरिकाको आक्रमणका क्रममा केही साताभित्रै हजारौँ मारिए । आक्रमणको पहिले दिनमै 'सजरेह तैयबेह' बालिका प्राथमिक विद्यालयमा बम खस्दा १७५ कलिला बालिकाहरू तथा विद्यालयका स्टाफ मारिएका थिए । उसो त यस्तो हिंसाको लामो र परिचित इतिहास छ । गाजादेखि लेबनानसम्म र अहिले इरानमा आमनागरिकले साम्राज्यवादको मूल्य तिरिरहेका छन् । खासमा विश्वशक्ति र तिनका सहायकको आक्रामकताको सिकार आमनागरिकहरू मात्र भएका छैनन् । २८ फेब्रुअरीको इजरायली आक्रमणमा इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनी र वरिष्ठ सैन्य अधिकारीसमेत मारिएका थिए ।

अफ्रिकीहरूका लागि हजारौँ किलोमिटर टाढा घटेको यस सङ्कट दूरीका हिसाबले टाढा भए पनि भोगाइका हिसाबमा भने टाढा छैन । खाडीमा देखिएको अस्थिरताले अफ्रिकाभर इन्धन मूल्यमा देखिएको वृद्धि त अन्यत्र पनि देखिएकै परिघटना हो । तर, यस द्वन्द्वमा अफ्रिकाको सम्बन्ध आर्थिक मात्र नभई कानुनी र राजनीतिक पनि छ । अर्थात्, एउटा राज्यले अर्को राज्यमाथि बल प्रयोगको प्रश्नले सीधै अफ्रिकी देशलाई पनि छुन्छ ।

संयुक्त राष्ट्र सङ्घको बडापत्रको 'धारा २ (४)'ले राज्यहरूलाई आत्मरक्षाबाहेकको अवस्थामा वा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अनुमतिबाहेक अर्को देशको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध सैन्य बल प्रयोग गर्न निषेध गर्छ । यस सिद्धान्तलाई लामो समयदेखि अन्तर्राष्ट्रिय व्यवस्थाको केन्द्रबिन्दु मानिन्छ । इरानमाथि भएको आक्रमणमा भने यी दुईमध्ये कुनै पनि सर्त पालना गरिएन । अफ्रिकी देशले धेरै पहिलेदेखि देखे-भोगेको के हो भने लोकतन्त्र, मानव अधिकार वा मानवीय सुरक्षाका नाममा पश्चिमले गर्ने सैन्य अभियान छिट्टै तिनको घोषित उद्देश्यभन्दा धेरै टाढा विस्तार हुने गर्छ ।

लिबिया यसको उदाहरण हो । मार्च २०११ मा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले 'प्रस्ताव १९७३' लागू गर्‍यो । प्रस्तावले परिषद्लाई लिबियामा कर्नल मुअम्मर गद्दाफीविरुद्ध उठेको विद्रोहका क्रममा आमनागरिकको जिउधन जोगाउन 'सबै आवश्यक उपाय' अपनाउने अधिकार दियो । केही महिनाभित्रै, नेटो राष्ट्रका विमानले लिबियाभरि व्यापक बमबारी सुरु गरे । लिबियाका सैन्य प्रतिष्ठान र सरकारी पूर्वाधार मुख्य निसानामा परे । अभियानमा उल्लेख्य नागरिकसमेत मारिइरहेका थिए । आक्रमणले लिबियाली अफ्रिकी सरकार अत्यन्त हिंसात्मक तवरले अपदस्थ भयो र सो देशका नेता भिडबाट मारिए । धेरै अफ्रिकीका लागि यो आक्रमण खुसीको घटना थिएन ।

नेटोको हवाई आक्रमण र गद्दाफीको हत्याको एक दशकभन्दा बढी समय बितिसक्दा पनि लिबिया राजनीतिक रूपमा विभाजित छ । त्रिपोली र पूर्वी लिबियामा दुई प्रतिद्वन्द्वी सरकार छन् । बाँकी देशको ठुलो भागमा सशस्त्र मिलिसिया सक्रिय छन् । लिबियाको पतन खासमा दक्षिणतर्फको साहेल क्षेत्रमा अस्थिरता सिर्जनाको प्रस्थानविन्दु बन्यो । लिबियाबाट लुटिएका हतियार प्रयोग भएर मालीमा सन् २०१२ को विद्रोह तीव्र बन्यो । मालीबाट सुरु भएको हिंसात्मक इस्लामिक विद्रोहले छिमेकी निजेर र बुर्किनाफासोलाई पनि लपेटेर अझै रोकिएको छैन । विद्रोहलाई देखाएर ती तीनवटै देशमा सैन्य कु भयो । त्यसले विद्रोहमा झन् आगोमा घिउको काम गर्‍यो । वास्तवमा, इरान, लिबिया र कङ्गोको लोकतान्त्रिक गणतन्त्रमा जब नेताहरूले देशको रणनीतिक स्रोतमाथि (इरान र लिबियाको हकमा तेल, कङ्गोको हकमा धातुजन्य खनिज) राष्ट्रिय नियन्त्रण स्थापित गर्न खोजेपछि पश्चिमसँग टकराव सुरु भएको देखियो ।

संयुक्त राष्ट्र सङ्घ र यसको बडापत्र शक्तिशाली पश्चिमी राष्ट्रबाट अफ्रिका र अन्य भेगका कजोर देश खुला रूपमा लुट्न रोक्न सक्ने सीमित अवरोधमध्ये एक हो । यसैले अफ्रिकी नेताहरूले इरानमाथिको आक्रमणको स्पष्ट विरोध गर्दै अफ्रिकी सङ्घ र संयुक्त राष्ट्र संघको महासभामार्फत साम्राज्यवादी शक्तिका विभिन्न रूपको सामना गर्नुपर्छ ।

अफ्रिकी राज्यले मे २५, १९६३ मा आदिस अबाबामा 'अर्गनाइजेसन अफ अफ्रिकन युनिटी' स्थापनाको अवसरमा घानाका संस्थापक राष्ट्रपति क्वामे एनक्रुमाहले अन्य अफ्रिकी नेतालाई चेतावनी दिँदै भनेका थिए, 'स्वतन्त्रता खासमा नयाँ र लामो सङ्घर्षको प्रस्तानबिन्दु मात्र हो । हामीले आफ्नै आर्थिक र सामाजिक मुद्दा अवलम्बन गर्न खोज्दा भविष्यमा पनि नवउदारवादी हस्तक्षेप र अपमान रोकिनेछैन ।' ६० वर्षभन्दा बढी समयपछि पनि त्यो चेतावनी अझै सान्दर्भिक देखिन्छ । संयुक्त राष्ट्र सङ्घको बडापत्रका सिद्धान्तहरूको रक्षा गर्ने समय आएको छ । अन्यथा, आज इरानले भोगेको नियति भोलि अफ्रिकाले भोग्नुपर्ने हुन सक्छ ।

(म्हका समाजिक तथा राजनीतिक टिप्पणीकार हुन् ।)

*- अलजजिराबाट*

**सन्दर्भ : लेनिन जन्मदिवस (अप्रिल २२)**

# भ्लादिमिर इल्यिच लेनिनको सङ्क्षिप्त जीवनी


लेनिनको जन्म २२ अप्रिल १८७० मा भोल्गा नदीको छेउको नगर सिम्बर्कस्मा भएको थियो । उहाँको खास नाम थियो भ्लादिमिर उल्यानोभ । उहाँका बाबु स्कूलका इन्स्पेक्टर हुनुहुन्थ्यो । उहाँका दुई छोरा अलेक्जेन्डर नरोदवादी र भ्लादिमिर कुशाग्रबुद्धिका थिए । सेन्ट पिटर्सबर्गको विश्वविद्यालयमा पढ्दा अलेक्जेन्डर क्रान्तिकारी साथीहरूसित लागे । उनीहरूले जारलाई मार्ने षड्यन्त्र गरे । तर पुलिसले उनीहरूलाई समाते । अलेक्जेन्डरले सबै जिम्मेवारी आफ्नो टाउकोमा लिए । उनीहरूलाई मृत्युदण्ड दिइयो । त्यस दिनदेखि लेनिनले जारशाहीलाई खतम गर्ने प्रण गर्नुभएको थियो ।

लेनिनका पिता इल्या निकोलायभिच उल्यानोभले कलिलै उमेरमा गरिबीको मार खप्नु परे पनि जेठो दाजुको सहायता, आफ्नै कठिन परिश्रम र असाधारण प्रतिभाको फलस्वरूप उहाँले उच्च शिक्षा हासिल गर्न सफल हुनुभयो । लेनिनको आमा एक डाक्टरकी छोरी हुनुहुन्थ्यो । उहाँले घरमै शिक्षा पाउनुभएको थियो । लेनिनका माता-पिता शिक्षित रुसी नागरिक हुनुहुन्थ्यो ।

भ्यादिमिर इल्यिच लेनिनको बाल्यावस्था एउटा ठूलो र असाधारण रूपले मिलनसार परिवारमा बितेको थियो । उहाँ केटाकेटी उमेरदेखि नै निकै साहसी, प्रफुल्ल र ठट्यौलो मिजासको हुनुहुन्थ्यो । उहाँ पौडी खेल्न र स्केटिङ गर्न असाध्यै रुचाउनुहुन्थ्यो । उहाँ साथीहरूसँग मिलेर टाढा-टाढासम्म घुम्न जाने गर्नुहुन्थ्यो ।

पाँच वर्षकै उमेरमा इल्यिचले लेखपढ गर्न सिकिसक्नुभएको थियो । उहाँ एक असाधारण प्रतिभाशाली छात्र हुनुहुन्थ्यो । उहाँ आफ्नो कक्षामा सधैं प्रथम हुनुहुन्थ्यो । स्कूले जीवनमा नै उहाँले समाजमा पाइने क्रान्तिकारी किताबतर्फ आफ्नो नजर दौडाउन पुग्नुभयो । लेनिनलाई बेलिन्स्की, गेर्चेन, चेर्निशेभस्की, दोब्रोल्युबोभ र पिसारेभजस्ता क्रान्तिकारी डेमोक्रेटहरूको किताब र उपन्यास 'के गर्ने ?' विशेष मन पर्दथ्यो । यसरी स्कूले जीवनमा नै लेनिनले किताबी र बाहिरी सामाजिक क्रान्तिकारी ज्ञान हासिल गरिसक्नुभएको थियो ।

युवा लेनिनको दृष्टिकोणमाथि उहाँको परिवार, वरिपरिको जीवन, प्रगतिशील रुसी साहित्यको निकै ठूलो प्रभाव पारेको थियो । त्यसताका रुसमा द्रुतगतिले पुँजीवादी व्यवस्थाको विकास हुँदै थियो । पुँजीवादी शोषणका साथसाथै सामन्ती उत्पीडन पनि कायम थियो र त्यो शोषणले सहरिया मजदुर र गाउँले किसानहरूको जीवन असहनीय तुल्याएको थियो । जारशाहीको अत्याचार, जमिनदार र पुँजीपतिहरूको दमन, मजदुर र किसानहरूको दयनीय अवस्थाले किशोर लेनिनको हृदयमा शोषकप्रति घृणा र शोषितप्रति सहानुभूति पैदा गरेको थियो । विश्वविद्यालय अध्ययनकै क्रममा युवा लेनिनले प्रगतिशील र क्रान्तिकारी दृष्टिकोण राख्ने विद्यार्थीहरूसँग सम्बन्ध कायम गर्नुभयो । डिसेम्बर १८८७ मा विद्यार्थीहरूको क्रान्तिकारी सभामा सक्रिय भाग लिए वापत उहाँ विश्वविद्यालयबाट निष्कासित हुनुभयो र पछि उहाँ गिरफ्तार हुनुभयो । यसरी उहाँको क्रान्तिकारी जीवन सुरु भयो ।



लेनिन र स्तालिन

युवाकालमै लेनिनले मार्क्सवादको गम्भीर अध्ययन सुरु गर्नुभयो । युवा लेनिन मार्क्सवादलाई त्यो वैचारिक हतियार ठान्नुहुन्थ्यो जसद्वारा रुसी सर्वहाराले आफ्नो स्वतन्त्रता हासिल गर्न सक्दछ र रुसमा समाजवादी व्यवस्था कायम गर्नसक्नेछ । उहाँले मार्क्सको प्रमुख कृति पुँजीको गम्भीर अध्ययन गर्नुभयो । त्यसपछि लेनिन पक्का मार्क्सवादी बन्नुभयो र वैज्ञानिक समाजवादका महान् विचारधाराको जोरदार प्रचार गर्न थाल्नुभयो ।

गुबेर्नियामा साढे चार वर्षको बसाइँमा लेनिनले मार्क्स र एङ्गेल्सका कृतिहरूको कठोर अध्ययन जारी राख्नुभयो, विदेशी भाषाहरू, विशेषत: जर्मन भाषाको गम्भीर अध्ययन गर्नुभयो । यसै समयमा उहाँले जर्मन भाषाबाट रुसी भाषामा मार्क्स र एङ्गेल्सको एक महत्त्वपूर्ण कृति 'कम्युनिस्ट घोषणापत्र' को अनुवाद गर्नुभयो । सन् १८९२ मा लेनिनले सामरामा पहिलो मार्क्सवादी अध्ययन मण्डली खोल्नुभयो । मण्डलीका सदस्यहरू मार्क्स र एङ्गेल्सका कृतिहरू पढ्थे र सक्रिय रूपमा मार्क्सवादको प्रचार गर्थे ।

मार्क्सवादी लेनिन १८९३ अगस्तमा पिटर्सवर्ग (त्यसताकाको रुसको राजधानी) आउनु भएपछि आफूलाई पूर्णरूपमा रुसको क्रान्तिकारी सर्वहारा नेतामा परिणत गर्नुभयो । लेनिन ठूलो स्फूर्ति र अभिलाषासहित क्रान्तिकारी कार्यमा लाग्नुभयो । मार्क्सवादको गम्भीर अध्ययन, रुसी परिस्थितिमा मार्क्सवादी विचारधारा कसरी प्रयोग गर्नुपर्छ भन्ने ज्ञान, मजदुर सङ्घर्षका अजेयताप्रति दृढ विश्वास र महान् सङ्गठनात्मक प्रतिभाका कारणले गर्दा लेनिन छिट्टै पिटर्सवर्गमा मार्क्सवादीहरूको वरिष्ठ नेता बन्ने स्थिति भयो ।

मार्क्सवादी विचारधाराको विस्तार र मजदुर पार्टीको निर्माणमा उदारवादी नारोदनिकहरू मुख्य बाधाको रूपमा देखिए । पिटर्सवर्गमा लेनिनले उदारवादी नारोदनिकहरूको विरुद्ध आफ्नो सङ्घर्ष जारी राख्नुभयो । नारोदनिकहरूले आफूलाई 'जनताका मित्र' र मार्क्सवादीहरूलाई 'जनताको शत्रु' भनेको बेलामा लेनिनले 'जनताका मित्र' को हुन् र उनीहरू कसरी सामाजिक जनवादीहरूको विरुद्ध सङ्घर्ष गर्दै छन् ? भन्ने पुस्तक निकाल्नुभयो र मार्क्सवादीहरूको रक्षा गर्नुभयो । लेनिनको यो पुस्तक तत्कालीन रुसमा अत्यन्तै लोकप्रिय बन्न पुग्यो ।

लेनिनले एक क्रान्तिकारी मार्क्सवादी पार्टीको निर्माणमा आफ्नो सम्पूर्ण शक्ति लगाउनुभयो र रुसमा लेनिनको नेतृत्वमा मार्क्सवादी पार्टीको स्थापना भयो । लेनिनको ठूलो निपुणताका साथ सर्वहारा पार्टीका लागि सङ्गठनकर्ताहरू र क्रान्तिकारी मजदुर कार्यकर्ताहरू तयार गर्दै जानुभयो ।

मजदुरहरू लेनिनलाई धेरै माया गर्दथे । उनीहरू उहाँलाई आफ्नो नजिकको सहृदयी र दयालु मित्र ठान्दथे । लेनिनको भाषण र लेखहरू रुसी सर्वहारा जनतामाझ प्रिय हुँदै जान थाले । लेनिनले लेख्नुभएका पुस्तक र पर्चाहरू अशिक्षित व्यक्तिहरूका लागि सुगम हुन्थे । यी पुस्तकहरूमा मजदुरहरूको दयनीय अवस्था र पुँजीजीवीहरूद्वारा उनीहरूमाथि गरिने बर्बरतापूर्ण शोषणको चित्रण गरिएको हुन्थ्यो । मजदुरवर्गको स्वतन्त्रताका लागि सङ्घर्षका बाटोहरू देखाएका हुन्थे ।

सन् १८९५ को वसन्तमा पिटर्सवर्गका मार्क्सवादीहरूको अनुरोधमा 'श्रम मुक्ति' दलसँग सम्बन्ध कायम गर्न र पश्चिम युरोपेली मजदुर आन्दोलनको अध्ययन गर्न लेनिन विदेश जानुभयो । लेनिन स्विजरल्यान्ड हुँदै पेरिस र बर्लिन जानुभयो । स्विजरल्यान्डमा लेनिन 'श्रम मुक्ति' सङ्गठनका नेताहरूसँग भेट गर्नुभयो भने पेरिस र बर्लिनमा रहँदा लेनिन फ्रान्सेली र जर्मनी मजदुरहरूका सभाहरूमा सामेल हुनुभयो, उनीहरूको रहन-सहन र जीवन पद्धतिको अध्ययन गर्नुभयो । उहाँले विदेशमा रहँदा पनि मार्क्सवादी दर्शनको विकासमा आफ्नो समय लगाउनुभयो ।

सेप्टेम्बर १८९५ को सुरुमा लेनिन पिटर्सवर्ग फर्कनुभयो । उहाँ अझ धेरै उत्साहपूर्वक क्रान्तिकारी काममा लाग्नुभयो । उहाँ अक्सर आमसभाहरूको आयोजना गर्नुहुन्थ्यो र मजदुरहरूसँग कुराकानी गर्नुहुन्थ्यो । यसै समयमा लेनिनले 'मुक्ति सङ्घ' को स्थापना गर्नुभयो । 'मुक्ति सङ्घ' रुसको क्रान्तिकारी मार्क्सवादी पार्टीको पहिलो बीउ थियो । विस्तृत मजदुर आन्दोलन नै सङ्घको कार्य क्षेत्र थियो र सर्वहारावर्गको सङ्घर्षको नेतृत्व गर्थ्यो ।

'मुक्ति सङ्घ' ले रुसमा पहिलोपटक मजदुर आन्दोलनमा वैज्ञानिक समाजवाद प्रयोग गर्न थाल्यो । यसै कुरामा सङ्घको महान् ऐतिहासिक भूमिका निहित थियो । 'मुक्ति सङ्घ' को नेतृत्वमा सन् १८९६ को ग्रीष्ममा पिटर्सवर्गमा कपडा कारखानाहरूका मजदुरहरूको चर्चित हडताल भयो । 'मुक्ति सङ्घ' को क्रियाकलापमाथि कडा निगरानी राख्दै आएको जारशाही सरकारले छिट्टै सङ्घमाथि कडा प्रहार गर्‍यो । डिसेम्बर १८९५ को सुरुमा लेनिनसहित सङ्घका बहुसङ्ख्यक कार्यकर्ताहरू गिरफ्तार भए । जेलमै लेनिनले प्रख्यात कृति 'रुसमा पुँजीवादको विकास' लेख्न सुरु गर्नुभयो ।

लेनिनको जीवनसाथीको नाम नादेज्दा (नाद्या) क्रुप्सकाया हो । क्रुप्सकाया लेनिनकी श्रीमती मात्र नभएर एक असल राजनीतिक साथी पनि हुनुहुन्थ्यो । क्रुप्सकाया लेनिनको मृत्युपर्यन्त उहाँको निकटतम् मित्र, सहयात्री र सहयोगी रहनुभयो । सन् १९०० तिर लेनिनको तत्परता र उहाँको नेतृत्वमा सम्पूर्ण रुसभर 'इस्क्रा' को प्रकाशन सुरु गरी त्यसका सहयोगी र बिक्री गर्ने व्यक्तिहरूको पूरा जाल नै बिछ्याइयो । लेनिन अखबारको मुटु हुनुहुन्थ्यो ।

सन् १९०१ देखि भ्लादिमिर इल्यिचले आफ्ना केही लेखहरू लेनिन नामबाट छपाउन थाल्नुभयो । सन् १९०२ मा लेनिनको वैचारिक कृति 'के गर्ने ?' प्रकाशित भयो । त्यसपछि उहाँ पार्टी निर्माणमा खट्नुभयो ।

रुसी समाजवादी जनवादी पार्टीको निर्माण भएपछि त्यो अजय शक्ति देखा पर्‍यो, जसले जमिनदार र पुँजीपतिहरूको सत्ता ढाल्न, समाजवादको निर्माण गर्न रुसी मजदुरवर्ग र समस्त श्रमिकहरूलाई ब्युझाउँदै थियो । लेनिन र उहाँका सहयोगीहरूद्वारा गठित समाजवादी जनवादी पार्टी विश्वका समस्त कम्युनिस्ट तथा मजदुर पार्टीहरूका लागि एउटा नमुना पार्टी बन्न पुग्यो ।

लेनिनले सन् १९०४ मा 'एक पाइला अगाडि, दुई पाइला पछाडि' भन्ने पुस्तक प्रकाशित गर्नुभयो । त्यस पुस्तकमा लेनिनले मजदुर आन्दोलनको मेरुदण्ड बनेको पार्टीको विरुद्ध मेन्सेविकहरू सङ्घर्ष गर्दै छन्, पार्टीलाई नष्ट-भ्रष्ट गर्न चाहन्छन् भन्ने कुरालाई प्रस्टसँग उल्लेख गर्नुभएको थियो ।

सन् १९०५ को शरदमा रुसी क्रान्तिकारी आन्दोलनले विशाल रूप लिन थाल्यो । अक्टोबर महिनामा आम राजनीतिक हडताल सुरु भयो । कलकारखानाहरू र टेलिग्राफ अड्डाहरू बन्द भए । पूरा राष्ट्रकै जीवन-स्पन्दन रोकिएसरि सङ्घर्ष अगाडि बढ्यो । यो सर्वहारा सङ्घर्षको त्यो नयाँ रूप थियो, जुन त्यस बेलासम्म अरु कुनै राष्ट्रमा भएको थिएन ।

नोभेम्बर १९०५ को सुरुमा लेनिन पिटर्सवर्ग आइपुग्नुभयो र देशभित्र नै बसेर पार्टी र क्रान्तिकारी सङ्घर्षको नेतृत्व गर्न थाल्नुभयो । उहाँले 'नोभाया जीज्न' भन्ने पत्रिकामा आफ्नो लेखहरूद्वारा पार्टीका कार्यकर्ता र जनतालाई प्रशिक्षित गर्नुभयो । यस अखबारमा निस्केका लेनिनका लेखहरूमध्ये 'पार्टी सङ्गठन र पार्टी साहित्य' लेखको विशेष महत्त्वपूर्ण स्थान छ ।

जारशाही लेनिनको क्षमतादेखि तर्सन थाले । लेनिन र लेनिनको नेतृत्वमा भएको सर्वहारा मजदुर आन्दोलनलाई दबाउन जारशाही क्रियाशील भयो तर सफल हुन सकेन । लेनिन रुसका जनतामाझ झन् धेरै लोकप्रिय हुन थाल्नुभयो र लेनिनले लिनुभएको नीति रुसका जनताको कार्यनीति बन्न पुग्यो । लेनिन रुसका सर्वहारा वर्गको निम्ति आस्थाको पुञ्ज बन्न सफल हुनुभयो ।

विश्व कम्युनिस्ट आन्दोलनका महान् नेता लेनिनले बोल्सेविक नीतिको औचित्य प्रमाणित गर्न अथक परिश्रम गर्नुभयो । उहाँ मजदुर, बुद्धिजीवी, कामदार र विद्यार्थीहरूसँग वार्तालाप गर्ने कुनै पनि मौका छोड्नुहुन्थ्यो । ९ मे १९०६



मा उहाँले पिटर्सवर्गमा ३ हजार जनताको उपस्थितिमा महत्त्वपूर्ण सभामा भाषण गर्नुभयो । उक्त भाषणमा लेनिनले निरङ्कुश शासनसँग कादेतहरूको बुर्जुवा पार्टीले गरेको साँठगाँठको भण्डाफोर गर्नुभयो र सर्वहाराको क्रान्तिकारी नीति अगाडि सार्नुभयो ।

लेनिनले कठोर सङ्घर्षपछि पार्टी सङ्गठनलाई बोल्सेविकहरूको वरिपरि गोलबन्द गर्न सफल हुनुभयो । त्यसपछि उहाँले पार्टीको पाँचौं महाधिवेशनका लागि गम्भीर तयारी गर्न सुरु गर्नुभयो । फेब्रुअरी १९०७ मा लेनिनले रसियाली सामाजिक-जनवादी मजदुर पार्टीको पाँचौं महाधिवेशनमा भाग लिन लेनिन लण्डन जानुभयो र लेनिनले महाधिवेशनको नेतृत्व गर्नुभयो । महाधिवेशनमा लेनिनद्वारा प्रस्तुत बुर्जुवा पार्टीहरूप्रतिको दृष्टिकोणसम्बन्धी प्रस्ताव पारित भयो ।

पाँचौं महाधिवेशनले क्रान्तिमा बोल्सेविकहरूले अपनाएको नीतिको औचित्य स्वीकार गर्‍यो । अन्य प्रश्नहरूमा पनि बोल्सेविकहरूले मेन्सेविकहरूमाथि विजय हासिल गरे । महाधिवेशनका मजदुर प्रतिनिधिहरूसँग लेनिन ठूलो सद्भावना र सहृदयतापूर्वक वार्तालाप गर्नुहुन्थ्यो । पाँचौं महाधिवेशनले लेनिनलाई रुसी सामाजिक जनवादी मजदुर पार्टीको केन्द्रीय समितिको सदस्य छान्यो ।

जून १९०७ को सुरुमा लेनिन लण्डनबाट रुस फर्किनुभयो । फिनल्यान्डमा बसोबास गर्न थाल्नुभयो । महाधिवेशनको लगत्तै जारशाही सरकारले दमनको नीति लियो र दमन गर्न सुरु गर्‍यो । रुसमा कठोरतम् प्रतिक्रियावादी काल सुरु भयो । जनवरी १९०८ मा लेनिन स्विजरल्यान्डको जेनेभा सहरमा फर्कनुभयो ।

परन्तु लेनिनको सम्पूर्ण ध्यान रुसी क्रान्तिप्रति निर्दिष्ट थियो । लेनिन नयाँ जोश र शक्ति बटुलेर पार्टी कार्यमा लाग्नुभयो, नयाँ क्रान्तिको तयारी गर्न थाल्नुभयो । नयाँ क्रान्तिको विकाससम्बन्धी लेनिनको भविष्यवाणी छिट्टै साकार भयो । व्यापक क्रान्तिकारी सङ्घर्षको यस अदम्य विकासलाई कुनै अत्याचार र उत्पीडनले रोक्न सकेन ।

सन् १९१० मा रुसमा फेरि मजदुर आन्दोलन चर्किन थाल्यो । पिटर्सवर्ग, मस्को र अरु ठूला-ठूला सहरहरूमा ग्रीष्म र शरदमा हडताल, प्रदर्शन, सभा र अन्य राजनीतिक सक्रियताहरू बढ्न थाले । क्रान्तिकारी आन्दोलन चर्कंदै गयो । ठूला कठिनाइहरू पार गर्दै बोल्सेविकहरूले डिसेम्बर १९१० मा पिटर्सवर्गमा साप्ताहिक पत्रिका 'प्राभ्दा' निकाले । अन्तत: क्रान्ति अगाडि बढ्न सफल भयो ।

लेनिन समाजवादी क्रान्ति नजिक आउँदै छ भन्ने कुरा स्पष्ट रूपमा देख्दै हुनहुन्थ्यो र पार्टीलाई यस क्रान्तिका लागि तयार गर्दै हुनुहुन्थ्यो । 'राज्य र क्रान्ति' पुस्तकमा लेनिनको समाजवाद र साम्यवादलाई साम्यवादी समाजको विकासका दुई खुड्किलाहरूको रूपमा हेर्नु भएको थियो । मार्क्स र एङ्गेल्सको विचारधारालाई विकसित तुल्याउँदै उहाँले समाजवादले अनिवार्य साम्यवादमा सङ्क्रमण गर्नेछ भन्ने कुरा देखाउनुभएको थियो । सन् १९१७ मा महान् अक्टोबर समाजवादी क्रान्ति सफल भयो ।

६ मार्च १९१८ मा प्रेट्रोग्रादमा सातौं पार्टी महाधिवेशन सुरु भयो । यो महान् अक्टोबर समाजवादी क्रान्तिको विजयपछि पहिलो महाधिवेशन थियो । लेनिनले महाधिवेशनको सम्पूर्ण कार्यको नेतृत्व गर्नुभएको थियो । उहाँले त्यसमा १८ पटक भाषण गर्नुभएको थियो । सातौं पार्टी महाधिवेशनले बहुमतद्वारा लेनिनवादी नीतिको समर्थन गर्‍यो । बैठकले 'युद्ध तथा शान्ति सम्बन्धी प्रस्ताव' पारित गर्‍यो । लेनिनको प्रस्तावअनुसार पार्टीको नाम बदल्ने निर्णय भयो । यस महाधिवेशनदेखि पार्टीको नाम रसियाली कम्युनिस्ट (बोल्सेविक) पार्टी रहन गयो ।

११ मार्च १९१८ मा सोभियत सरकार मस्को सर्‍यो र मस्को सोभियत राष्ट्रको राजधानी बन्यो । जन कमिसार परिषद् र अखिल रसियाली केन्द्रीय कार्यकारिणी समितिका कार्यालयहरू क्रेमलिन भवनमा सरे । लेनिन पनि क्रेमलिन सर्नुभयो ।

भ्यादिमिर इल्यिच लेनिन कार्ल मार्क्स तथा फ्रेडरिक एङ्गेल्सका विचार, कार्य तथा शिक्षाका महान् अनुयायी हुनुहुन्थ्यो । उहाँले आफ्नो रुसी भूमिमा समाजवादको प्रयोग गरेर सफल पनि हुनुभयो । विश्व सर्वहारावर्गका महान् नेता लेनिनले मार्क्सवादका तिनै सङ्घटक अङ्गहरू दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादलाई विकसित तुल्याउनुभयो ।

समाजवादी क्रान्तिको तयारी र पूर्णताको समयमा होस् वा समाजवादको निर्माणका लागि सङ्घर्षको समयमा, लेनिन पार्टीको प्रतिभाशाली नेतृत्वकर्ता हुनुहुन्थ्यो । भ्यादिमिर इल्यिच लेनिन बिसौं शताब्दीको सबैभन्दा महान् घटनाको रूपमा रहेको महान् अक्टोबर समाजवादी क्रान्तिको नेतृत्वकर्ता हुनुहुन्थ्यो, जसले सम्पूर्ण मानव जातिको विकासक्रमलाई मौलिक रूपमा बदल्न सफल भयो । लेनिनले सोभियत राष्ट्रमा समाजवादको निर्माण गर्ने योजना तयार पार्नुभएको थियो । यो उहाँको अर्को महान् देन थियो ।

विश्वको पहिलो समाजवादी राष्ट्रका संस्थापक र महान् मार्क्सवादी चिन्तक लेनिन आज हाम्रोमाझ हुनुहुन्न । उहाँको २१ जनवरी १९२४ मा निधन भएको थियो । तथापि उहाँको कर्म र महान् विचार युगौंयुगसम्म यो संसारमा रहिरहने छ ।

***(विभिन्न पुस्तक र पत्रपत्रिकाका आधारमा सम्पादित)***

# संरक्षणको अभावमा विश्वका धेरै सम्पदाको विनास

## सम्पदा जोगाउने प्रयास हामीले नै गर्नुपर्छ




भक्तपुर । विश्व सम्पदा दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा बिहीबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले संरक्षणको अभावमा विश्वका धेरै सम्पदाहरूको विनाश भएको उल्लेख गर्दै हामीसँग भएका सम्पदाको संरक्षण गर्दै जानुपर्ने बताउनुभयो । "हाम्रा सम्पदाहरूलाई जोगाउने प्रयास हामीले गर्छौं । सम्पदा संरक्षण र पुन:निर्माण आउँदो पुस्ताको निम्ति हो, सम्पदा भनेको विदेशीको निम्ति होइन," उहाँले भन्नुभयो ।

उहाँले पुर्खाले बनाएको सम्पदाहरूको संरक्षण भएकोले सोको अवलोकन गर्न पर्यटकहरू आएको बताउँदै सम्पदाबारे नयाँ पुस्तालाई जानकारी दिन भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममा सम्पदासम्बन्धी जानकारी समावेश गरेको स्पष्ट पार्नुभयो ।

उहाँले २०७२ सालको भूकम्पले क्षतविक्षत भएका भक्तपुरका सम्पदाहरूको पुन:निर्माणको लागि जर्मन सरकारबाट आर्थिक सहयोगको प्रस्ताव आए पनि सो अनुदान स्वीकार नगरेको बताउँदै भक्तपुरका १७१ वटा सम्पदाको पुन:निर्माण विदेशीको अनुदानबिना नै स्थानीय स्रोत साधनबाट सम्पन्न गरेको विचार व्यक्त गर्नुभयो ।

सम्पदाको संरक्षणमा स्थानीय जनताको अपनत्व हुने भएकोले स्थानीय उपभोक्तामार्फत भक्तपुरका सम्पदाहरूको पुनर्निर्माण कार्य हुँदै आएको उल्लेख गर्दै उहाँले भविष्यमा पनि स्थानीय उपभोक्तामार्फत नै सम्पदाको पुन:निर्माण हुने स्पष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले नगरवासीले आफ्नो घर निर्माण गर्दा परम्परागत इँटा, काठका झ्याल ढोका प्रयोग गर्दा निश्चित प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको पनि उहाँले जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर अमूर्त सम्पदाको खानी हो । यहाँको अमूर्त सम्पदाहरूको संरक्षणमा भक्तपुर नगरपालिकाले विशेष कार्य गर्दै आएको छ । नगरपालिकाले ती अमूर्त सम्पदाहरूको संरक्षणको लागि भक्तपुर महोत्सव, विविध बाजा प्रतियोगिता, सांस्कृतिक गुरुहरूको सम्मान, सांस्कृतिक पदयात्रा, नृत्य प्रतियोगिता आदि सञ्चालन गर्दै आएको छ । भक्तपुर जात्रै जात्राको पनि सहर हो । यहाँ हरेक १५/१५ दिनमा कुनै न कुनै जात्रा पर्व भइरहने भएकोले पर्यटकलाई आकर्षित गर्नुपर्छ ।"

नेपाल प्राकृतिक रूपले धनी तथा सांस्कृतिक रूपले सम्पन्न भए पनि पर्यटकहरू कम मात्र आकर्षित भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले नेपालभन्दा सानो देशहरूमा पर्यटकको घुइँचो हुने तर प्राकृतिक र सांस्कृतिक रूपमा धनी भएर पनि थोरै सङ्ख्यामा मात्र पर्यटक आउने यस विषयमा गहिरो चिन्तन गर्नुपर्ने बताउनुभयो ।

माध्यमिक तहसम्मको शिक्षाको एकल अधिकार संविधानमै स्थानीय तहलाई दिइएको चर्चा गर्दै शनिबार र आइतबार दुई दिन शिक्षण संस्था बिदा भएमा ९८ दिनमात्र पढाइ हुने हुँदा हालको पाठ्यक्रमअनुसार कोर्स सकाउन गाह्रो हुने शिक्षाविद्हरूबाट सुझाव प्राप्त भएको पनि उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले सम्पदाको निर्माणमा पुर्खाको योगदान रहेको चर्चा गर्दै ती सम्पदाहरूको संरक्षण गर्दै पुस्तान्तरण गर्दै जानुपर्ने बताउनुभयो ।

पुर्खाले बनाएको सम्पदाको अध्ययन र सोको संरक्षणमा ख्वप इन्जिनियरिङ कलेजमा अध्यापन हुने Urban Design and Conservation को योगदान अतुलनीय रहेको उहाँले बताउनुभयो । आफ्नो तिब्बत भ्रमणमा तिब्बतको पोताला दरबारको संरक्षणबाट आफू प्रभावित भएको उल्लेख गर्दै उहाँले भक्तपुरका सम्पदाहरूको पनि मौलिक संरक्षण गर्नुपर्ने बताउनुभयो ।

उहाँले बिस्का जात्राको सांस्कृतिक तथा पूर्वाधारगत सन्दर्भमा यातायात इन्जिनियरिङ, संरचनात्मक इन्जिनियरिङ, भूकम्प इन्जिनियरिङ, ट्राफिक इन्जिनियरिङ तथा सामाजिक इन्जिनियरिङजस्ता पाँच प्रमुख इन्जिनियरिङ क्षेत्रहरूको महत्त्व औंल्याउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले सम्पदा संरक्षणको आवश्यकता औंल्याउँदै सम्पदा संरक्षण सम्बन्धमा विशेषज्ञ तयार गर्न भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेजमा सन् २००४ मा Master in Earthquake Engineering र सन् २००५ देखि Urban Design and Conservation को अध्ययन अध्यापन सुरु गरेको चर्चा गर्नुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले सम्पदाहरूको संरक्षणमा पुराना फोटोहरूको पनि विशेष महत्त्व हुने चर्चा गर्दै मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण हुनुपर्ने बताउँदै अमूर्त सम्पदालाई आर्थिक पक्षसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उक्त कार्यक्रममा फोटोग्राफर सुनिल उलकले 'हाम्रा सम्पदा र यसप्रति युवा पुस्ताको दायित्व', आर्किटेक्ट बिनिता मगैयाले 'The lost faithy of Brahma in Deopatana and restoration challenges of the Temple', ई. विशाल महर्जनले 'M.A.T.S.- Music across time and space; Musical experience, community identity & ritual-communal setting in Harisiddhi' र ई. रविन कस्तीले 'Perception of Walkability in the historic core of Bhaktapur : A Comparative study of Residents and Tourists' विषयमा आ-आफ्नो प्रस्तुति दिनुभएको थियो । सो अवसरमा सम्पदासम्बन्धी फोटो प्रदर्शनी पनि भएको थियो ।

कार्यक्रममा आर्किटेक्ट लिवास फैजू र प्रमिला शिल्पकारले पनि बोल्नुभएको थियो ।

# सबै प्रकारका विद्यालयहरू पूर्ववत् रूपमै सञ्चालनमा रहने

भक्तपुर । भक्तपुर नगरपालिकाभित्र सञ्चालित सबै प्रकारका विद्यालयहरू पूर्ववत् रूपमै सञ्चालनमा रहने भएका छन् ।

नगर कार्यपालिकाको वैशाख ३ गते बिहीबार बसेको बैठकले सामुदायिक, संस्थागत तथा गुठीअन्तर्गतका सम्पूर्ण विद्यालयहरू पूर्वनिर्धारित शैक्षिक क्यालेन्डरअनुसार सञ्चालन गर्ने निर्णय गरेको हो ।

यसअघि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरले चैत २६ गतेको पत्रमार्फत नेपाल सरकार मन्त्रिपरिषद्को चैत २२ गतेको निर्णयअनुसार २०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेदेखि सुरू गर्ने तथा शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था कार्यान्वयन गर्न परिपत्र गरेको थियो ।

तर, भक्तपुर नगरपालिकाभित्रका विभिन्न विद्यालयका प्रतिनिधिहरू, सार्वजनिक विद्यालय सामूहिक परीक्षा समिति, संयुक्त परीक्षा समिति, आधारभूत विद्यालय समिति तथा संस्थागत विद्यालय सङ्घ नेपाल (इसान), निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन), पेट्सान, हिसानलगायतले दुई दिन बिदा दिँदा पठनपाठनका दिन घट्ने र पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको क्रेडिट आवर पूरा गर्न कठिनाइ हुने निष्कर्ष निकाल्दै आइतबार पनि विद्यालय सञ्चालन गर्नुपर्ने माग गरेका थिए ।

यसै विषयमा भक्तपुर जिल्ला अभिभावक सङ्घले आइतबार विद्यालय सञ्चालन गर्नुपर्ने र वैशाख १ गतेदेखि नै शैक्षिक सत्र सुरू गर्नुपर्ने मागसहित नगरपालिकामा ज्ञापनपत्र बुझाएको थियो ।

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) अनुसार एक शैक्षिक सत्रमा २२० कार्य दिन हुनुपर्ने व्यवस्था छ । सर्वोच्च अदालतको २०८२ चैत २० गतेको आदेशलाई समेत नगरपालिकाले ध्यान दिएको थियो ।

संवैधानिक तथा कानुनी प्रावधानअनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भएकोले नगरपालिकाले पूर्वनिर्धारित शैक्षिक क्यालेन्डरअनुसार नै विद्यालय सञ्चालन गर्ने निर्णय गरेको जनाएको छ ।

नगरपालिकाका अनुसार उक्त निर्णय शिक्षा क्षेत्रका सरोकारवालाहरूको सुझाव, कानुनी व्यवस्था तथा व्यवहारिक आवश्यकतालाई मध्यनजर गर्दै गरिएको हो ।

# विद्यार्थीकालमै देशभक्तिको भावना विकास गर्नुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा नेक्राविसङ्को संयुक्त सम्पर्क समितिको आयोजनामा नव वर्ष २०८३ को शुभकामना आदानप्रदान तथा अभिभावक - विद्यार्थीको भेटघाट कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा सचिव सुवालले विद्यार्थीले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे बुझ्नु जरुरी रहेको बताउनुभयो । विद्यार्थीले सधैँ सत्य र तथ्यमा आधारित सूचना लिनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीकालमै राजनीतिक रूपमा सचेत र देशभक्ति भावना विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सल्लाहकार सदस्य बजिरसिंह विकले विद्यार्थीले असल राजनीतिक पार्टीको सिद्धान्त, विचार बुझ्नुपर्ने र हुलको पछाडि नजान जोड दिनुभयो । उहाँले देशभक्त र देशघाती पार्टीबिच फरक छुट्याउनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नवराज कोइरालाले असल व्यक्ति बन्न असलको सङ्गत गर्नुपर्नेमा जोड दिनुभयो । विद्यार्थी कालमै असल, देशभक्ति विचार विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा शिवलाल डाँगीले देश, समाज र राजनीति बुझ्नुपर्नेमा जोड दिनुभयो । व्यापक निम्न वर्गको जनतालाई नि:स्वार्थ सेवा गर्ने विचार र सिद्धान्त नेमकिपाको रहेको बताउनुभयो । कार्यक्रममा निरकबहादुर शाहीले अग्रजबाट विद्यार्थीले ज्ञान, सीप र अनुभव सिक्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा जे.भी. तिमल्सेना, प्रकाश गुरुङ र राजन भण्डारीले पनि बोल्नुभएको थियो ।

# नयाँ शैक्षिक सत्र र बिदा सम्बन्धमा सरोकारवालाहरूसँग छलफल

भक्तपुर । नेपाल सरकारले नयाँ शैक्षिक सत्र सुरुआत र आइतबारको बिदा सम्बन्धमा भक्तपुर नगरपालिकाले सरोकारवाला विद्यालय सङ्गठन, अभिभावक सङ्घलगायतसँग बुधबार छलफल गऱ्यो ।

छलफलमा सहभागी प्रतिनिधिहरूले माध्यमिक तहसम्मको विद्यालयसम्बन्धी एकल अधिकार स्थानीय तहलाई संविधानले नै प्रदान गरेको र शिक्षा नियमावली नै वैशाख १ गतेदेखि नयाँ शैक्षिक सत्र सुरु हुने उल्लेख भएको सन्दर्भमा नेपाल सरकारले गृहकार्य नै नगरी हतारमा नयाँ शैक्षिक सत्र वैशाख १५ बाट सुरु गर्ने निर्णय गर्नु सही नभएको बताए ।

नेपालमा सार्वजनिक बिदा बढी भएको र विद्यमान पाठ्यभार पूरा गर्न कठिनाइ भइरहेको बेला आइतबारको बिदाले विद्यार्थीहरूको शैक्षाणिक क्रियाकलापमा नकारात्मक प्रभाव पर्ने आशङ्का व्यक्त गरे ।

सहभागी प्रतिनिधिहरूले अभिभावक र विद्यार्थीहरूको भावनाको सम्मान गर्दै भक्तपुर नगरपालिकाले उपयुक्त निर्णय लिनेमा विश्वास व्यक्त गरे ।

नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न उक्त छलफलमा जनप्रतिनिधिहरू, नगर शिक्षा शाखाको प्रमुख, इसान, प्याब्सन, एन. प्याब्सन, हिसान, सार्वजनिक शैक्षिक गुठी सञ्चालक सङ्घ, अभिभावक सङ्घलगायका प्रतिनिधिहरूको उपस्थिति थियो ।

यस विषयमा नगरपालिकाको चैत ३० गते सामुदायिक विद्यालयसँग सम्बन्धित सार्वजनिक विद्यालय, संयुक्त परीक्षा समिति, सामूहिक परीक्षा समिति र आधारभूत विद्यालय संयुक्त परीक्षा समितिका प्रतिनिधिहरूसँग छलफल गरी राय सुझाव लिएको नगरपालिका स्रोतले बतायो ।

# सही र गलतको छिनोफानो गर्ने खालको कार्यक्रम आवश्यक

भक्तपुर । सहिद राजकुमार स्मृति पुस्तकालय ब्यासीले नयाँ वर्ष २०८३ तथा बिस्का जात्राको सुअवसरमा बुधबार शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरियो ।

उक्त कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सामाजिक सङ्घ संस्थाहरूले जनताको उज्यालो र उत्साह दिने खालका कार्यहरू गर्न सके समुदायका मानिसहरूबिच आत्मीयता बढ्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले समाजमा विचारको मन्थन गरी सही र गलतको छिनोफानो गर्ने खालका कार्यक्रमहरू विद्यार्थी र युवाहरूमाझ आवश्यक भएको उल्लेख गर्दै वर्तमान सरकारले ल्याएको शनिबार र आइतबारको दुईदिने बिदा तथा वैशाख २१ गतेदेखि मात्र विद्यालय शिक्षामा पठनपाठन सुरु हुने निर्णय शैक्षिक क्षेत्र अस्तव्यस्त बनाउने र कक्षा ५ सम्म परीक्षा लिन नहुनेजस्ता कुरा नेपालको लागि अशोभनीय भएको विचार व्यक्त गर्नुभयो ।

ऋणमा डुबेको नेपालमा फेरि ऋण लिएर देशलाई कहाँ पुऱ्याउन खोजेको हो भन्दै उहाँले एसईईको परीक्षाफल छिट्टै गर्ने नाउँमा नकारात्मक असर पर्नेतर्फ विचार गर्नुपर्छ भन्नुभयो ।

बाल बच्चाहरूलाई सामाजिक क्रियाकलाप र सभ्यतामा जीउने वातावरणका लागि सरकारले बन्दोबस्त गर्ने खालका शिक्षा नीति ल्याउन जरुरी भएको उल्लेख गर्दै उहाँले साम्राज्यवादी अमेरिकाको चीनविरुद्ध लड्ने युथ काउन्सिल, एमसीसी, एसपीपी र नेपालको युरेनियम खानी कब्जा गर्ने जाल बुनिरहेकोतर्फ हाम्रो ध्यान जानुपर्छ भन्नुभयो ।

८० लाख अमेरिकी जनताले अमेरिकी साम्राज्यवादको विरोध गरिरहेका कारण अमेरिकी सरकार छिट्टै परास्त हुने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

पुस्तकालयका अध्यक्ष एवम् कार्यक्रमका सभापति कृष्णप्रसाद सुवालले जीवन एउटा सुन्दर यात्रा हो तर गन्तव्य होइन यसको लागि जीवनका विभिन्न क्षणहरूलाई सुन्दर तरिकाले जीउने प्रयास गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

विद्यार्थी श्रद्धा कोजूले विद्यार्थी जीवनमा राजनीति ज्ञानको आवश्यकता र नवज्वाला लासिवाले युवाहरूमा देखिएका समस्या र चुनौतीका बारेमा बताउनुभयो । कार्यक्रममा युजिना सुवाल तथा नेहा भट्टुले कार्यक्रमको औचित्यताबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा कविता वाचन तथा विषयगत प्रस्तुति गरेका विद्यार्थीहरूलाई अतिथि गोसाईले मायाको चिनो वितरण गर्नुभएको थियो ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी–७

हरिबहादुर श्रेष्ठ

## पुरातत्त्व

**भाइ राजु र बहिनी दीपा,**

विद्यालय, महाविद्यालय र विद्यार्थीहरूकै आयोजनामा भएका मार्गनिर्देशन कार्यक्रमहरूको विषयमा तिमीहरूले लेखेका छौ। पत्रमा पुरातत्त्व, चित्रकला वा ललितकला, वन-विज्ञान, सूचना प्रविधि, नर्सिङ, रोग विज्ञान (प्याथोलोजी) आदि विषयका पनि कुरा उठाएका रहेछौ। ती विषयमध्ये पुरातत्त्व अध्ययन गर्ने व्यक्तिहरू एकातिर सार्‍है कम छन् भने केहीले अध्ययन गरे पनि गहिराइमा जानुभन्दा संस्कृति मन्त्रालयअन्तर्गतको पुरातत्त्व विभाग, स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डा र केही सङ्ग्रहालयमा हाकिम हुने वा काम पाउने उद्देश्यले मात्र पढ्ने गर्छन्। त्यस क्षेत्रमा पनि केही हाकिमहरू मर्मत सम्भार, संरक्षण कार्य तथा निर्माण कार्यमा भ्रष्टाचार गरेर साह्रै बदनाम भएको हुँदा राम्रा मानिसहरू पुरातत्त्व विभाग र त्यससम्बन्धी कार्यालय भन्नासाथै नाक खुम्च्याउँछन्। केही मानिस पुरातत्त्व विभागलाई पुराना मूर्तिहरू विदेश पठाउन सिफारिस गर्ने भन्सार विभागसमेत भन्छन्। त्यस्तै, संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) लाई छली खानेहरूको गिरोह नै पुरातत्त्व विभाग हो भनेर कतिपयले आरोप पनि लगाउँछन्। सम्भवतः ती आरोपहरू सत्य नहोलान् किनभने २-४ जना खराब मानिस जहाँ पनि हुन्छन्। त्यसमा पुरातत्त्व विभाग पनि अपवाद होइन।



नेपालका पुरातात्त्विक स्थलहरू

त्यसो त भक्तपुर नगरपालिकाले ५५ झ्याले दरबार जीर्णोद्धारबारे तयार पारेको अध्ययन प्रतिवेदनको नाममा युनेस्कोबाट पठाइएको हजारौँ डलर कसले खायो भनी नगरपालिकाले बारम्बार प्रश्न गर्दै छ तर युनेस्को र पुरातत्त्व विभाग मौन छन्। त्यस्तै, निर्वाचित जनप्रतिनिधि रहेसम्म पुरातत्त्व विभाग ५५ झ्याले दरबार जीर्णोद्धार गर्न र पुरानै शैलीमा ल्याउन तयार भएन। यो पनि रहस्यकै विषय हो। ती त भए पुरातत्त्व विभागका अँध्यारा पक्ष। तर, हाम्रो विषय हो - पुरातत्त्व विज्ञानको उज्यालो पक्ष।

हो, तिमीहरूले भनेजस्तै पारदर्शिताको प्रश्न निश्चय पनि एउटा समस्याको रूपमा सरकारी कार्यालयहरूमा छ। त्यो अर्कै विषय हो तर देशका विभिन्न क्षेत्रमा नेपाली सभ्यता र इतिहासबारे उत्खनन् र अनुसन्धान गर्नुपर्ने विषय धेरै छन्; त्यसको निम्ति श्रमशक्तिको कमी अनुभव गरिँदै छ। टाढा किन जाने, राजधानीकै काठमाडौँ, पाटन र भक्तपुरलाई 'यैँ', 'यल' र 'खोप' वा 'ख्वपः' भनिन्छ। ती कुन भाषाका नाम हुन्; तिनको अर्थ के हो; ती ठाउँका किराँतकाल र लिच्छविकालका सबै स्मारकहरू जानकारीमा आइसकेका छैनन् वा उत्खनन गर्न बाँकी नै छ। सारमा, माटोमा पुरिएका पुराना वस्तुहरूको आधारमा प्राचीन इतिहासको अध्ययन गर्ने शास्त्र नै पुरातत्त्व विज्ञान हो।

भनिन्छ, काठमाडौँको बलम्बु गाविस किराँत राजा बलम्बले स्थापना गरेका हुन् र काठमाडौँ पनि पहिलो किराँत राजा यलम्बरले निर्माण गरेका हुन्। यस्ता अनेकौँ स्थल र स्थानबारे वर्षौंसम्म अध्ययन गरी जानकारीहरू खोजबिन गर्न सयौँ-हजारौँ विशेषज्ञ आवश्यक छन्। चीनले आफ्ना विभिन्न कालका स्मारकहरू उत्खनन गरेर पुराना धेरै विषयमा जानकारी हासिल गरी आकर्षणका केन्द्रहरू खोलेको छ भने मिश्र, पाकिस्तान, भारत, रोम र ग्रीसले पनि पुराना स्मारकहरू उत्खनन तथा संरक्षण गरेर मानव सभ्यतामा त्यहाँका जनताको योगदानमाथि प्रकाश पारी मानव जातिकै सिर्जनशीलतालाई उजिल्याउने काम गर्दै छन्।

नेपाल पनि एक प्राचीन र पूर्वी सभ्यताकै एक अङ्ग भएको हुँदा नेपाल र नेपाली जनताले विश्वको मानव सभ्यता र संस्कृतिमा दिएको देनबारे प्रकाश पार्ने काम गर्नु प्रकारान्तरले स्वयम् मानव जाति र भविष्यको सेवा गर्नु हुनेछ। यसकारण, विद्यार्थी भाइबहिनीहरूले पुरातत्त्व विज्ञान विषय लिएर अध्ययन गरेमा लाखौँ लाख मानिसले अत्यन्त मिहिनेत गरेर विकास गरेका पुराना सभ्यताको गर्भभित्र लुकेका अनेक रहस्यहरू उद्घाटन हुनेछ। यसरी यो आफैमा अत्यन्त रोचक विषय हो भनी मानिसहरूलाई जानकारी दिनु आवश्यक छ। त्यसको निम्ति विभिन्न विदेशी भाषा, संस्कृत भाषा, इतिहास, रसायनशास्त्र, नृवंशशास्त्र, जीवशास्त्र तथा भौतिकशास्त्रहरूको समेत अध्ययन गर्नु जरुरी हुन्छ। म आशा गर्छु, भाइबहिनीहरूको ध्यान यस विज्ञानमा जानेछ।

## मूर्तिकला र चित्रकला

मूर्तिकला र चित्रकला (फाइन आर्ट) मा नेपाल संसारका गनिएका देशमध्ये पर्छ। भित्तेचित्र र पौभा कलाले आज पनि कलाप्रेमीलाई उत्साह प्रदान गरिरहेका छन्। चित्रकला र मूर्तिकला प्राचीन समाजका मानिसहरूका जीवनका अनेक क्रियाकलापलाई सुसूचित गर्ने माध्यम बनेका छन्। पहिलेका मानिसहरूको गतिविधि र सम्पूर्ण समाजकै प्रतिबिम्ब भित्तेचित्र र गुफाहरूमा कुँदिएका चित्रहरूले दिँदै छन्। त्यस्तै, त्यसबेलाका सौन्दर्य, सीप र जानकारीलाई मूर्तिको रूप दिएर त्यस युगले आजसम्म मानव जातिलाई अमूल्य निधि र सम्पदा प्रदान गरिरहेको छ। कति मूर्ति र चित्रहरूले प्रतीकको काम गरेर सबै युगका मानिसका मन र मस्तिष्कलाई सदा उर्वर बनाइरहेकै छन्। एक-एक चित्र र एक-एक मूर्तिले त्यस युगबारे धेरै लामा-लामा सूचना र कथा बताउँछन्।



नेपालको मुस्ताङमा भेटिएको प्राचीन गुफाचित्र

मानिसहरूलाई जसरी पुच्छर नभएको बाँदरको सिलसिला हो भनी जीव वैज्ञानिक र मानवशास्त्रीहरू बताउँछन्, त्यस्तै आजको उत्कृष्ट चित्रकला र मूर्तिकलामा प्राचीन सीप एवम् शैलीको प्रकट र अप्रकट रूपमा प्रभाव परिरहेको हुन्छ। नेपालको पनि चित्रकला र मूर्तिकलामा आफ्नै परम्परा र विशेषता छ। यसबारे देश र विदेशका अनेक कलाकारहरू चिन्तन-मनन र अभ्यासमा लागेका छन्।

भौतिक प्रगतिमा समाज जतिसुकै अगाडि बढे तापनि मन र मस्तिष्कलाई आनन्द प्रदान गर्न वा मनलाई खुसी पार्न मानिस कलाकै शरणमा पर्छन्। वास्तुकला पनि नेपाल र नेपाली जनताले उत्कृष्टता प्राप्त गरेको क्षेत्र हो। तर, आज त्यस विषयलाई इन्जिनियरिङको एक हाँगाको रूपमा विकास गरिँदै छ। हाम्रा सुन्दर मठ-मन्दिरहरू हाम्रै प्राचीन वास्तुकलाका नमुना हुन्। सयौँ वर्षपछि पनि ती धरोहरले हामीलाई प्रेरणा प्रदान गर्दै छन्। हो, धातुको मूर्ति र रङ्गीन चित्रले कलाकारको चमत्कार दर्शाउने मात्रै होइन, धातु र रङले त्यसबेलाको भौतिक र रासायनिक प्रगतिको पनि दिग्दर्शन गराउँछ।

सङ्गीत र नाचगान पनि मानव सभ्यताकै एक अङ्ग हुन्। भाषाको विकास नहुँदै हाउभाउ वा अभिनयबाट मानिसहरू आ आफ्ना भावना अभिव्यक्त गर्थे। मौन नाच र मुकुन्डो नाच त्यसैका सिलसिला हुन्। देवी नाच, महाकाली नाच, भैरव नाच वा नवदुर्गा नाच यसका उदाहरण हुन् भने रुसको ब्याले र चीनको पेचिङ अपेरा प्राचीन नाचकै विकसित र सुसंस्कृत रूप हुन्। यसैगरी शास्त्रीय नाचहरूले आज विविधता प्राप्त गरेका छन्। यसको प्राचीन रूप र आधुनिक स्थितिलाई अध्ययन गरेर भविष्यमा एउटा सुन्दर र स्वस्थ नृत्यको सिर्जना गर्न पनि भाइबहिनीहरूले यसको अध्ययनको महत्त्वलाई बुझ्नु आवश्यक छ।

दुःख र पीडामा मानिसहरू क्रन्दन र चित्कार गर्छन् भने खुसीको अभिव्यक्ति ठुल्ठुलो स्वरले हाँसेर गर्छन्। वनमान्छेहरू पनि नेपालको मुस्ताङमा भेटिएको प्राचीन गुफाचित्र आफ्ना प्रतिद्वन्द्वीसँग छाती पिटेर, खुट्टा बजारेर हुँकार गर्छन्। त्यसै सिलसिलाको रूपमा आज मानिसहरू रिस र इर्ष्या अभिव्यक्त गर्छन्। श्रम, दुःख, सुख, रिस, अहङ्कार र विविध भावनाले मानिसलाई भाषा बोल्न कुत्कुत्याएको हुनुपर्छ। भाषाको सरल विकासले नै सङ्गीतलाई आजको शिखरमा पुऱ्यायो। रूप, रङ र भाषा फरक भएझैँ बाजागाजा, नाचगान पनि देश र महादेश तथा जात र जनजातिअनुसार फरक-फरक छन्। यो नै सम्बन्धित क्षेत्रको सम्पन्नता हो।

समाजमा दयालु, मायालु, उदार, कन्जुस, सज्जन, रिसाहा, गुनिला र बैगुनी मित्र एवम् दुष्टहरू हुन्छन्। भाषाको अभिव्यक्ति आउनुभन्दा पहिले रङ र आकारले नाचमा तिनीहरूको प्रतीकको निर्माण भयो। ठाउँ र समाजअनुसार सेतोले राम्रो, हरियोले गुनिलो, रातोले रिसाहा, पहेँलोले दयालु, कालोले दुर्जनजस्तै विभिन्न रङ अनेक गुणका प्रतीक हुन्छन् तथा रङअनुसार सौम्य, हँसिलो र डरलाग्दो मकुन्डोले फरक-फरक अभिव्यक्ति दिन्छन्। यही कुरा आजको चित्रकलाको रङ, नाटकका पात्रहरूको रूप र लुगाको रङले समेत प्रतिबिम्बित गर्छन्।

कोर्रा हातमा लिएको तथा सुरुवालको तलको भाग कस्सिएको पात्र पर्दामा देखिनुको अर्थ घोडचढी हुन्छ भने चीनको गीति नाटक (पेचिङ अपेरा) मा अरूभन्दा फरक गीतले मनको भावना अभिव्यक्त गर्छ। नवदुर्गा नाचमा मकुन्डो पात्रहरूको भावना र संवाद बाजा बजाउने उजाजू वा गुरुले गर्छन्।


युजे पोट्टर

यस्ता मानवीय जीवनलाई लयात्मक ढङ्गले विश्लेषण गर्न र नयाँ युगको अभिव्यक्ति दिन चित्रकला, मूर्तिकला, नाचगान, बाजागाजाको अध्ययन गर्नु अत्यन्त रोचक हुन्छ। विदेशका विद्यार्थीहरू पनि बिस्तारै ती विषयहरू नेपालमा अध्ययन गर्न आउँदै छन्। काठमाडौँ विश्वविद्यालयको सङ्गीत कक्षा छ भने त्रिभुवन विश्वविद्यालयको ललितकला कक्षा पहिलेदेखि नै चालू छ। तर, ललितकला महाविद्यालय सरकारको आँखामा परेको छैन।

समाजको परिवर्तन र क्रान्तिमा समेत नाचगान, सांस्कृतिक कार्यक्रम, चित्रकला एवम् मूर्तिकलाले ठुलो योगदान पुऱ्याएको हुन्छ। संसारका मजदुर र कम्युनिस्टहरूलाई एक सूत्रमा बाँध्ने युजेँ पोट्टरको 'अन्तर्राष्ट्रिय गीत' यसको उदाहरण हो भने आन्दोलनका चित्रकलाहरूले सारा जनमानसको ध्यान आकर्षित गर्छन् र त्यस अभियानमा सहभागी हुन प्रेरित गर्छन्।

मजदुर र किसानहरूलाई गर्ने शोषण, ऐतिहासिक सङ्घर्ष र क्रान्तिकालीन अनेक घटनाहरू, वीर गाथाहरू, चित्र र मूर्तिका स्मारकहरू सङ्ग्रहालयमा प्रदर्शित गरिएका हुन्छन्। चीन, कोरिया र अन्य समाजवादी देशमा यस्ता उदाहरण धेरै देख्न सकिन्छ।

## साहित्य

आँखाले हेरेर, छामेर र कानले सुनेर बुझ्ने माथिका कलाका विधाहरू भए भने साहित्यिक फाँटमा कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदि विधा वा हाँगाबिँगाले अरू विस्तृतरूपले मन छुने ढङ्गले बयान गर्छन्। भाषाको सम्पन्नतामा साहित्यको भूमिका हुन्छ भने सम्पन्न साहित्यले देशमा परिवर्तनको बिगुल बजाउँछ। जुन भाषाको साहित्यले देशको समसामयिक चिन्तनको अगुवाइ गरेको हुन्छ, ती देशमा युगान्तकारी परिवर्तनको अगुवाइ भएको देखापर्छ।

सम्पन्न अङ्ग्रेजी भाषाको दार्शनिक र राजनीतिक साहित्यले संसारमा सबभन्दा पहिले बेलायती पुँजीवादी क्रान्ति तथा अमेरिकी स्वतन्त्रताको बिगुल फुक्यो। सम्पन्न फ्रान्सेली साहित्यकै कारण युरोपमा उथलपुथल गर्ने फ्रान्सेली राज्य क्रान्ति भयो। रुसी साहित्यकै कारण संसारलाई हल्लाउने समाजवादी क्रान्ति रुसबाटै सुरु भयो। एसियालाई नै जगाउने चीनको मुक्ति युद्धमा प्राचीन सम्पन्न चिनियाँ साहित्यले योगदान गऱ्यो। यसकारण, भाइबहिनीहरूले विभिन्न भाषा र साहित्य अध्ययनमा पनि लाग्न साथीभाइलाई उत्साहित गर्नु मनासिब होला।

## नर्सिङ सेवा र प्रयोगशालाका प्रविधिहरू

आजकल संयुक्त परिवार पूर्णरूपले नटुटिसकेको र नयाँ युगल परिवारले आकार लिइनसकेको सङ्क्रमणको बेला घर-घरमा ज्येष्ठ नागरिक (६०-६५ वर्ष नाघेका) बाबु-आमा र हजुरबुबा-हजुरआमाहरू हेरचाहको अभावमा दिनभरि भोकभोकै रहन्छन् भने कसैले समय-समयमा कोल्टे फेर्न लगाउने सेविकाहरू (नर्स) को अभावमा जिउभरि घाउ भएर पीडा भोगिरहेका छन्। देशमा अस्पताल, स्वास्थ्य केन्द्र र घरघरमा हेरचाह गर्ने नर्सहरूको खाँचो छ तर विदेशमा नर्स पठाउने उद्देश्यले निजी नर्सिङ क्याम्पस खोलेर डलर कमाउने व्यवसाय पनि गरिँदै छ।

त्यतिमात्रै होइन, प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) ले समेत सार्वजनिक नर्सिङ क्याम्पसलाई हतोत्साहित गर्ने उद्देश्यले शुभलाभको आधारमा कमसल खालका नर्स उत्पादन गर्ने निजी क्याम्पसहरूलाई प्राथमिकता दिँदै छ। विदेशीहरूको निम्ति सस्तो प्राविधिक ज्यामी तयार गराउने उद्देश्यले नै सीटीईभीटीको स्थापना भएको हो कि भन्ने शङ्का बढ्दै छ - किसानलाई भैँसी पाल्न दिई दूध पसलले फाइदा उठाएजस्तै।

(हालै सरकारले १०० बेडको आफ्नै अस्पताल नभएका नर्सिङ कलेज बन्द गर्ने नियम ल्याएकोले अनमी र स्टाफ नर्समा ७३ नर्सिङ क्याम्पस, १३७ प्रि-डिप्लोमा, १० वटा बीए नर्सिङ कलेज, ८ वटा बीएस्सी नर्सिङ कलेज बन्द हुँदा ३८८० जना छात्र-छात्राहरू नेपालका सीमावर्ती भारतीय सहरमा खुलेका झन्डै १०० भन्दा बढी नयाँ नर्सिङ कलेजमा भर्ना भएको खबर छ।)

बेलायत पहिलो पुँजीवादी वा विकसित देश हो। त्यहाँ अहिले वर्षको २५ प्रतिशत नर्सहरू अवकाश प्राप्त गर्दै छन्। २० हजार नर्सहरूले तालिम प्राप्त गर्छन्। विभिन्न कारणले ३५ हजार नर्सहरूले नर्सिङ पेसा छोड्दै छन्। फिलिपिन्स, दक्षिण अफ्रिका, भारत वा अन्य देशहरूबाट गत वर्ष बेलायतमा १४ हजार नर्सहरू पुगेका थिए।



नर्सको सम्मानमा सोभियत पोस्टर

यो वर्ष ११ हजार ५ सय नर्स मात्र त्यहाँ पुगे।

विकसित देशहरूमा नर्स पुऱ्याउने उद्देश्यले पनि सीटीईभीटी र नर्सिङ परिषद्का पदाधिकारीहरूले आफ्नो देशको निम्ति होइन गल्लावाला र म्यानपावर कम्पनीहरूले ज्यामी पठाएजस्तै विदेश पठाई पैसा कमाउन वा कमिसनको लागि निजी क्याम्पसहरू खोल्दै छन् भन्ने गुनासो व्यापक छ।

सस्तोमा नर्सिङ पढाउने क्याम्पसलाई हतोत्साहित गरी नाफामुखी र महँगो शुल्क लिई पढाउने क्याम्पसको पक्ष लिई सीटीईभीटीले पक्षपात र भ्रष्टाचार गरेको होहल्ला भाइबहिनीहरूले पनि सुनेकै होला!

नेपाली जनताकै सेवाको निम्ति नर्सिङ क्याम्पसहरूको आवश्यकता अनुभव गरिएको हो। नेपालका नर्सहरू विदेशमा पनि सेवा गर्न जानु अस्वाभाविक ठहरिन्न। तर, आफ्ना स्वास्थ्यकर्मीहरू विदेश पुग्दा देशको स्वास्थ्य सेवा बर्बाद भएका देशहरू धेरै छन्। हाम्रो देशमा यस्तो स्थिति नहोस् भनी हामीले अहिलेदेखि नै कामना गर्नुपर्छ।

रोग पत्ता लगाउन दिसा, पिसाब, रगत, खकार र अन्य आवश्यक वस्तुको परीक्षण प्रयोगशालामा गर्नुपर्ने हुन्छ। त्यस्ता परीक्षण गर्ने कामदारहरूलाई 'प्रयोगशाला प्राविधिक' (ल्याब टेक्निसियन) भनिन्छ। तिनीहरूको जाँचको रिपोर्ट अध्ययन गरेर नै डाक्टर वा चिकित्सकले रोगको निदान गर्छन् र उपचार सुरु गर्छन्।

कतिपय 'प्रयोगशाला प्राविधिक' शिक्षित गर्ने तालिम केन्द्र वा कलेजहरूले गम्भीरतापूर्वक श्रमशक्ति तयार नगर्दा ती प्राविधिकले गलत ढङ्गले परीक्षण प्रतिवेदन वा रिपोर्ट दिन्छन् वा तिनीहरूको बेवास्ताले गर्दा रोगीहरूको जाँच रिपोर्ट उल्टोपाल्टो पर्छ। यसरी रिपोर्ट नै झूटो हुँदा चिकित्सकहरूको रोगको निदान र उपचार नमिल्दा रोगीहरूले धेरै दुःख पाएका गुनासाहरू सुनिन्छ।

वास्तवमा ती प्राविधिकहरू अत्यन्त आवश्यक जनशक्ति हुन् तर तिनको तयारीमा भएको 'शुभलाभ' र बेवास्ताले गर्दा जिउ-धनको धेरै क्षति हुने सम्भावना बढ्दै छ। यसकारण, इमानदारीपूर्वक अध्ययन गर्ने, मिहिनेती र जेहेनदार भाइबहिनीहरूलाई ती विषयहरू अध्ययन गर्न घच्घच्याउनु पनि त्यत्तिकै आवश्यक छ।

# शिक्षा र स्वास्थ्य सेवामा प्राथमिकता

भक्तपुर । भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप अस्पताल र ख्वप तिलगङ्गा आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम आइतबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले सर्वसाधारण जनता सामान्य उपचारबाट बञ्चित नहोस् भन्ने हेतुले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकताका साथ काम गरिरहेको बताउनुभयो । गरीब निमुखा जनताको स्वास्थ्यलाई मध्यनजर गरी ख्वप अस्पतालबाट स्वास्थ्य उपचारको व्यवस्था भइरहेको र सरकारले आइतबार बिदा दिने निर्णय असान्दर्भिक रहेको चर्चा गर्दै उहाँले भक्तपुर नगरपालिकाले विद्यालय शिक्षा, सफाइ क्षेत्र र स्वास्थ्य क्षेत्रमा नियमित रूपमा सेवा गरिरहेको उल्लेख गर्नुभयो ।

ख्वप अस्पतालमा हाल ७५ जना डाक्टरबाट सेवा उपचार भइरहेको बताउँदै उहाँले २०० बेडसम्मको स्वास्थ्य सुविधा सञ्चालनमा तयारी गरिरहेका छौं भन्नुभयो ।

ख्वप अस्पतालबाट नि:शुल्क रूपमा अक्सिजन वितरण भइरहेको बताउँदै उहाँले सामाजिक सेवामा युवाहरू लागिरहनुपर्ने आवश्यकता रहेको चर्चा गर्नुभयो ।

भ.न.पा.६ का वडा सदस्य गोविन्द दुवालले रोग नै शत्रु हुने बताउँदै जाँड रक्सी सेवनले स्वास्थ्यमा हानि नोक्सानी हुने हुँदा कुलत त्यागी स्वच्छ जीवन बिताउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

समाजसेवी गोपीकृष्ण चाँगुभारीले वडास्तरीय रूपमा सञ्चालित विभिन्न पाठेघर तथा स्तन क्यान्सर, आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रमले स्वास्थ्यमा लाभ भइरहेको चर्चा गर्दै सरकारले कृषकहरूलाई सहुलियतसहित उत्पादनमा प्रोत्साहित गर्नुपर्ने उल्लेख गर्नुभयो ।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले खानपिनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउँदै विभिन्न रोगहरूप्रति सचेत रही निरोगी हुन सकेमात्र परिवार र समाज राम्रो हुने औँल्याउनुभयो ।

ख्वप तिलगङ्गा आँखा अस्पतालका आँखा विशेषज्ञ डा. अन्जु सुवालले आँखाबिना संसार नै अँध्यारो हुने बताउँदै थाइराइड, बाथ, सुगर, प्रेसर रोगले आँखालाई असर पार्ने हुँदा ६ महिनाको एकचोटि आँखा जाँच गर्नुपर्ने, आँखाको अप्रेसनपश्चात् खानपिनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रमका सभापति एवं वडाध्यक्ष हरिराम सुवालले स्थानीय उपभोक्ता समितिमार्फत वडावासीहरूको साथ र सहयोगमा वडामा सुन्दरी गोपाल मन्दिर पुन: निर्माण, अरनिको सभा भवन, ख्वप आदर निकेतन, महाकाली पीठ सुधार कार्य, बाटो ढुङ्गा छपाइ कार्यहरू सञ्चालन भइरहेको चर्चा गर्दै आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रममा सहभागीहरूप्रति आभार व्यक्त भन्नुभयो ।

# विदेशी चलखेलप्रति सतर्क हुनु आवश्यक

प्रजातन्त्रलाई जीवनपद्धतिको रूपमा विकास गर्ने हो; निरङ्कुशता लाद्ने होइन । प्रजातान्त्रिक अभ्यासमार्फत प्रजातन्त्रलाई सुदृढ गर्नुपर्ने हो; जनताका अधिकारलाई व्यापक बनाउनुपर्ने हो । तर, सरकारले बहुमतको नाउँमा निरङ्कुश शैलीमा मनपरी निर्णय गरेर प्रजातान्त्रिक प्रक्रियालाई खिल्ली उडाउने काम गर्दै छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्था खोलेर आफू अनुकूल चलखेल गर्न पाउने, गतिविधि गर्न पाउने तर आफ्नै देशमा खोलेका दलका जनवर्गीय सङ्गठन या विद्यार्थी सङ्गठन खोल्न नपाउने सरकारको कस्तो विचार ! के नेपालमा स्थापित विद्यार्थी सङ्गठनहरू खारेज गरेर यहाँ अमेरिकी युथ काउन्सिल र बारबरा फाउन्डेसन खोल्ने र खोल्न बढावा दिने ? सरकारमा रहेका मन्त्री र कार्यकर्ताहरू विदेशी सङ्गठनमा आबद्ध हुन पाउने, सङ्गठनमा रहेर चलखेल गर्न पाउने तर नेपालकै विद्यार्थी सङ्गठन खोलेर लाग्न नहुने सरकारको कस्तो द्वैध चरित्र !

विदेशी सङ्घ सङ्गठन खोलेर, विदेशी सङ्घ संस्थामा लागेर सर्वोच्च अदालत, संसद् भवन, सिंहदरबारजस्ता देशका सयौँ सम्पदाहरू आगजनी गर्न पाउने तर विद्यार्थीलाई सुझबुझ बनाएर सङ्गठित गर्न नपाउने सरकारको द्वैध चरित्रले कसरी देशको हित हुन्छ ? देशका अमूल्य सम्पदाका धरोहर जल्दा, खरानी बन्दा उफ्री उफ्री नाच्ने, उत्सव मनाउने विदेशी सङ्घ संस्थामा आबद्ध कार्यकर्ताहरू नै अहिले मन्त्रिपरिषद् र पार्टीमा आबद्ध छन् । देशका व्यापक जनतालाई सैद्धान्तिक, वैचारिक र सांस्कृतिक रूपले सचेत र सङ्गठित पारेर परिवर्तनको पूर्वाधार तयार गर्नुपर्ने बेला अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठन सक्रिय बनाएर देशलाई कता पुऱ्याउन लागेको हो ? चिन्ताको विषय छ । देशमा देशविरोधी भावना विकास हुनुका केही कारणमध्ये विदेशी सङ्घ संस्थाको सक्रियता पनि हो । जनभावना बिगार्ने, मन भाड्ने, पैसाको लोभमा फसाउने, पैसामा बिकाउने, कमिसन र भ्रष्टाचारमा लिप्त बनाउने काम सबै गैरसरकारी सङ्घ संस्थाले नै गरेका हुन्छन् । निर्णय प्रक्रियामा ढिलासुस्ती, कमिसन र भ्रष्टाचारमा लिप्त कुनै पनि संस्थाले जनतामा सकारात्मक सन्देश बाँड्दैन ।


रास्वपाको नेतृत्वमा बनेको सरकार कुनै विदेशी शक्ति राष्ट्रको उठबसमा चलेको होइन भने अमेरिकी युथ काउन्सिल र बारबरा फाउन्डेसन खोल्ने र त्यसमा रहेर देशमा चलखेलको राजनीति गर्ने होइन । पैसाकै लोभमा कति सांसदहरू विगतमा पार्टीको काम, संसद् छोडेर नै गैरसरकारी संस्थाको काममा सरिक हुन पुगेको खबर सामाजिक सञ्जालमा नआएको होइन । प्रजातान्त्रिक मुलुकमा अझ गणतान्त्रिक मुलुकमा दल खोलेर राजनीति गर्न पाउने राजनीतिक र मौलिक अधिकारलाई सरकारले रोक्न पाउँदैन । अमेरिकी स्वार्थ पूरा गर्न के सरकारको नेतृत्व परिवर्तन भएको हो ? के विदेशी शक्ति राष्ट्रहरूको छत्रछायामा रहेर सरकारको नेतृत्व गर्न संसदीय निर्वाचन भएको हो ? 'हामी नेपाल' का सञ्चालक अहिले गृहमन्त्री बनेका छन् । रास्वपाका नेता तथा कार्यकर्ता अन्य कुन कुन विदेशी सङ्घ संस्थासित सम्बन्धित छन् भन्ने कुरा सार्वजनिक हुँदै छ । शासकहरू विदेशी सङ्घसंस्था हुल्याएर देशको अस्मितामा लात मार्दै छ । के यो देशभित्र भइरहेको अकर्मण्यता होइन ?

देशका शासक पार्टीहरू अनेक राजस्वमा रजाइँ गर्न लागेकै कारण जनताको दबाब बढेको हो । संयुक्त राज्य अमेरिकाले विश्वमा साम्राज्य बढाउने क्रममा कति देशलाई आफ्नो नियन्त्रणमा राख्ने नाउँमा आक्रमण गर्ने, प्राकृतिक स्रोत साधन कब्जामा लिने, आन्तरिक द्वन्द्व चर्काउने काम गर्दै छ । आर्थिक नाकाबन्दी गरेर देशको आर्थिक स्थिति कमजोर पार्ने, शक्तिशाली हतियार नष्ट गर्ने, भण्डारणहरू नष्ट गर्ने काममा साम्राज्यवादी देश अमेरिका अगाडि छ । संसारका दर्जनौँ मुलुकमा उसले र उसकै सहयोग र साथमा आक्रमण गरिसकेको छ । अहिले पनि दर्जनौँ मुलुकमा हातहतियारसहितका अमेरिकी सेना तैनाथ छ । सामान ओसार पसारमा बाधा हाल्ने, राष्ट्र प्रमुखहरूको हत्या प्रयासमा साथ दिने, अरुलाई आर्थिक , प्रशासनिक, प्राविधिक क्षेत्रमा कमजोर बनाएर आफू धनी हुने षड्यन्त्र बुन्ने काममा अमेरिका अगाडि छ । देश देशबिच युद्ध चर्काउने, युद्ध चर्काएर हतियार बेच्ने काम गरेरै अमेरिका धनी भएको हो । विदेशी सहयोग ल्याएर, विदेशी शक्ति राष्ट्रलाई खुसी पारेर के देश समृद्ध हुन्छ ? के नेपाली जनता सुखी हुन्छन् ? विदेशी शक्ति राष्ट्रको इसारामा चल्दा न देशमा परिवर्तनको अनुभूति दिन सक्छ न त जनताको विश्वास नै जित्न सक्छ । अमेरिकी स्वार्थ पूरा नहुने देखिएपछि यो सरकारलाई पनि बाँकी राख्ने छैन । अमेरिकी स्वार्थ पूरा गर्ने कि आफूले सरकार छोड्ने ? धर्म सङ्कटमा पर्न सक्छ । विचार नै नगरी केही काम गरेरै छाड्छौँ भन्ने हिसाबले सरकारले अव्यवहारिक र अपरिपक्व निर्णय गरेर देशमा अन्योल छाउने काम गरेको छ । गर्नैपर्ने मुख्य मुख्य काम छोडेर हल्ला फिजाउने खालका स-साना काम गरेको देखाएर सरकार अघि बढेको छ ।

सरकारको सिद्धान्त र विचार स्पष्ट नहुँदा, देशलाई कुन मार्गमा लैजाने भन्ने ठोस नीति नहुँदा हल्ला हुने खालका नीति बनाएर, निर्णय गरेर सरकारले जनतालाई चित्त बुझाउने काम गर्दै छ । यो सरकारले नेपाल र नेपाली जनताप्रति आश्वस्त र विश्वस्त बनाउन साँच्चै एमसीसी सम्झौता खारेज गर्नुपर्छ; विचाराधीन एसपीपीको प्रावधान पनि छोड्नुपर्छ । बरु, नेपालका व्यापारी व्यवसायी या राष्ट्रिय पुँजीपतिवर्गलाई क्रियाशील बनाएर बन्द भएका उद्योग तथा कल कारखाना सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । विदेशीको भरमा बसेपछि उसले जतिसुकै अपराध या गल्ती काम गरे पनि विरोध गर्न नमिल्ने हुन्छ; विरोध गरेमा उसको सहयोग मात्र रोक्ने होइन सरकार ढाल्ने खेल रच्छ । अत: शासकहरूले जहिल्यै सोच विचार गरेर मात्रै नीति बनाउनुपर्छ; निर्णय गर्नुपर्छ ।

# सम्पदालाई जीवन्तता दिनसके देशको पहिचान रहिरहने

विश्वलाई चिनाउने र देशको गौरव बढाउने आधारहरूमध्ये नेपालका कला, संस्कृति र सम्पदा पनि हो । विश्वलाई चिनाउने कुनै पनि सम्पदा विश्वकै साझा सम्पत्ति हो । अत: यहाँका अमूल्य सांस्कृतिक, धार्मिक, ऐतिहासिक र प्राकृतिक सबै सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्न सके नेपाल र नेपालीको मौलिक पहिचानलाई जीवन्तता दिन सकिन्छ । सयौँ र हजारौँ वर्षदेखि निर्मित मूर्त र अमूर्त सम्पदाहरूलाई जीवन्तता दिन नेपाल सरकार र सम्पदा संरक्षण कार्यालय तथा पुरातत्त्व विभागको विशेष ध्यान जानु आवश्यक छ । सम्पदा हुन्छ । त्यही सभ्यता, संस्कृति र सम्पदाले त्यो देशको गरिमा बढाएको हुन्छ । ऐतिहासिक धरोहरको रूपमा रहेका ती नै जीवन्त सम्पदाले नै आर्थिक समृद्धिको आधारशीला बनेको हुन्छ । आन्तरिक तथा बाह्य पर्यटकहरू यस्तै मौलिक सम्पदा हेर्न, बुझ्न सात समुद्रबाट आएका हुन्छन् । सम्पदाको अवलोकन गर्न आउने पर्यटकहरूबाट हुने आम्दानी त्यो ठाउँको विकास र सम्पदा संरक्षणको निम्ति महत्त्वपूर्ण स्रोत बन्छ । भक्तपुर नगरपालिकाले यहाँका विश्व सम्पदा स्थलमात्र होइन वडा वडामा रहेका सम्पदाहरू संरक्षण



हालसम्म विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदाहरूमा काठमाडौँ दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथ मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ, चाँगुनारायण मन्दिर, लुम्बिनी, चितवन राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्ज रहेका छन् । यीबाहेक नेपालमा विश्व सम्पदा सूचीमा सूचित गर्न सुहाउँदा अरू सम्पदाहरू पनि छन् । यी सबै सम्पदाको संरक्षण गरेर जीवन्तता दिन सरोकारवाला निकाय दत्तचित्त हुनुपर्छ; स्थानीय तहलाई आवश्यक सहयोग संस्कृति मन्त्रालयले गर्नुपर्छ ।

हरेक मुलुकको आ-आफ्नै सभ्यता, संस्कृति र गर्न सक्नुको एक कारण पर्यटन सेवा शुल्क पनि हो । यो यहाँको महत्त्वपूर्ण आयस्रोत बनेको छ । यहीँ कारण साना-ठुला, राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्याति पाएका सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्न सहयोग मिलेको हो ।

पाँचतले मन्दिर, भैरवनाथको मन्दिर, पचपन्न झ्याललगायत सयौँ सम्पदाहरूको संरक्षण र संवर्द्धनमा विदेशी सहयोगको आवश्यकता भएन; विदेशी राष्ट्र तथा दाताको मुख ताक्नु परेको छैन । विदेशीको दान र अनुदानमा संरक्षण हुने सम्पदाले हाम्रो स्वाभिमानलाई उँचो बनाइराख्न सक्दैन । त्यस्तो सम्पदाप्रति हामीले गौरव गर्ने ठाउँ हुँदैन । अत: हाम्रो सम्पदाको संरक्षण र संवर्द्धन गर्न हामी नै सक्षम हुनुपर्छ । सम्पदा संरक्षणको निम्ति आवश्यक काठ सरकारले सस्तोमा उपलब्ध गराउनुपर्छ या करमा भारी छुट दिनुपर्छ । किनकि, सम्पदा त्यो ठाउँको मात्र होइन देशकै साझा सम्पत्ति हो; विश्वकै सम्पत्ति हो । त्यही सम्पदा हेर्न आन्तरिक र बाह्य पर्यटकहरू यहाँ आउँछन् । पर्यटकहरू यहाँ आउनु भनेकै आम्दानी हुनु पनि हो । एकातिर यहाँको सम्पदा स्थल अवलोकन गरेर पर्यटकहरूले विश्वमा चिनाउने काम गर्छन् भने अर्कोतिर आम्दानीको स्रोत पनि बन्छ ।

ऐतिहासिक महत्त्व बोकेको सम्पदाले देश विदेशमा चिनाउने काम मात्र गर्दैन; सम्पदाको आकर्षणले अरू पर्यटकहरू आइरहने माध्यम पनि बन्छ । यसले जाति, समुदाय र राष्ट्रको पहिचान कायम गरेको हुन्छ । सम्पदाभित्र मानिसको संस्कृति, संस्कार, जात्रा, पर्वलाई चिनाउँछ । यसले संस्कार सिकाउँछ । यसैले यी सबै सम्पदा देशका अमूल्य निधि हुन् । देशको सम्पदा राष्ट्रिय गौरव हो; राष्ट्रिय वैभव हो । सम्पदालाई जीवन्तता दिन सके देशको पहिचान अनन्तसम्म कायम रहने छ, कायम राख्नुपर्छ ।

विश्व सम्पदा सूचीमा सूचिकृत स्थलहरू कहिलेकाहीँ खतरामा परेको खबर छापामा आउँछ । लुम्बिनी क्षेत्र र काठमाडौँको सम्पदा स्थल खतराको सूचीमा परेको खबर बेलाबखत नआएको होइन । खतराको सूचीबाट मुक्त हुन सुधार पनि गरिएको पाइन्छ । तर, आधुनिकता र आकर्षक बनाउने नाउँमा आधुनिक शैलीमा निर्माण गर्ने, रङ्ग रोगन गर्ने आदि कामले सम्पदाको संरक्षणमा असर परेको छ । यसबारे विशेषत: संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र स्थानीय तह सचेत हुनुपर्ने देखिन्छ । प्राचीन स्मारक संरक्षण ऐन २०१३ को प्रावधानअनुसार संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने या सांस्कृतिक नगर, सांस्कृतिक गाउँ या सांस्कृतिक स्थल घोषणा गरेर जीवन्तता दिनुपर्ने खाँचो छ । विश्व सम्पदा दिवसले यस्तै सन्देश बाँड्न सकोस् र विगतको गौरव र भविष्यको जिम्मेवारीबिचको गहिरो सम्बन्ध कायम भइरहोस् । यसबारे नयाँ पुस्तामा पनि चेत आओस् र सम्पदाले जीवन्तता पाओस् ।

**साम्राज्यवादीहरूको....**

गर्ने" उल्लेख छ । यही विषयलाई रास्वपाको साइबर सेनाले "बालेन सरकारले एसपीपी खारेज गरेर नेपालको सार्वभौमिकता रक्षा गरेको" झूट प्रचार गऱ्यो । यथार्थमा बालेन सरकार नेपाली जनतालाई भ्रममा पारेर नेपालको बहुमूल्य खनिज विदेशी प्रभुलाई सुम्पने दाउमा रहेको खुल्दै छ ।

**प्याक्स सिलिका** (pax silica)

संरा अमेरिकाको नेतृत्वमा प्याक्स सिलिका (pax silica) नामको एक रणनीतिक पहल सन् २०२५ डिसेम्बरमा सुरु गरिएको हो । यसले एआई युगका लागि आधारभूत प्रविधिहरू सिलिकन, सेमिकन्डक्टर, उन्नत कम्प्युटिङ, महत्त्वपूर्ण खनिजहरू, र एआई पूर्वाधारका लागि सुरक्षित, लचिलो र नवप्रवर्तन-केन्द्रित आपूर्ति शृङ्खलाहरू निर्माण गर्ने लक्ष्य राख्दछ । प्याक्स 'Pax' शब्दले शान्ति र स्थिरतालाई जनाउँछ भने सिलिका 'Silica' ले कम्प्युटर चिपमा प्रयोग हुने मुख्य तत्त्व सिलिकनलाई सङ्केत गर्छ । प्याक्स सिलिकामा संयुक्त राज्य अमेरिका, जापान, दक्षिण कोरिया, अष्ट्रेलिया, बेलायत, सिङ्गापुर, इजरायल, ग्रीस, कतार, संयुक्त अरब इमिरेट्स, नेदरल्यान्ड र भारत समावेश छन् । क्यानडा, युरोपियन युनियन, ताइवान र अर्गनाइजेसन फर इकोनोमिक को-अपरेसन एन्ड डेभलपमेन्ट (OECD) ले छलफलमा भाग लिन्छन् तर औपचारिक रूपमा घोषणा पत्रमा हस्ताक्षर गरेका छैनन् । (१ वैशाख २०८३, मङ्गलबार, सिंहदरबार डटकम)

युरेनियमलगायतका विश्वमा रहेका दुर्लभ खनिजहरूमा अहिले चीनको ७० प्रतिशत पहुँच रहेको मानिन्छ । स्वयम् अमेरिका पनि यस्ता खनिजहरूको निम्ति चीनमा निर्भर छ । यसकारण, चीनको निर्भरता कम गर्न अमेरिकाले नेपालको युरेनियम भण्डारमा आँखा लगाएको हो ।

बालेन नेतृत्वमा रहेको रास्वपा सरकारले अपर मुस्ताङको लोमान्थाङमा ३० वर्ग किलोमिटर क्षेत्रलाई मुस्ताङ स्पेसल जोन ( एमएसजेड) घोषणा गरी युरोनियम प्रशोधनको जिम्मा नेपाली सेनाको रोहवरमा अमेरिका र अष्ट्रेलियाको प्राविधिक टिमलाई दिने तयारी गरेको समाचार सामाजिक सञ्जालमा प्रकाशित भयो । यसको निम्ति सिंहदरबारमा रहेका पुराना कागजातहरू सम्पुर्ण रूपमा जलाउन र पुराना शासक पार्टीहरूलाई बोल्न नसक्ने बनाउन संरा अमेरिकाले राष्ट्रिय स्वतन्त्र पार्टीलाई बहुमतमा ल्याउन लगानी गरेको पनि समाचार छ ।

बालेनको टीमले प्रतिनिधिसभा निर्वाचन सकिएको तीन दिनपछि २०८२ फागुन २४ (मार्च ८, २०२६) गते नै प्याक्स सिलिकामा सहभागी हुने सैद्धान्तिक सहमतिमा हस्ताक्षर गरिसकेको आशङ्का गरिएको छ । बालेन सरकार यो विषयमा बोलेको छैन, मौन छ । वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले यससम्बन्धी रास्वपा सरकारसँग सूचनाको हकअन्तर्गत कागजात मागेका छन् । तर, बालेन सरकार कागजात उपलब्ध गराउन आनाकानी गर्दै छ ।

सम्झौता भइसकेको आधिकारिक पुष्टि भएको छैन तर सम्झौताको निम्ति सुशीला कार्कीको पालामै एउटा सैद्धान्तिक निर्णय भइसकेको छ । अब त्यसको लागि 'खनिज उत्खनन् प्राधिकरण' बनाउने गृहकार्य भइरहेको छ । (भरत दाहाल युट्युब, २०२६ अप्रिल १८)

सोही सङ्गठनमार्फत नेपालको मुस्ताङमा रहेको युरेनियम उत्खनन गर्न आवश्यक पर्ने विद्युत् एमसीसी परियोजनाबाट पुऱ्याउने तयारी गरिएको पनि समाचार छ । यसरी अमेरिकी साम्राज्यवाद र उसका दलालहरूले नेपालमा 'छद्म' ढङ्गले गतिविधि गर्दै छन् । नेपाली जनता सचेत हुनुपर्छ ।

*२०८३ वैशाख ६ गते*

# शासकहरू विदेशी हस्तक्षेपको अगाडि झुक्न नहुने

पुँजीवादी व्यवस्था आफै शुभलाभ, भ्रष्टाचार, छलछाम र शोषणमा फस्टाउने व्यवस्था हो। पुँजीवादी गणतन्त्रमा पुँजीपतिवर्गको हितलाई प्राथमिकता दिनु स्वाभाविक हो। पुँजीपतिवर्ग, पुँजीपतिवर्गका सञ्चालक र उनीहरूको स्वार्थमा लाग्ने ठेकेदार, बिचौलियाहरूले सरकारलाई श्रमजीवीवर्गको हितमा काम गर्न दिँदैनन्। सरकारको नेतृत्व गर्ने दल नै पुँजीपतिवर्गको पक्षमा छ भने उसले बहुमत जनताको पक्षमा काम गर्दैन; नीति नियम बनाउँदैन। लोभलालच, झूटा आश्वासन र राज्यशक्तिको दुरूपयोग गरिएको हुन्छ। हिंसात्मक गतिविधि मात्र होइन साम्प्रदायिक भावना फैलाइएको हुन्छ। प्रशासनिक संयन्त्रको आडमा कामदारवर्गको राज्यसत्ता कहिले पनि आउँदैन। बरु, पद र पैसाको प्रलोभनमा लोभी पापी र अवसरवादीहरू कहिले कुन दलसँग त कहिले कुन दलसँग लाग्छन्। हालै भएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाबाट निर्वाचित सांसदहरू पहिले नेका, एमाले र माओवादीमा सक्रिय कार्यकर्ताहरू रहेको खबर प्रकाशमा आएकै हो।

विदेशी एजेन्टहरू धार्मिक सङ्घ संस्था र अनेक समूह खडा गरी रकम बाँडेर हातमा लिन्छन्। धार्मिक सङ्घ संस्थालाई जातीय समूहमा पैसाको खोलो बगाएर धर्मको नाउँमा साम्प्रदायिक भावना फैलाइएको हुन्छ। विशेषत: युवा समूहलाई पैसा बाँडेर मतिभ्रष्ट बनाउन र मन भाँड्ने काम गरिएको हुन्छ। राजनीतिक दलका नेता, कार्यकर्ता, जनता इमानदार भएमा, विदेशी हस्तक्षेपअघि नझुकेमा, सिद्धान्तप्रति निष्ठा भएमा शासकहरू विदेशी हस्तक्षेपको अगाडि झुक्दैनन्; झुकेर देशघाती काम गर्दैनन्। उनीहरू पद र पैसामा भुल्दैनन्; सिद्धान्तको राजनीति छोड्दैनन्। पद र पैसामा भुलेर आफूहरू कसैको दासी बन्दैनन्। देश र जनताप्रति जिम्मेवार भएमा सबैले आफ्नो दायित्वबोध गरेमा र देश र जनताको सेवामा प्रतिबद्ध भएमा यहाँ भ्रष्टाचार र अनियमितता स्वाभाविक रूपमा घट्ने छ।

देश र जनताप्रति समर्पित दलको सरकारले हचुवाको भरमा काम गर्दैन। हचुवाको भरमा या गहिरो अध्ययन नगरी गरिएको निर्णयले स्थिरता पाउँदैन। सरकारको निर्णय व्यवहारिक भएन भने सरकार एकातिर सङ्घ संस्था र जनता अर्कोतिर हुन्छन्। नयाँ काम गर्ने बहानामा, केही सुधार गर्छु भन्ने बहानामा सरकारी निर्णयलाई जनताले आत्मसात गरेनन् या निर्णयले अहित गर्छ भने सरकारले आफ्नो निर्णय फिर्ता लिनु नै बुद्धिमानी हुनेछ। यतिबेला विद्यार्थी सङ्गठन खारेज गर्ने, स्कूल र कलेजमा दुईदिने बिदाबारे बढी चर्चाको विषय बनेको छ। भर्नाको समय त दुई चार दिनअघि र दुई चार दिन फरक परेर केही हुने होइन। भर्ना दिने काम दुई चार दिनअघि नै भयो भनेर सरकारी निर्णय उल्लङ्घन भनी टाउको दुखाउनुपर्ने विषय होइन। बरु, कक्षा ५ सम्म परीक्षा लिनु नपर्ने व्यवस्थाबारे गहन छलफल गर्नु आवश्यक छ। परीक्षा नलिने बानी बसेपछि पढ्ने बानीमा पनि नकारात्मक असर पर्छ। अलि बुझ्न थालेको उमेरदेखि नै परीक्षाबिना पास गर्ने भएपछि उसले पछिल्लो कक्षामा पनि मेहनत गर्दैन। पढाइमा चासो नभएपछि उसको शैक्षिक स्तर कस्तो होला ? के यसले देशको लागि आवश्यक जनशक्ति तयार गर्ला ?

वैशाख ४ गतेको नेपाल समाचारपत्रमा 'काठमाडौँ उपत्यका विकास प्राधिकरणमा पूर्व विकास आयुक्त तिवारीको गैरकानुनी कमाइ झण्डै ११ करोड' शीर्षकको समाचार छापियो। समाचारमा पूर्व विकास आयुक्त भाइकाजी तिवारी ३४ वर्ष सरकारी सेवामा रहँदा अनियमितता गरी झण्डै ११ करोड रूपैयाँ कमाइ गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जनाएको छ। त्यस्तै विभिन्न ठगी प्रकरणमा दोषी देखाएर सजाय पाएका सहकारी व्यवसायी तथा पूर्वसांसद इच्छाराज तामाङ पुन: बिनालगानी सिभिल मलको ५० प्रतिशत शेयर हत्याउने खेलमा लागेको खबर सोही पत्रिकामा छापियो। यसबारे सत्यतथ्य पत्ता लगाउन अनुसन्धान गर्नुपर्ने र दोषी भए कारबाही गर्नुपर्ने देखिन्छ। सरकारको सार्वजनिक ऋण बढेको बढेकै छ। राजस्व सङ्कलन कमजोर, विनिमय दरमा भएको नोक्सानी, विकास निर्माणको परियोजना सञ्चालन गर्न र कर्मचारीलाई तलब खुवाउन ऋण लिनुपर्ने अवस्था सकारात्मक सोच होइन। देशले खप्नै नसक्ने गरी ऋणको बोझ बढ्दै गयो भने भोलि देशको स्थिति के होला ? ऋण तिर्न ऋण लिनुपर्ने स्थिति बढ्दै गयो र ऋण तिर्न नसक्ने स्थितिमा ऋण दिएको देशले देशको स्रोत र साधन उपयोग गर्नुपर्ने माग राख्यो भने या देश अरुको अधीनमा गयो भने देशको स्थिति के होला ? के यो चिन्ताको विषय होइन ?

---

**इन्धनको...**

रोजगारीअनुसार पारिश्रामिकको व्यवस्था छ। शिक्षा-स्वास्थ्य नि:शुल्क गरी भूउपग्रहसमेत पटक पटक उडाएको प्रजग कोरियाको सरकारलाई विरोध गर्नुपर्ने कुनै कारण छैन। नेपालका शासकहरू प्रजग कोरियाको विरोध गरी आफ्नो अयोग्यता प्रदर्शन गर्दै छन्।"

समाजसेवी विनोदचरण रायले नेपालको राजनीतिमा नेमकिपाको योगदान उल्लेखनीय भएको र यो सत्यलाई नेपाली जनताले बुझ्नु आवश्यक छ भन्नुभयो।

भदौ २४ गतेको आगजनीमा संलग्नहरू जनताका प्रतिनिधि हुन नसक्ने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "भदौ २३ गतेको हत्याका दोषीहरूलाई कारबाही हुनु आवश्यक छ। निर्वाचनमा सामाजिक सञ्जालको आतङ्कबारे नेपाली जनता सचेत हुनु जरूरी छ।"

रवीन्द्र खर्बुजाको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा भनसका नारायणप्रसाद त्वानावासु, रामसुन्दर भेले र गणेशप्रसाद सुवाललगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।

---

**भदौ...**

**प्रम निवास, बालुवाटारको सुरक्षा कमाण्डर प्रमुख सेनानी दिवाकर खड्का** - करिब २:५५ बजे प्रधानमन्त्रीज्यूको जीवन र सुरक्षालाई उच्च प्राथमिकतामा राखी उहाँलाई नेपाली सेनाको हवाई साधन प्रयोग गरी सुरक्षित स्थानतर्फ उद्धार गर्ने निर्णय कार्यान्वयन गरियो।

**प्रमुख सेनानी गणेश खड्का (जिल्ला सुरक्षा समिति काठमाडौँको सदस्य)** - भदौ २३ गते माइतिघर मण्डलामा शान्तिपूर्ण आन्दोलन गर्ने 'हामी नेपाल' नामक संस्थाका सुदन गुरुङ तथा अङ्कित मल्ल, सबल गौतम र पुरूषोत्तम यादवलगायतले जिल्ला प्रशासन कार्यालयमा जानकारी पत्र पठाएका थिए। करिब ८ हजार जनासम्म सहभागी हुनसक्ने अनुमान जिल्ला सुरक्षा समितिमा प्रस्तुत गरिएको थियो।

**प्रमुख सेनानी नरेश खड्का (नरसिंह दल गण सिंहदरबारका गणपतिको रूपमा)** - भदौ २४ गते दिउँसो करिब १२:४५ बजेतिर पश्चिम, दक्षिण र पूर्वी गेटमा हजारौँको सङ्ख्यामा भीड पुगेको अवस्था थियो। उनीहरूले ढुङ्गामुढा प्रहार गर्नुका साथै गेटमा आगजनी गर्ने प्रयास गरेका थिए। सबै गेटबाट एकैचोटि उत्तेजित भीडभित्र छिरेपछि स्थिति असामान्य बनेको थियो।

**सेनानी सन्तोष ढुङ्गेल (संसद् भवन थप सुरक्षार्थ खटिएका टोली)** - भदौ २३ गते करिब ११:३० बजेतिर करिब १० हजारको हाराहारीमा पुगेको भीडले ढुङ्गा, इँटा, सिसाका बोटल र मोलोतोभ ककटेल (आगो बलेको पेट्रोलको शिशि) प्रयोग गरी दक्षिण र पश्चिम पेरिमिटरमा आक्रमण गर्न थाल्यो। करिब १:५७ बजे ठुलो हुलसहित प्रदर्शनकारीहरूले नेपाल प्रहरी र सशस्त्र प्रहरीको घेरा तोड्दै संसद् भवनतर्फ आक्रमण गरे। 'खुनको बदला खुन' जस्ता नारा लगाउँदै सेना तथा प्रहरीका सवारी साधनमा आगजनी गरियो।

**नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक चन्द्रकुबेर खापुङ** -नेपाल सरकारले सामाजिक सञ्जाल बन्द गर्नुअघि नेपाल प्रहरीसँग औपचारिक रूपमा सल्लाह गरेन।

भदौ २३ गते सुरक्षाकर्मीले घेरा तोड्दै प्रदर्शनकारी संसद् परिसरभित्र प्रवेश गरेको जानकारी पाएपछि स्थानीय प्रशासन ऐनअनुसार संयमतापूर्वक प्रहरी परिचालन गर्न निर्देशन दिएको हुँ। मेरो विश्वासमा कर्फ्यु आदेशपछि मात्र गोली चलेको हो। जेनजी युवाहरूको शान्तिपूर्ण प्रदर्शन कसरी हिंसात्मक स्तरमा पुग्यो, कुन तत्त्वहरूको घुसपैठ वा कुन कारणले आक्रोश बढ्यो भन्ने विषय गहन अनुसन्धानबाट मात्र स्पष्ट हुनसक्छ।

**तत्कालीन उपत्यका प्रहरी कार्यालय प्रमुख एवम् हालको प्रहरी प्रमुख दानबहादुर कार्की** - काठमाडौँ उपत्यका प्रहरी कार्यालयको नेतृत्व भदौ १८ गतेदेखि नै रिक्त थियो। प्रहरी अतिरिक्त महानिरीक्षकहरूमध्ये कोहीले अनिच्छा र कोही बिरामी भएको बहानाबाजी गरेर दायित्वविमुख भएपछि मुलुकको संवेदनशील परिस्थितिमा राष्ट्रसेवकले आफ्नो भूमिका नि:स्वार्थ ढङ्गले निर्वाह गर्नुपर्छ भन्ने आत्मसात गरी २०८२ भदौ २४ गते बिहान करिब ९ बजेको समयमा मौखिक आदेशअनुसार म उपत्यका प्रहरी कार्यालयको प्रमुखको रूपमा जिम्मेवारी सम्हाल्न पुगेको हुँ। प्रहरी कार्यालयहरूमा एकैसाथ आक्रमण हुँदा ठुलो मात्रामा हातहतियार, गोलीगट्ठा र सम्पत्ति लुटिन पुग्यो।

नेपाल प्रहरी सङ्गठनको (हाल) प्रमुखको हैसियतले म बाँकी रहेका हातहतियार, फरार कैदी र दोषीहरूमाथि कानुनी कारबाही गरी नागरिकमा पैदा भएको भ्रम र असुरक्षा अन्त्य गर्न पूर्ण प्रतिबद्ध छु।

**प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाह (तत्कालीन कार्य विभाग प्रमुख)** - भदौ २३ गतेको प्रदर्शनको सूचना केही दिनअगाडि नै टिकटक, फेसबुक, रिल्स तथा डिस्कर्डजस्ता सञ्जालमार्फत तीव्र रूपमा फैलिन थालेको देखेपछि मैले तत्कालीन प्रहरी महानिरीक्षकलाई समयमै जानकारी गराई पूर्वतयारीबारे छलफल गरेको थिएँ। प्रारम्भिक सुरक्षा तयारी अपेक्षित स्तरमा सुदृढ हुन सकेन भन्ने मेरो बुझाइ रह्यो। घुसपैठको सूचनालाई गम्भीरतापूर्वक नलिनु र सुरक्षा तयारी अपर्याप्त रहनु नै भदौ २३ गतेको घटनाको मुख्य कारण हो।

**प्रहरी नायव महानिरीक्षक ओमबहादुर राना (भदौ २३ गतेका उपत्यका प्रहरी कार्यालयका विभाग प्रमुख)** – भदौ २३ गते माइतीघर क्षेत्रमा भेला भएको भीड सुरुमा शान्तिपूर्ण देखिए पनि क्रमश: नेतृत्वविहीन, आवेगयुक्त र आक्रमक बन्दै गयो। विद्यालय पोशाकमा रहेका बालक - किशोरहरूबाहेक बाहिरी समूह, अज्ञात उत्तेजक तत्त्व तथा उद्देश्यहीन हिंसात्मक प्रवृत्तिको मिश्रणले वातावरण एकाएक बिग्रियो। निषेधित क्षेत्र उल्लङ्घन गर्दै भीड संसद् भवनतर्फ अघि बढ्यो र सार्वजनिक संरचना तथा प्रहरी तैनाथीमाथि आक्रमण गऱ्यो।

**जिल्ला प्रहरी परिसर काठमाडौँका तत्कालीन कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक विश्व अधिकारी** – भदौ २३ गतेको प्रदर्शनका लागि निवेदन दिने प्रमुख पक्ष 'हामी नेपाल' समूहका सुदन गुरुङ, अनिल बानियाँ, केपी खनाल, दीपक बोहरा, भिक्टर पौडेल तथा हालका (तत्कालीन) मन्त्री बब्लु गुप्तालगायतसँग समन्वय भएको थियो।

भदौ २४ गते स्थिति अझ जटिल हुनसक्ने आकलनसहित नेपाली सेनालाई परिचालन गरी अन्य सुरक्षाकर्मीलाई फिल्डमा खटाउने छलफल भएको थियो। सामाजिक सञ्जाल विश्लेषण गर्दा आक्रमण स्थलको म्यापिङ र 'फेक न्युज' फैलाएर भीडलाई हिंसात्मक बनाउने तयारी भएको तथ्य पछि खुल्न आयो। भदौ २४ गते कर्फ्यु अवज्ञा, शीर्ष नेताहरूको निवासमा आक्रमण र शव प्रदर्शन गर्ने योजनाबारे सूचना प्राप्त भएको थियो।

**जिल्ला प्रहरी परिसर ललितपुरका तत्कालीन कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामकृष्ण अधिकारी** – भदौ २४ गते करिब ११:३० बजे मन्त्री तथा मुख्य मन्त्री निवासहरू, पार्टी कार्यालयहरू, प्रहरी प्रशासन तथा वडाहरू र न:खु कारागारसमेतमा एकैसाथ अराजक आक्रमण सुरु भयो। उक्त दिन भीडले बाटो अवरुद्ध गरेकोले सशस्त्र प्रहरी र नेपाली सेनाबाट अपेक्षित सहयोग नआएकोले प्रहरीको एक्लो बलले भीडलाई थाम्न सकेन र स्थिति नियन्त्रण बाहिर गयो।

भदौ २३ गते संसद् भवनको उत्तर र दक्षिण गेटमा सशस्त्र प्रहरीले खासै प्रभावकारी भूमिका नखेलेको र १२:३० बजे नै कर्फ्यु आदेश जारी हुँदा समेत संसद्को दक्षिण गेटमा सेना देखिए पनि सक्रिय प्रतिरक्षा प्रतिक्रिया नदेखिएको उनले उल्लेख गरे।

भदौ २४ गते विमानस्थलबाट शीर्ष नेताहरू विदेश भाग्ने भन्ने सार्वजनिक सञ्जालमा हल्ला फैलिएपछि सुरक्षाका लागि गोल्डेनगेटमा प्रनाउको कमान्डमा टोली खटाइएको थियो। आगजनीका कारण भिजिबिलिटी कमजोर भएको सूचना जारी भएपछि अन्तर्राष्ट्रिय उडान रोकिएको थियो।

---

**एकक्षण** — एक पाठक

## के रास्वपाको सरकारले मुस्ताङको खानी संरा अमेरिका र अष्ट्रेलियालाई दिएको हो ?

सरकारले लुकाएर लुक्ने हो भने हिजोका शासक दलका नेताहरूको गुप्त खातावही र भ्रष्टाचारका 'क' देखि क्षेत्रज्ञसम्मका वर्तमान सरकारका कार्यकर्ताले जान्ने थिएनन् र समारचारपत्रमा आउने थिएनन्।

भनिन्छ - 'जनताका आँखा दूरबिनसरह हुन्छन्, टाढा-टाढाका वस्तु पनि देख्ने गर्छन्। वर्तमान सरकारका कुन मन्त्रीले भाङ र सुर्ती, गाजा र मादक पदार्थ खान्छन् र कुन तहका कार्यकर्ताले कुन विदेशी दूतावासबाट पैसा खान्छन् र कुन देशको हितमा काम गर्छन् भन्ने थाहा हुन्छ।

प्रजातन्त्रमा हरेक जनताले देश र जनताको अहित हुने काम नगरेसम्म, जनताले काम गरी खाएसम्म बाधा-व्यवधान गर्दैनन् किनभने काम गरी खाने स्वतन्त्रता प्रजातन्त्रमा हुन्छ। त्यसैले, सरकारका कार्यकर्ताले 'कसको बुहारी उडायो' र 'कसले दोस्रो विवाह गऱ्यो' भन्नेबारे विवाहको ऐन-कानुनअनुसार हुन्छ भनी जनताले हेरिरहने गर्छन्। व्यक्तिगत मामलामा पाएको अधिकार र कर्तव्य पालना गर्नु हरेक नागरिकको अधिकारको विषय हो।

तर, नेपालको 'नागरिकता त्यागेर' विदेशी नागरिक भइसकेको नेपालीले निर्वाचनमा मत हाल्न पाउने छैन, नेपाली नागरिकले मात्रै नेपालको राजनैतिक अधिकार पाउँछ। एक व्यक्तिले हरेक देशमा नागरिकता खोज्दैमा राजनैतिक अधिकार पाउने गर्दैन। 'नागरिकता निश्चित देशको नलिने र सबै देशको राजनैतिक र सामाजिक अधिकार पाउन जिकिर गर्नु आजको समाजमा 'अराजकता' साबित हुनेछ। हो, सबै संसारकै नागरिकता अहिले तत्काल हुने तर्क र सम्भावना 'काँचो धागो' जस्तो मात्रै तर्क हुनेछ। दुई सय वर्षपछि राज्यका आजका जस्ता सीमाहरू नभएपछि र विश्व साम्यवादी व्यवस्थामा भित्रिएपछि मात्रै 'एक व्यक्ति विश्वकै नागरिक' हुने तर्कले काम दिनेछ। 'विश्व सम्पदा' र 'विश्व नागरिकता' लाई आज समान अर्थमा लिइँदैन।

'विश्व सम्पदा' को अर्थ मानव जाति फरक-फरक देश र ठाउँहरूमा विकास भएको भए पनि साम्यवादी समाजमा व्यक्ति वा नागरिकले फरक-फरक मानिसले गरेका विकास र हरेक प्रगतिका धरोहरहरू 'पृथ्वीका मानिसहरूकै' फरक-फरक समयमा विकास र उन्नति गरेका वस्तु हुन् भन्ने उदात भावनाले हेर्ने छन्। यसकारण, चे ग्वेभाराले आफ्नो 'समाजवाद र व्यक्ति' भन्ने रचनामा भनेका थिए - समाजवादको विकास गर्ने हरेक व्यक्तिमा त्यो भावनालाई आत्मसात गरिसकेको हुन्छ। त्यसैले, त्यो समाज सफल भई अगाडि बढ्छ।

यात्रु बसमा बस्दैमा सबै यात्रु चालक हुँदैनन्। त्यो समयमा ट्रम्प र एलनमसजस्ता स्वार्थी, आत्म-केन्द्रित एवम् अहङ्कारी र अरुको भावना नबुझ्ने मानिस हुने छैनन्। त्यस समाजको बसले त्यस्ता व्यक्तिवादी प्राणीहरूलाई धेरै पछाडि छाडिसकेको हुन्छ। आज चीनमा हरेक देशका मानिस शिक्षा प्राप्त गर्छन् र क्युवाका चिकित्सकहरू हरेक देशमा भूकम्प वा बाढीजस्तो प्राकृतिक विपत्ति र कोरोना र अन्य ठुलठुला सङ्क्रमण हुने रोगीहरूको उपचार गर्न क्युवाली चिकित्सकहरू अफ्रिकी देशहरूमा, अन्य धेरै ल्याटिन अमेरिकी देशहरूमा पाकिस्तान र नेपालजस्ता एसियाली देशहरूमा वा संरा अमेरिकामा समेत सेवा र सहयोग गर्न पुगेका थिए। तर, त्यहाँको केन्द्रीय सरकारले 'सेतो कोट' लाई पत्याएन। संसारका अनेक महादेश र विभिन्न देशका दास र ज्यामी, लडाकु एवम् बुद्धिजीवीहरू गएर अमेरिकाको कृषि, उद्योग, व्यापार, स्वतन्त्रता सङ्घर्ष र अन्य सबै प्रकारका पेसामा लागेर रगत र पसिना नबगाएका भए आजको अमेरिकी समृद्धि हुने थिएन।

संरा अमेरिकी राष्ट्रपति ट्रम्पलाई अमेरिकी जनताको भावनालाई स्वीकार गर्ने साहस गरेनन्। तर, साँच्चै भन्ने हो भने सान्है थोरै व्यक्तिहरू मात्रै त्यहाँ बाँकी रहने छन् दुई सय वर्षपछि। वर्तमान नेपाल सरकारले कुनै एक देशको पछि नलागी पारदर्शितालाई अँगाल्नु युगसम्मत हुनेछ।

---

**कालो धन...**

देशबाट भ्रष्टाचार अन्त्य हुन्छ भन्ने होइन। भ्रष्टाचार अन्त्य गर्न भ्रष्टाचारविरोधी आन्दोलन गरिरहनुपर्छ। भ्रष्टाचारीमाथि कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ।

यो पुँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाजस्तै हुन्छ। भ्रष्टाचारको स्वाद चाखिसकेका उच्चपदस्थ व्यक्ति र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाइसकेका व्यक्तिहरूले के भ्रष्टाचार गर्ने बानी छोड्लान् ? विकास योजनामै धेरै भ्रष्टाचार हुन्छ। त्यसको लेखाजोखा कसले गर्ने ? त्यतातर्फ सरकारको ध्यान जाला कि नजाला ? राजनीतिक वृत्तमा चासोको विषय हुनु स्वाभाविक हो। जसरी भए पनि पैसा कमाउन राजनीतिमा लागेसम्म देशमा भ्रष्टाचार अन्त्य हुने छैन। दुई चार जना मन्त्रीहरू इमानदार हुँदैमा भ्रष्टाचार अन्त्य हुँदैन। देशको विभिन्न सरकारी निकायमा रहेका सबै उच्चपदस्थ व्यक्तिहरू इमानदार हुनुपर्छ; देश र जनताको सेवा गर्नुपर्छ भन्ने भावनाका साथ काम गर्नुपर्छ। हरेक सङ्घ संस्थाका जिम्मेवार व्यक्तिहरूले आ-आफ्नो जिम्मेवारी इमानका साथ पालना गर्नुपर्छ।

देशमा भ्रष्टाचार र अनियमितता बढेको हो। देश ऋणमा डुबेको हो। देशमा निर्यातभन्दा आयात बढेको हो। व्यापार घाटा भएको यथार्थ हो। देशका सबै उद्योगहरू सञ्चालनमा छैनन्। देशमा विदेशी प्रभाव बढेको हो; विदेशी दबाब बढेको हो। शासकहरू आर्थिक सहयोग र विकासको लोभमा फसेर देशघाती सन्धि सम्झौता भएको हो। विदेशी शक्ति राष्ट्रहरूले फेरि नेपालमा परेड खेल्ने प्रयास गरिरहेको पनि सत्य हो। सरकार देशलाई आत्मनिर्भर बनाउनेतर्फ नगइकन विदेशीको भरमा बसेसम्म देशको विकास होला भन्ने आशा गर्नु व्यर्थ नै हुन्छ। सरकारले हाल विचाराधीनमा रहेका मुद्दाहरूको प्रक्रिया अघि बढाएर सत्यतथ्यको खोजी गरेमा कति उच्चपदस्थ व्यक्तिहरू कारबाहीमा पर्ने छन्। आयोगले उनीहरूकै फाइलको छानबिन गरेर कारबाहीको थालनी भएमा धेरै कुरामा जनता सुसूचित हुनेछन् र जनताले थाहा पाउने छन्। भ्रष्टाचारीहरू सजायभागी हुनुपर्छ; निर्दोषहरू मुक्त हुनुपर्छ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३